काठमाडौं, नेपालगन्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक

दैनिक

**आर्थिक**
'अटो मोबाइल्स उद्योगमा १० वर्षको नीतिगत स्थिरता चाहिन्छ'

**समाचार**
बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगरले सोमबार प्रदेशसभाबाट विश्वासको मत लिन सकेनन् ।




**योजनामा संस्थागत अदूरदर्शिता**

दिगो विकास लक्ष्य हासिल गर्न सरकार र नागरिक समाजबिच औपचारिक, नियमित र प्रभावकारी सहकार्य आवश्यक छ ।

वर्ष १८, अंक १०७, पृष्ठ ८, मंगलबार, ९ भदौ २०८३, श्रावण शुक्लपक्ष त्रयोदशी, Tuesday, 25 August 2026, नेपाल संवत् ११४६, मूल्य- १०/- nagariknews.com




**अनिल मल्ल ठकुरी**
*काठमाडौं, भदौ ८*

एसियाली खेलकुदको २०औं संस्करण आउन एक महिनाभन्दा कम समय छ। त्यसैले अहिले नेपाली खेलाडी मैदानमा कडा मेहनतका साथ प्रशिक्षणमा छन् ।

हरेक चार वर्षमा आयोजना हुने एसियाली खेलकुद यसपल्ट जापानको नागोया/आइची सहरमा सेप्टेम्बर १९ देखि अक्टुबर ४ तारिखसम्म हुँदैछ। जसको प्रतीक्षामा नेपाली खेलाडी छन्। विश्वको सबैभन्दा ठुलो प्रतिस्पर्धा ओलम्पिक हो। तर त्यसमा नेपालका खेलाडीले अहिलेसम्म पदक जित्न सकेका छैनन् ।

अहिलेसम्म तीनजना खेलाडीले छनोट चरण पार गरी ओलम्पिक खेल्न सकेका छन् । यस्तो स्थितिमा ओलम्पिकमा पदक जित्नु नेपालीका लागि सपना जस्तै हुँदै आएको छ। पारालम्पिकमा भने पारा तेक्वान्दोकी पलेशा गोवर्धनले पदक जितेर इतिहास बनाइसकेकी छिन्। जुन इतिहास ओलम्पिकमा नेपाली खेलाडीले बनाउन सकेका छैनन्। नेपाली खेलाडीले एसियाली खेलकुदमा स्वर्ण नपाए पनि सफलता भने पाएका छन् ।

पदक जित्न सक्ने भएकाले पनि नेपाली खेलाडीका लागि एसियाली खेलकुद विशेष महत्त्वको रहँदै आएको छ। यसकारण पनि उनीहरूका लागि एसियाली खेलकुद सधैं प्रतीक्षाको आयोजना बन्ने गरेको छ। एसियाली खेलकुदको इतिहास सन् १९५१ मा भारतबाट सुरु भएको हो। त्यसयता झन्डै साढे सात दशकमा एसियाली खेलकुदका १९ वटा संस्करण पूरा भइसकेका छन्। अहिलेसम्म नेपालले स्वर्ण पदक जित्न भने सकेको छैन। तीन पटक नेपाली खेलाडी स्वर्ण पदक नजिक पुगे पनि असफल रहे। तेक्वान्दोकी सविता राजभण्डारी, करातेकी एरिका गुरुङ र टिम स्पर्धा पाराग्लाइडिङ स्वर्णनजिक पुगेका हुन्। एसियाली खेलकुदमा नेपालको सबैभन्दा ठुलो सफलता रजत पदकमा सीमित छ।

व्यक्तिगत स्पर्धामा दुई रजत र टिममा एक रजत नेपालले पाएको छ। जुन सन् १९९८ मा तेक्वान्दोकी सविता राजभण्डारीले दिलाएकी हुन्। त्यही सफलता दोहोर्‍याउन नेपालले दुई दशक पर्खनु पर्‍यो। सन् २०१८ मा इन्डोनेसियामा भएको खेलमा त्यही सफलता दोहोरियो। पाराग्लाइडिङको टिम क्रस कन्ट्रीमा नेपाली पुरुष टोली (विमल अधिकारी, विजय गौतम, सुशील गुरुङ, युकेश गुरुङ र विशाल गुरुङ) ले देशलाई अर्को सफलता दिलाए। सन् २०२२ मा चीनमा आयोजित १९औं संस्करणमा ६६ केजी तौल समूहमा करातेकी एरिका गुरुङले स्वर्ण पदकको आशा दिलाए पनि फाइनलमा उनी कजाखस्तानकी सोफिया बेरुल्स्तेभासँग पराजित हुन पुगिन्। यससँगै तेस्रोपल्ट नेपाल स्वर्णनजिक पुगेर पनि चुक्यो।

बाँकी पृष्ठ २

# संघीय कानुन निर्माणमा 'जालझेल'

**ईश्वरी सुवेदी**
*काठमाडौं, भदौ ८*

नेपालको संविधान जारी भएको एक दशक पूरा भइसक्दा पनि संघीयता कार्यान्वयनसँग जोडिएका मुख्य विधेयकहरू अझै टुंगोमा पुग्न सकेका छैनन्। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको वर्तमान सरकारले घोषणा गरेका १६६ विधेयक सूचीमा संघीयतासँग प्रत्यक्ष जोडिएका महत्त्वपूण विधेयकहरू प्राथमिकतामा छैनन् । सरकारले १६६ वटा विधेयकलाई तीन चरण (पहिलो चरण साउन-कात्तिक, दोस्रो चरण मंसिर-फागुन, तेस्रो चरण चैत-असार) मा सदनमा प्रस्तुत गर्नेगरी विभाजन गरेको छ। सूचीमा संघीयता कार्यान्वयनमा बल पुर्‍याउने अर्थतन्त्रसँग सम्बन्धित विधेयक छैनन् ।

संघीय निजामती सेवा, नेपाल प्रहरी, सशस्त्र प्रहरी, विद्यालय शिक्षा, वन, स्वास्थ्य जस्ता संघीयता सुदृढ बनाउने ऐन निर्माणमा भएको ढिलाइले सुरक्षालगायत कानुन बन्न नसक्नुले संघीयता कमजोर बनिरहेको उनी बताउँछन् ।

विज्ञहरूका अनुसार गैरआवासीय नेपालीसँग सम्बन्धित खण्डित र छरिएको कानुनलाई एकीकृत गरी नागरिकता, सम्पत्ति अधिकार, कर छुट र लगानी प्रक्रियालाई एउटै बनाउनुपर्ने आवश्यकता छ। मूलतः राजस्व बाँडफाँटमा स्पष्टता, लगानीको सुरक्षा र सुनिश्चितता, प्रदेशहरूलाई आर्थिक रुपमा सबल बनाउन सके समग्र वित्तीय संरचना बलियो हुन्छ। त्यसैले यससम्बन्धी कानुनमा ध्यान दिनुपर्ने विज्ञको मत छ। राज्यका हरेक निकायमा महिलाको ३३ प्रतिशत उपस्थितिको हक सुनिश्चितता संविधानले गरेको हो। यो हक व्यवहारमा लागु गर्ने थलो र स्थान संघीयताले उपलब्ध गराएको हो। त्यसैले 'संघीयताले महिलाको अधिकार सुरक्षित गर्‍यो' भन्नुभन्दा 'संघीयताले संवैधानिक रुपमा महिला हकलाई व्यवहारमा उतार्ने बाटो खोल्यो' भन्नु बढी सही हुन्छ।

> राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिको प्रतिवेदनअनुसार संविधान कार्यान्वयनका लागि चाहिने १८१ कानुनमध्ये ४० वटा मुख्य संघीय कानुन बन्न बाँकी हुँदा प्रदेशका २४ र स्थानीय तहका ६ वटा ऐन निर्माण हुनबाट रोकिएका छन् । सरकारले घोषणा गरेका १६६ वटाको सूचीमा संघीयतासँग प्रत्यक्ष जोडिएका महत्त्वपूण विधेयकहरू प्राथमिकतामा परेका छैनन् ।

संविधानअनुसार प्रदेश र स्थानीय तहले अधिकार उपभोग गर्न पाएका छैनन्। अधिकार केन्द्र सरकारमै सीमित हुँदा संघीयताको अनुभूति जनताले गर्न पाएका छैनन् ।

संविधानसभाबाट संघीय गणतान्त्रिक व्यवस्थासहितको संविधान २०७२ असोजमा जारी भएसँगै मुलुकमा सात प्रदेश बने, सात सय ५३ स्थानीय तह बने, प्रदेश र स्थानीय सरकार पनि बने, प्रदेश राजधानी र स्थानीय तहको केन्द्र तोक्ने काम भयो, राज्यका हरेक निकायमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व सुरक्षित भयो । तर संविधानले तोकेअनुसार संघीयतालाई सुदृढ बनाउने ऐनहरू नबनेको राष्ट्रियसभाका पूर्वसदस्य एवं कानुनविद् राधेश्याम अधिकारी बताउँछन् । अधिकारीका अनुसार संघीयताअनुसार प्रशासनिक र आर्थिक कानुन निर्माण नहुँदा संघीयताको अनुभूति जनताले गर्न पाएका छैनन्। संघीयता अनुसार जे जति संरचना बनेका छन् तिनलाई संघीयताको मर्मअनुरुप अघि बढाउन कानुनकै खाँचो देखिएको उनको भनाइ छ।

सरकार संघीय कानुनलाई प्राथमिकतामा राखेर अघि बढ्नुपर्ने उनको सुझाव छ। उनका अनुसार संघीयतालाई आर्थिक रूपमा बलियो बनाउन विदेशमा रहेका नेपालीले पनि नेपालमा लगानी गर्न मिल्ने गरी कानुन निर्माण हुनुपर्छ, विद्युत्सम्बन्धी छुट्टै कानुन बनाउनुपर्छ। एक दशकसम्म पनि संघीयतालाई बलियो बनाउने प्रशासनिक, वित्त, शैक्षिक, ऊर्जा, एक विश्लेषक प्रश्न गर्छन्, 'नेपालमा गैरआवासीय नेपालीको लगानी सुनिश्चित गर्ने विधेयक, विद्युत्सम्बन्धी विधेयक सरकारले घोषणा गरेका १६६ विधेयकको सूचीभित्र कहाँ छन् ?' सरकारले संघीय निजामती सेवाबाहेक प्रहरी, विद्यालय शिक्षालगायत संघीयतासँग जोडिएका विधेयकलाई तेस्रो प्राथमिकतामा राखेर पछाडि धकेलेको छ। कात्तिकसम्मको प्राथमिकतामा राखिएका संघीय निजामती सेवा विधेयक भदौको पहिलो साता सकिँदा पनि संसद्मा दर्ता भएको छैन।

राष्ट्रियसभामा नेपाली कांग्रेस संसदीय दलकी नेता कमला पन्त भन्छिन्, 'राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिले तयार पारेको १८१ वटा कानुनको सूचीमा ४० वटा तत्कालै बनाउनुपर्ने छन्। त्यसमा पनि संघीय निजामती सेवा, विद्यालय शिक्षा र प्रहरी विधेयकलाई प्राथमिकतामा राख्नुपर्छ भनिएको छ। मौलिक हकसम्बन्धी कानुन पनि अझै बन्न बाँकी रहेकाले सरकारले यसलाई प्राथमिकतामा राखेर १६६ विधेयकको तीन चरणको कार्यसूची सच्याउनुपर्छ।'

विज्ञहरूका अनुसार काठमाडौंकेन्द्रित शक्ति र अधिकार प्रदेशमा हस्तान्तरण गर्न उच्च राजनीतिक नेतृत्व र कर्मचारीतन्त्र तयार नहुनु नै यस्ता ऐन नबन्नुको मुख्य कारण हो। दुई पटक प्रतिनिधिसभाको राज्य व्यवस्था समितिबाट पारित हुँदा पनि संघीय निजामती सेवा विधेयकले ऐन रुप लिन सकेन।

बाँकी पृष्ठ २

# सवारीचालक अनुमतिपत्रमा फेरि सास्ती

**भुवन शर्मा**
*काठमाडौं, भदौ ८*

दुवै तहको परीक्षा पास गरी सवारीचालक अनुमतिपत्र (लाइसेन्स कार्ड) को पर्खाइमा रहेका सेवाग्राहीले साउन १ देखि फेरि सास्ती पाउन थालेका छन् । लाइसेन्स नवीकरण गर्न तथा लिखित र ट्रायल परीक्षाका लागि अनलाइन आवेदन फाराम भर्न, राजस्व बुझाउन, भरेको फाराम प्रमाणित गर्न पनि सर्भरमा समस्या उत्पन्न भएको छ। यसबाट सेवाग्राहीले थप मर्कामा परेको गुनासो छन् ।

यातायात व्यवस्था कार्यालय भक्तपुर राधेराधेका सूचना अधिकारी शारदप्रसाद दंगालले देशभरिका सबै यातायात व्यवस्था कार्यालयमा यातायात व्यवस्था विभागले लागु गरेको नयाँ सर्भरले काम नगरेको र साउनदेखि नै लाइसेन्स कार्ड छाप्ने काम पनि बन्द भएको बताए। 'साउन लागेदेखि नै नयाँ सर्भरमा समस्या आएको छ। हिजो (आइतबार) देखि त ठप्पै भएको छ,' दंगालले भने, 'सर्भर ठप्प हुँदा अनलाइन आवेदन लिनदिन, राजस्व बुझाउन तथा भरेको फाराम एप्रुभ गर्न समस्या भएको छ।' उनका अनुसार उक्त कार्यालयले हाल पहिले एप्रुभ भएका आवेदकलाई कापीमा हाजिरी गर्न लगाई लिखित तथा ट्रायल परीक्षा लिने काम गरिरहेको छ।' कार्यालयका एक कर्मचारीका अनुसार अहिले हरेक दिन दुईदेखि तीनहजार अनलाइन आवेदन स्वीकृत हुन बाँकी रहने गरेका छन्। जबकि एक दिनमा देशभरिका सबै यातायात कार्यालयमा करिब पाँच हजार अनलाइनबाट आवेदन भर्ने गरिएको छ। त्यसमध्ये दुईदेखि तीन हजार आवेदन पेन्डिङमा रहने गरेका छन् ।

यातायात व्यवस्था विभागले सवारीचालक अनुमतिपत्रलगायत यातायातसम्बन्धी सेवालाई अझै व्यवस्थित गर्ने उद्देश्यले नयाँ अनलाइन प्रणाली कार्यान्वयनमा ल्याएको हो ।

बाँकी पृष्ठ २

# सर्पदंशबाट ७० जनाको ज्यान गयो

**पवित्रा सुनार**
*काठमाडौं, भदौ ८*

देशका विभिन्न भागमा गत वैशाखयता एक हजार ४८ जना सर्पदंशमा परेका छन् । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको तथ्यांकअनुसार सर्पले डसेकामध्ये ७० जनाको मृत्यु भएको छ।

गत आर्थिक वर्ष (२०८२/८३) मा १० हजार १४४ जनालाई सर्पले डसेको तथ्यांक छ। आर्थिक वर्ष २०८१/८२ मा यो संख्या ८ हजार ११८ थियो। आर्थिक वर्ष २०७९/८० मा ९ हजार १२० जनालाई सर्पले डसेको अभिलेख छ। गत आर्थिक वर्षमा सबैभन्दा बढी कोसी प्रदेशमा दुई हजार ९८३ जना सर्पदंशमा परेका थिए। यो सरकारी तथ्यांक मात्र हो।

बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका नेफ्रोलोजिस्ट तथा सर्पदंश विज्ञ प्राध्यापक डा. सञ्जीव शर्माका अनुसार नेपालमा सर्पले डस्नेको संख्या सरकारी अभिलेखभन्दा बढी भएको बताउँछन्। प्राध्यापक शर्माका



अनुसार सर्पदंशका कारण अस्पतालबाहिर हुने मृत्युको तथ्यांक अस्पतालसँग हुँदैन । अन्य निकायले पनि राखेका हुँदैनन्। कतिपय घरेलु उपचारमा अल्झिएका हुन्छन्। यसकारण सर्पदंशबाट प्रभावित संख्या सरकारी तथ्यांकभन्दा दोब्बर हुन सक्ने उनको अनुमान छ। सन् २०२२ मा भएको बृहत् सर्वेक्षणअनुसार नेपालमा प्रतिवर्ष ३० हजार जनामा सर्पदंश हुन्छ। जसमध्ये करिब ३ हजार जनाको मृत्यु हुन्छ।

बाँकी पृष्ठ २

# रोकियो भिआइपीको लर्को !

**सन्तोष पोखरेल**
*पोखरा, भदौ ८*

पोखरा-काठमाडौं हवाई रुटबाट राजनीतिक दलका नेता, मन्त्री, उच्च पदस्थ अधिकारी, उनीहरू निकट व्यक्ति तथा व्यवसायीको नियमित आउजाउ घटेपछि हवाई कम्पनीको अकुपेन्सीमा असर परेको छ। यस्तो यात्रामा हुने सरकारी खर्च पनि घटेको व्यवसायीको भनाइ छ।

पोखरा-काठमाडौं-पोखरा उडान गर्दै आएको हवाई कम्पनीका एक उच्च अधिकारीका अनुसार विगतमा यस रुटको कुल अकुपेन्सीको करिब १५ प्रतिशत हिस्सा राजनीतिक दलका नेता, मन्त्री, कार्यकर्ता, व्यवसायी तथा स्वार्थ समूहसँग सम्बन्धित यात्रुले ओगट्थे। कतिपय अवस्थामा यो हिस्सा अझ बढी हुने गरेको ती अधिकारी बताउँछन् ।

पर्यटकीय सहर पोखरामा हुने उद्घाटन, शिलान्यास तथा विभिन्न औपचारिक कार्यक्रममा सहभागी हुन मन्त्री र उच्चपदस्थ अधिकारी काठमाडौंबाट आउने क्रम बाक्लो हुन्थ्यो। उनीहरूसँगै कार्यकर्ता, सहयोगी र निकट व्यक्तिसमेत आउने भएकाले विमानस्थलदेखि कार्यक्रमस्थलसम्म चहलपहल हुन्थ्यो। कतिपय अवस्थामा मन्त्रीलाई स्वागत तथा बिदाइ गर्न विमानस्थलमै ठुलो भिड लाग्थ्यो।

> केही समययता उद्घाटन, शिलान्यास तथा विभिन्न कार्यक्रममा सहभागी हुन मन्त्री र उच्चपदस्थ अधिकारी काठमामाडौंबाट पोखरा आउने क्रम निकै घटेको छ।

यस्तो आउजाउबाट हवाई कम्पनी र होटल व्यवसायीले प्रत्यक्ष रूपमा लाभ लिँदै आए पनि राज्यकोषबाट हुने खर्चबारे भने खासै बहस हुने गरेको थिएन। एकजना मन्त्री पोखरा आउँदा होटलमा कम्तीमा पाँचवटा कोठा बुक हुने र खानपिन तथा अन्य व्यवस्थापनमा समेत सरकारी वा आयोजकको खर्च हुने गरेको व्यवसायी बताउँछन् ।

वर्तमान सरकार बनेपछि भने मन्त्री, राजनीतिक दलका नेता तथा उच्चपदस्थ पदाधिकारीको पोखरा आउजाउ उल्लेख्य रूपमा घटेको छ। उनीहरूलाई भेट्न काठमाडौं जाने व्यवसायी तथा राजनीतिक कार्यकर्ताको संख्यामासमेत कमी अएको हवाई व्यवसायीको भनाइ छ। यसले हवाई कम्पनी र होटलको कारोबारमा केही असर पारे पनि अनावश्यक यात्रा तथा सरकारी खर्च घटेको उनीहरूको बुझाइ छ।

'मन्त्रीको आउजाउ, मन्त्रीलाई भेट्न काठमाडौंसम्म जाने स्वार्थ समूह, दलका नेता तथा उच्चपदस्थ पदाधिकारी निकट व्यक्तिको यात्रा रोकिँदा कम्तीमा १५ प्रतिशत अकुपेन्सी प्रभावित भएको छ,' ती अधिकारीले भने, 'पहिले मन्त्रीलाई लिन र छाड्न विमानस्थलमा ठुलो भिड हुन्थ्यो। अहिले ती गतिविधि रोकिएका छन्। हवाई कम्पनीको आम्दानी कम भए पनि राज्यको ढुकुटी भने केही बचेको छ, बलियो बनेको छ।'

बाँकी पृष्ठ २

संकटमा हिमाल

# घट्दै हिउँ, पग्लँदै हिमनदी

**श्रीराम सुवेदी**
*काठमाडौं, भदौ ८*

बढ्दो तापक्रम, घट्दो हिमपात, तीव्र गतिमा भइरहेको हिमनदीको क्षय, अत्यधिक मनसुनी बाढी र हिमताल विस्फोटको जोखिमका कारण हिन्दकुश हिमाल क्षेत्र संकटपूर्ण चरणमा प्रवेश गरेको छ। इसिमोडले हालै प्रकाशित गरेको वार्षिक प्रतिवेदन-२०२५ अनुसार जलवायुजन्य संकटका कारण हिमालबाट बग्ने नदीमा निर्भर करिब दुई अर्ब मानिस पानी, खाद्य र ऊर्जा सुरक्षाको गम्भीर जोखिममा छन् ।

प्रतिवेदनमा २०२५ लाई हिमाली क्षेत्रमा देखापरेको जलवायु जोखिमलाई सामान्य घटनाका रूपमा मात्र हेर्न नसकिने भनिएको छ। १२ वटा प्रमुख नदीको जलाधार (बेसिन) क्षेत्रमा अभूतपूर्व न्यून हिमपात, तीव्र मनसुनी बाढी र हिमताल विस्फोटबाट जनधन र पुस्तौं



लगाएर निर्माण गरिएका पूर्वाधारमा पुगेको क्षतिले हिमाली समुदायको बढ्दो जोखिम उजागर गरेको प्रतिवेदनमा उल्लेख छ।

'हिन्दकुश हिमाल क्षेत्रमा जलवायु तथा वातावरणीय जोखिम निरन्तर बढिरहेको छ। सन् २०२५ ले यो वास्तविकतालाई अझ स्पष्ट पारेको छ,' इसिमोडका महानिर्देशक पेमा ग्याम्त्सोले प्रतिवेदनमा भनेका छन् ।

बाँकी पृष्ठ २

# सवारीचालक अनुमतिपत्रमा सास्ती

पृष्ठ १ बाट

गत साउन १ गतेदेखि लागु भएको नयाँ प्रणालीबाट लाइसेन्सका लागि नयाँ फाराम भर्न तथा विवरण अद्यावधिक गर्न सकिने व्यवस्था गरिएको छ। नयाँ प्रणालीमा अनलाइन आवेदन फाराम भर्दा राष्ट्रिय परिचयपत्र, आफ्नै नाममा रहेको मोबाइल नम्बर तथा इमेल आइडी अनिवार्य राख्नुपर्छ।

सर्भर अपग्रेड (अद्यावधिक) र नयाँ प्रणाली लागु गर्न देशभरिका यातायात व्यवस्था कार्यालयमा साउन १ गतेदेखि तीन सातासम्म लाइसेन्ससम्बन्धी सबै सेवा ठप्प गरिएको थियो। साउन तेस्रो साताबाट सेवा सञ्चालनमा त आयो तर सर्भर पटकपटक डाउन हुने तथा सर्भर नचल्ने समस्या उत्पन्न भएको छ। यसबाट अनलाइन आवेदन फाराम भरेका सेवाग्राहीको अनलाइन आवेदनसमेत प्रमाणित हुन सकेको छैन। अनलाइन आवेदन फाराम भर्न पनि समस्या भएको छ।

'यसबाट सेवाग्राहीले झनै सास्ती भोग्न थालेका छन्। अनलाइन आवेदन एप्रुभ हुन सकेको छैन, लिखित तथा मौखिक परीक्षा हुन सकेको छैन। सेवाग्राहीले लाइसेन्स कार्डसमेत पाउन सकेका छैनन्,' सेवाग्राही रविन बुढाथोकीले भने। उनका अनुसार साउन १ गतेदेखि लाइसेन्स परीक्षाका लागि अनलाइन फाराम भर्न राष्ट्रिय परिचयपत्रसँग एकीकृत गर्नुपर्ने व्यवस्था लागु भए पनि अनलाइन निवेदनमा राष्ट्रिय परिचयपत्र पुष्टि हुन सकेको छैन। यसबाट सेवाग्राहीले अर्को दुःख भोगेका छन्। हाल देशभरि ४२ वटा यातायात व्यवस्था कार्यालयले लाइसेन्ससम्बन्धी सेवा प्रदान गरिरहेका छन्।

विभागले लागु गरेको नयाँ सर्भर तथा नयाँ प्रणालीमा समस्या आएको मान्न विभागका महानिर्देशक राजीव पोखरेल सहमत छैनन्। नयाँ सर्भरमा समस्या नआएको उनले दाबी गरे। 'मैले सबै कार्यालयमा बुझिरहेको छु। कहीं समस्या देखिएको छैन। सर्भर चलिरहेको छ,' उनले भने।

**लाइसेन्स छपाइ ठप्प**

साउनदेखि यातायात व्यवस्था विभागले लाइसेन्स कार्ड छाप्नेसम्बन्धी सबै अधिकार प्रदेश सरकारअन्तर्गत प्रदेश यातायात कार्यालयलाई दिएको छ। लाइसेन्स कार्डका लागि परीक्षा लिन तथा कार्ड छाप्ने र कार्ड वितरण गर्ने अधिकार प्रदेश सरकारलाई नै छ। साउनदेखि उक्त अधिकार सबै प्रदेश सरकारले लिएका छन्। 'गत साउन १ गतेदेखि सबै प्रदेश सरकारले लाइसेन्स कार्ड सुरक्षण मुद्रण विभागमा छाप्ने सहमति भएको थियो। जसअनुसार मधेस प्रदेश सरकारले मात्र लाइसेन्स कार्ड छाप्न सुरक्षण मुद्रण विभागसँग सम्झौता गरेको छ तर अन्य प्रदेशले कार्ड छाप्न प्रक्रिया अघि बढाएका छैनन्,' महानिर्देशक पोखरेलले भने, 'हामीले गत असार मसान्तसम्मको सबै बक्यौता छापिसकेका छौं। विभागमा कार्ड छाप्न बाँकी एउटा पनि छैन।' उनका अनुसार साउनदेखि देशभरि करिब डेढ लाख सेवाग्राही सवारीचालक अनुमतिपत्रको प्रतीक्षामा छन्। 'हामीले ३२ लाख कार्ड छापेर बाँडिसकेका छौं। कार्ड छाप्ने जिम्मेवारी अब प्रदेश सरकारलाई दिएका छौं।' तर विभिन्न कारण देखाएर प्रदेश सरकारहरूले सुरक्षण मुद्रण विभागसँग लाइसेन्स कार्ड छाप्न सम्झौता गरेका छैनन्। यसबाट सेवाग्राहीले पहिले जस्तै फेरि सास्ती भोग्न थालेका छन्।

# सर्पदंशबाट ७० जनाको मृत्यु...

पृष्ठ १ बाट

शर्माका अनुसार नेपालमा बढी मात्रामा गरिब र किसान वर्ग सर्पदंशबाट प्रभावित भएको अध्ययनले देखाएका छन्। घाँस, दाउरा गर्न जाने, खेतबारीमा काम गर्ने किसान, मजदुर, गरिब सर्पको डसाइमा पर्ने गरेको उनी बताउँछन्। उनीहरू बस्ने घर र काम गर्ने स्थल सर्पदंशका हिसाबले जोखिमयुक्त छन्।

विशेषगरी तराईका जिल्लामा भुइँमा सुत्ने, घाँस-दाउरा गर्न जंगल जाने, झुलबिना सुत्ने र कच्ची घरमा बस्ने नै सर्पदंशको बढी मारमा छन्। गोठमा काम गर्दा, पराल निकाल्दा, दाउरा निकाल्दा पनि सर्पदंश हुन्छ। खेतबारीमा काम गर्दा सावधानी नअनाउँदा पनि सर्पदंशमा परिन्छ। मुसाको वा कुनै पनि दुलो, घाँस, दाउराभित्र सर्प बस्छ। पानी परेका बखत ओभानो र र खानाको खोजीमा सर्प घरभित्र पस्छ।

शर्माका अनुसार तराई भेगमा करेत र गोमन प्रजातिका अतिविषालु सर्प पाइन्छन्। यी सर्पको डसाइबाट मानिसको मृत्युसम्म हुन्छ। विषालु सर्पले डसेको मानिसलाई एक घण्टाभित्र उपचार केन्द्रमा पुर्‍याएमा एन्टिभेनम औषधि दिएर बचाउन सकिने उनी बताउँछन्। धेरैजसो मानिसमा सर्पदंश उपचार केन्द्रमा पुग्दैनन्, पुगे पनि ढिलो पुग्छन्। उपचार केन्द्रमा पुग्न ढिला हुँदा ज्यान जान्छ। 'सर्पले डसेको एक घण्टाभित्र उपचार केन्द्रमा पुग्नुपर्छ, ढिलो भएमा विषले शरीरका नसा निस्क्रिय बनाउँछ र मृत्यु हुन्छ', शर्मा भन्छन्। सर्पले टोकेपछि आत्तिएर टोकेको भन्दा माथिको भाग बेस्सरी बाँध्दा, आफूखुशी उपचार गर्दा पनि ज्यान तलमाथि पर्न सक्छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका प्रकोप व्यवस्थापन संयोजक डा. अमृत पोखरेलका अनुसार सर्पदंशबाट मृत्यु हुनेमा धेरैजसो उपचारमा ढिला पुग्ने र जनचेतना कमी भएको समुदायका छन्।

सरकारले देशका विभिन्न एक सय स्थानमा सर्पदंश उपचार केन्द्र विस्तार गरेको छ। त्यसमा जनचेतनामूलक अभियान पनि छ। जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, प्रादेशिक अस्पताललगायतमा सर्पदंशको उपचार हुन्छ। सरकारी स्तरमा बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमार्फत तराईका पाँच वटा भाषामा जनचेतनासम्बन्धी कार्यक्रम स्थानीय सञ्चारमाध्यमबाट प्रचारप्रसार भइरहेको छ।

**गोलिया काठ र दाउरा लिलाम बिक्री सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०९

श्री मनकामना सामुदायिक वनको स्विकृत बन व्यवस्थापन कार्यायोजना अनुसार आ.व. ०८२/०८३ मा उत्पादन भई यस समूहको घाटगद्धिमा राखिएको पुनरुत्पादन कटान, व्याकलग कटान, ढलापडा रुखहरु र सुधार कटानका रुखहरुको संकलनबाट उत्पादन भएका साल तथा अन्य जातहरुको काठ गोलिया थान ४२४६ को ३२१२७.२१ घ.फि.र साल तथा अन्य जातको २०x५x५ को दाउरा ४१.५ चट्टा जहाँ जे जस्तो अबस्थामा छ सोहि अबस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। रित पुगेका वन पैदावारमा आधारित (काठ/दाउरा) इच्छुक उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र फारम खरिद गरि २२ औं दिन दिउसो १२:०० भित्र प्रत्येक लटको छुट्टाछुट्टै शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि बिस्तृत जानकारीको लागि यस समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

**श्री मनकामना सामुदायिक वन उपभोक्ता समुह**

वाणगंगा न.पा. १ र २, कपिलवस्तु, फोन नं.: ९८४७०८३१०४, ९८५७०५४८२३

# वर्गीकृत विज्ञापन/डिस्प्ले

**VACANCY ANNOUNCEMENT KOHALPUR**

1. Regional Centre ECHS Nepal, Defence Wing, Embassy of India invites applications for the following posts at ECHS Polyclinic, Kohalpur:
(i) Nursing Asst - 03
2. For qualification, work experience, salary, terms & conditions and other details, see website www.indembkathmandu.gov.in
3. Applications to be submitted at the following address till **11 Sep 2026**.

**Assistant Military Attaché (ECHS), Regional Centre, ECHS Nepal**
**Embassy of India, Kathmandu.**
**Phone : 01-4430520**
Email: amaechs.kathmandu@mea.gov.in

**माईग्रेशन सर्टिफिकेट हरायो**

मिति २०८२/०१/२० गतेको दिन बानेश्वरदेखि बल्खुसम्म जाँदै गर्दा मेरो निम्न व्यहोरा भएको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यलय वा तल उल्लेखित ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
**नाम : दिपेन्द्र लामिछाने**
**क्याम्पस: पश्चिमान्चल क्याम्पस, पोखरा**
**त्रिवि दर्ता नं. (T.U. Regd. No.): 3-1-45-40-2007**
**क्रम संख्या (Serial No.): 135226**
**सम्पर्क नम्बर: +९७७-९८५१०८००२३**

**वर्गीकृत डिस्प्ले**

**कलर प्रति बक्स**
१X५ = रू.१८००/-* मात्र
१X१० = रू.४०००/-* मात्र

**श्याम/श्वेत प्रति बक्स**
१X५ = रू.१२५०/-* मात्र
१X१० = रू.२८००/-* मात्र

*मू.अ.क. बाहेक

मार्केटिङ विभागः ४२६५१०० एक्सटेन्सन ३१२
email: classified@nagariknews.com

# संघीय कानुन निर्माणमा 'जालझेल'

पृष्ठ १ बाट

पहिलो पटक समितिबाट पारित भएर प्रतिनिधिसभामा पेस भएको यो विधेयक संसद् विघटन भएसँगै अलपत्र पर्‍यो भने संसद् पुनर्स्थापनापछि २०७८ असोजमा सरकारले नै फिर्ता लियो। दोस्रो पटक संघीय निजामती सेवा विधेयक समिति र प्रतिनिधिसभाबाट पारित भएर सन्देशसहित राष्ट्रियसभामा पुगेको थियो। विधेयक राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिमा छलफलमा रहेकै बेला जेनजी आन्दोलनको बलमा प्रतिनिधिसभा विघटन भएसँगै निष्क्रिय बन्न पुग्यो।सघीय निजामती सेवा विधेयकमा राखिएका प्रदेश सचिव र सिडिओ कसको मातहत रहने, दलीय ट्रेड युनियन रहने वा नरहने, सेवा प्रवेश र वृत्ति विकास, कुलिङ पिरियडको प्रावधान बढि विवादित बन्दै आएका छन्।

संसद्ले प्रहरी समायोजन ऐन, २०७६ र नेपाल प्रहरी तथा प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ पास गरिसकेको थियो। यसलाई कार्यान्वयन गराउने मूल 'नेपाल प्रहरी र सशस्त्र प्रहरी बल संशोधन विधेयक' गत वर्ष जेनजी आन्दोलनअघिको सरकारले संसद्मा दर्ता गराएको थियो। यी विधेयक प्रतिनिधिसभाको राज्य व्यवस्था समितिमा पुगेर छलफल चरणमा थिए। मुख्यगरी, उपत्यका (काठमाडौं, भक्तपुर, ललितपुर) को शान्ति सुरक्षा कसको मातहत राख्ने भन्नेमा मतभेद छ। यसलाई संघीय प्रहरी (काठमाडौं उपत्यका प्रहरी कार्यालय) कै मातहत राख्ने कि बागमती प्रदेश प्रहरी मातहत लैजाने भन्ने विवाद छ। प्रदेश प्रहरी प्रमुख (डिआइजी) को सरुवा र मूल्यांकन गर्ने अधिकार संघीय गृह मन्त्रालयले आफ्नै हातमा राख्न खोजेको छ। यसमा प्रदेश सरकारहरूको चर्को विरोध छ।



विद्यालय शिक्षासम्बन्धी विधेयक अड्किनुका पछाडि पनि विभिन्न कारण छन्। विद्यालय शिक्षा विधेयकमा शिक्षकको व्यवस्थापन, अस्थायी र राहत शिक्षकको आन्तरिक प्रतिस्पर्धा, विद्यालयको स्वामित्व र गुठी, निजी विद्यालयको छात्रवृत्ति तथा शुल्क नियमन, सरुवा तथा कार्यसम्पादन मूल्यांकनको अंकभार र स्थानीय तहको अधिकार क्षेत्रजस्ता विषयमा मुख्य विवाद र बहस छ। माध्यमिक तह (कक्षा १२) सम्मको शिक्षाको अधिकार संविधानको अनुसूची-८ अनुसार स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र पर्छ। प्रतिनिधिसभामा दर्ता भएपछि यो विधेयक प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा धेरै पटक छलफल भएर अन्तिममा चरणमा पुगेको थियो। सोही बेला भएको जेनजी आन्दोलबाट प्रतिनिधिसभा विघटन भएपछि विधेयक पनि निष्क्रिय भयो। राहत, करार, बाल विकास र स्थायी शिक्षकका माग (स्थायी प्रक्रिया, सरुवा, पेन्सन) लाई लिएर काठमाडौंकेन्द्रित शिक्षक आन्दोलन भयो, जसले विधेयकको मस्यौदा संशोधन गर्न बाध्य पार्‍यो। निजी विद्यालयहरूलाई ५ वर्षभित्र गुठीमा लैजाने प्रारम्भिक मस्यौदाको प्रावधानविरुद्ध निजी शिक्षण संस्थाका सञ्चालकले कडा विरोध जनाए। शिक्षकहरूको व्यवस्थापन संघीय सरकार वा जिल्ला शिक्षा (शिक्षा विकास तथा समन्वय एकाइ) मातहत राख्ने प्रयास गर्दा स्थानीय तहका जनप्रतिनिधिले संवैधानिक अधिकार खोस्न खोजिएको भन्दै आपत्ति जनाए। जसबाट शिक्षक व्यवस्थापनमा संघ-स्थानीय तहबिचको तानातान देखिन्छ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी र शिक्षा विधेयकलाई तेस्रो चरणमा राखिएकाले प्रदेशहरू अझै लामो समय अधिकारविहीन बन्ने जोखिम बढेको छ। राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिको अध्ययन प्रतिवेदनअनुसार संविधान कार्यान्वयनका लागि चाहिने १८१ कानुनमध्ये ४० वटा मुख्य संघीय कानुन बन्न बाँकी हुँदा प्रदेशका २४ र स्थानीय तहका ६ वटा ऐन रोकिएका छन्। विधेयकहरूको औचित्य पुष्टि गरी तेस्रो प्राथमिकताका विधेयकलाई पहिलो प्राथमिकतामा सारेर 'फास्ट ट्र्याक' बाट पारित गराउनेतर्फ सरकार अघि नबढेसम्म समस्या समाधान नहुने विश्लेषकहरूको ठहर छ। चालु आर्थिक वर्षमा सदनमा १६६ वटा विधेयक पेस गर्ने महत्त्वाकांक्षी लक्ष्यसहित सरकारले जारी गरेको प्राथमिकता सूचीको पहिलो चरण (साउन-कात्तिक) मा ६४ वटा, दोस्रो चरण (मंसिर-फागुन) मा ४५ वटा, तेस्रो चरण (चैत-असार) मा ५७ वटा विधेयक छन्।

# ऐतिहासिक...

यसपल्ट जापानमा हुने एसियाली खेलकुदमा पनि स्वर्ण पदकको आशा उनै एरिकाबाट गरिएको छ। हुन त अन्य खेलाडीले पनि त्यो सफलता दिलाउन सक्छन्। तर एरिकाले पछिल्ला वर्ष अन्तर्राष्ट्रिय प्रतियोगिता पाएको सफलताले धेरैको आशा उनीमा छ। एसियाली खेलकुदको २०औं संस्करणका लागि झन्ड दुई वर्षदेखि तयारी भएको छ। पहिलोपल्ट यति लामो समयदेखि तयारी गरिएको हो। त्यसैले पनि अघिल्ला संस्करणको तुलनामा यस पटक नयाँ इतिहास बन्ने आशा राखिएको छ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का पूर्वसदस्यसचिव टंकलाल घिसिङले स्वर्णसहित दोहोरो अंकमा पदक ल्याउने लक्ष्यसहित दुई वर्षअघि मिसन २०२६ को नामबाट एसियाली खेलकुद प्रशिक्षण सुरु गराएका थिए। पदक दिलाउँदै आएका खेल र सम्भावना देखिएको करिब १० खेलका खेलाडी लामो समयदेखि प्रशिक्षणमा छन्।

२०औं एसियाली खेलकुदमा नेपालबाट २२ खेलमा १ सय ३६ खेलाडीले सहभागिता जनाउँदै छन्। ८० पुरुष र ५६ महिला गरी १३६ खेलाडी सहभागी हुने तयारी छ। प्रशिक्षक संख्या ३२ छ।

नेपाली कराते टोलीका प्रशिक्षक मण्डेकाजीले १९औं एसियाली खेलकुदमा रजत पदक जितेकी एरिका गुरुङ स्वर्ण पदकको लक्ष्यसहित अगाडि बढिरहँदा कातामा पनि पदक जित्ने लक्ष्यसहित प्रशिक्षणमा रहेको बताउँछन्। 'यसपल्ट धेरै अगाडिदेखि तयारी भएको छ। नियमित प्रदर्शन र एरिकाको एकपछि अर्को सफलताले हामी सबैलाई प्रोत्साहित गरेको छ,' प्रशिक्षक मण्डेकाजी भन्छन्। एसियाली खेलकुदको ७५ वर्षको यात्रामा नेपालले तीन रजत र २३ कांस्य सहित २६ पदक जितेको छ। तेक्वान्दो, कारते, बक्सिङ, पाराग्लाइडिङ र कबड्डीमा मात्र यी पदक प्राप्त भएको हो।

सबैभन्दा धेरै (एक रजत र १४ कांस्य) पदक जितेको नेपाली तेक्वान्दोले पछिल्ला चार संस्करणमा खराब प्रदर्शन गर्दै आएको छ। एक समय नेपालको सबैभन्दा सफल खेल तेक्वान्दो यसपल्ट छनोट चरण पनि पार गर्न असफल रह्यो। तर वाइल्ड कार्डको साहारामा तीन खेलाडी खेल्दैछन्। तेक्वान्दोपछि बक्सिङले ६ कांस्य पदक जितेको छ। पछिल्लो पल्ट ग्वाङझाउ एसियाडमा दीपक महर्जनले बक्सिङमा पदक दिलाएका थिए। उनै दीपक अहिले टोली प्रशिक्षकका रूपमा जापानमा हुने एसियाली खेलकुदमा जाँदैछन्। उनको प्रशिक्षणमा रहेको टोलीमा चन्द्र थापा सबैभन्दा आशा गरिएको खेलाडी हुन्। उनले गत वर्ष युएईमा आयोजित आइबा विश्व बक्सिङ च्याम्पियनसिपमा कांस्य पदक जितेका थिए। एसियाली खेलकुदमा पनि चन्द्रले सोही पदक दिलाउने आशा गरिएको छ। राखेप टिम तयारी समितिका उपनिर्देशक दीपक श्रेष्ठ खेलाडीका पछिल्ला नतिजा र मिसन २६ अन्तर्गत लामो तयारीका कारण यसपल्ट धेरै पदक जित्नेमा आशावादी भएको बताउँछन्। 'हामी आशावादी हुनैपर्छ। विगतमा राम्रो तयारी नहुँदा पनि हामी आशावादी थियौं। यसपल्ट केही नयाँ र फरक भएको छ। तर यो नै पर्याप्त तयारी भने होइन। पछिल्ला समय खेलाडीको अन्तर्राष्ट्रिय सफलता र मिसन २०२६ को तयारीले गर्दा हाम्रो मिसन पूरा हुन्छ भन्नेमा हामी आशावादी छौं।'

करिब १८ महिनाको तयारी र मिसन २०२६ अन्तर्गत लामो तयारीबाट नेपाल यसपल्ट ऐतिहासिक स्वर्णसहित दोहोरो अंकमा पदक ल्याउनेमा विश्वस्त छ। तर ४५ राष्ट्रका ११ हजार बढी खेलाडी सहभागी हुने एसियाली खेलकुदमा पदक जित्न सहज भने हुने छैन।

# रोकियो...

ती अधिकारीका अनुसार विगतमा उच्चपदस्थ व्यक्तिको यात्राका कारण नियमित उडान सञ्चालनमा समेत विभिन्न किसिमका व्यवस्थापन चुनौती आउने गरेका थिए। कतिपय अवस्थामा उनीहरूलाई पर्खिनुपर्ने अवस्था आउने गरेको तर अहिले त्यस्तो झन्झट हटेको छ। होटल व्यवसायी पनि पछिल्लो समय मन्त्री तथा उच्चपदस्थ पदाधिकारीको आवागमन घटेको स्वीकार गर्छन्। माउन्ट कैलाश रिसोर्टका सञ्चालक नरेश भट्टराईका अनुसार विगतमा एक जना मन्त्री पोखरा आउँदा कम्तीमा पाँचवटासम्म कोठा बुक गर्नुपर्ने अवस्था थियो। कतिपय अवस्थामा होटलमा कोठा व्यवस्थापन गर्नसमेत समस्या हुने गरेको उनी स्मरण गर्छन्। 'अहिले त्यस्तो अवस्था छैन। कार्यक्रमहरू भइरहेका छन् तर पहिलेजस्तो तामझाम छैन,' भट्टराईले भने, 'अहिले सामान्य ढंगले कार्यक्रम हुन्छन्।'

भट्टराईका अनुसार व्यवसायीहरू पनि समस्या वा गुनासो लिएर मन्त्री तथा उच्चपदस्थ अधिकारीलाई भेट्न काठमाडौं जाने क्रम घटेको छ। 'केही रिक्तता भने देखिएको छ तर कामका लागि मन्त्री वा उच्चपदस्थ पदाधिकारीलाई भेट्नैपर्ने अवस्था नआउने हो भने समस्या पर्दैन,' उनले भने। विगतमा भिआइपीसँगै आउने ठुलो समूहका कारण व्यवसायीले समेत अतिरिक्त व्यवस्थापनको झन्झट बेहोर्नुपरेको थियो। एक व्यवसायीका अनुसार मन्त्री पोखरा आउँदा उनलाई भेट्न आउने आसेपासेसहितको भिड लाग्ने र त्यसको व्यवस्थापनमा आयोजक तथा व्यवसायीले ठुलो खर्च गर्नुपर्ने अवस्था थियो।

एकजना मन्त्री आउँदा ५० जनाभन्दा बढीको भिड लाग्थ्यो। त्यसको खर्च हिसाबसमेत सहज थिएन। अहिले त्यस्तो चाप छैन,' ती व्यवसायीले भने। होटल संघका केन्द्रीय सदस्य भरतराज पराजुलीका अनुसार उद्घाटन र शिलान्यासका नाममा हुने भिआइपीको अनावश्यक आवागमनले राज्यमाथि आर्थिक भार थप्दै आएको थियो। अहिले यस्तो खर्चमा केही कटौती भएको उनको भनाइ छ।

**युगवाणी बचत तथा ऋण सहकारी संस्था लि**
**चन्द्रागिरि-०७, महादेवस्थान, काठमाडौं**

**१७ औं वार्षिक साधारण सभा सम्बन्धमा**

**प्रकाशित मिति :–२०८३।०५।०९**

यस संस्थाको सञ्चालक समितिको २०८३।०५।०७ गतेको बैठकको निर्णय बमोजिम संस्थाको १७औं वार्षिक साधारण सभा तपसिल बमोजिम विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा तोकिए बमोजिमको मिति, समय र स्थानमा उपस्थितको लागि सदस्य महानुभावहरुमा हार्दिक अनुरोध छ।

**छलफलका विषयहरु**

१.आ.व.२०८२/२०८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित सम्वन्धमा
२.आ.व.२०८३/२०८४ को कार्यक्रम तथा बजेट स्वीकृति गर्ने सम्वन्धमा
३.आ.व.२०८२/२०८३ को लेखापरिक्षण प्रतिवेदन अनुमोदन सम्वन्धमा
४.आ.व.२०८२/२०८३ को लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित सम्वन्धमा
५.आ.व.२०८२/२०८३ मा समितिबाट भएका सम्पुर्ण निर्णयहरु अनुमोदन सम्वन्धमा
६.आ.व.२०८३/२०८४ को लागि लेखा परीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्वन्धमा
७.प्रस्तावित लाभांस र संरक्षित पुँजी फिर्ता कोष वितरण सम्वन्धमा
८.कार्यविधि पारित सम्वन्धमा
९.कार्यविधि संसोधन सम्वन्धमा
१०.सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्वन्धमा
११.साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि चयन सम्वन्धमा

**कार्यक्रम**

मिति :- २०८३ आश्विन १७ गते शनिवार
समय :- विहान १२:३० बजे
स्थान :- ग्रीनल्याण्ड बैंकवेट,चन्द्रागिरि-०७

**श्रीभगत महर्जन**
**सचिव ,सञ्चालक समिति**

**नोट :-**
१.उपस्थिति पुस्तिका बिहान ११:०० देखि राखिने भएकोले आफनो परिचयपत्र साथ तोकिएको समयमा उपस्थित भई नाम दर्ता गराउन पर्नेछ।

# घट्दै हिउँ पग्लँदै हिमनदी

पृष्ठ १ बाट

उनका अनुसार न्यून हिमपात, बाढी तथा हिमताल विस्फोट अब 'असामान्य घटना होइनन्, नयाँ प्रवृत्ति हुन' र यस्ता परिवर्तन सावधानीपूर्वक गरिएका प्रक्षेपणभन्दा पनि तीव्र गतिमा भैरहेका छन्।

हिन्दकुश आठ देशमा फैलिएको करिब तीन हजार पाँच सय किलोमिटर लामो पर्वतीय क्षेत्र हो। यस क्षेत्रमा एसियाका महत्त्वपूर्ण हिमनदी र नदी प्रणाली छन्। यहाँ करिब ५४ हजार हिमनदी र एसियाका १० प्रमुख नदी प्रणाली छन्। यी नदी तथा पर्वतीय पारिस्थितिक प्रणालीले तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने करिब दुई अर्ब मानिसको पानी, खाद्य र ऊर्जा सुरक्षामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन्।

प्रतिवेदनअनुसार उच्च हिमाली क्षेत्रमा प्रत्येक दशकमा ०.३ देखि ०.७ डिग्री सेल्सियसका दरले तापक्रम बढिरहेको छ, जुन विश्वव्यापी औसतभन्दा तीव्र हो। जलवायु परिवर्तनका कारण हिमनदीहरू तीव्र गतिमा पग्लिरहेका छन्। सन् १९९० देखि २०२० सम्म हिन्दकुश हिमाल क्षेत्रमा हिमनदीको क्षेत्रफल १२ प्रतिशतले घटेको छ, जुन सात हजार तीनसय वर्ग किलोमिटरभन्दा बढी हो। सन् २०२३ मा विश्वव्यापी हिमनदीको पिण्ड क्षति निरन्तर अभिलेख राख्न थालिएको पाँच दशकयताकै उच्च रहेको प्रतिवेदनमा उल्लेख छ।

यसको असर हिमालमा मात्र सीमित रहने छैन। सन् २१०० सम्म तापक्रम वृद्धि २ डिग्री सेल्सियसमा सीमित भए पनि हिन्दकुश हिमालका करिब आधा हिमनदीको पिण्ड मात्र बाँकी रहन सक्ने प्रतिवेदनमा भनिएको छ। तापक्रम वृद्धि ३ डिग्री सेल्सियस पुगेमा यो हिस्सा एक चौथाइसम्म झर्न सक्छ। हिमनदीबाट हुने पानीको बहाव सन् २०५० सम्म उच्च बिन्दुमा पुग्ने र त्यसपछि नदीको बहाव उल्लेख्य रूपमा घट्न सक्ने अनुमानले यी नदीमा निर्भर समुदाय र अर्थतन्त्र गम्भीर संकटमा पर्न सक्छ।

बदलिँदो हिमपातको चरित्रले पनि अर्को गम्भीर संकेत गरेको छ। सन् २०२५ मा हिन्दकुश हिमालय क्षेत्रमा हिउँ रहने अवधि सामान्य अवस्थाभन्दा २३.६ प्रतिशत कम रह्यो। यो दुई दशकभन्दा बढी समययताकै न्यून अवस्था हो र लगातार तेस्रो वर्ष हिउँको आवरण घटेको हो। हिमाली हिउँले करिब २४ करोड पर्वतीय बासिन्दा तथा तल्लो क्षेत्रमा बस्ने करिब दुई अर्ब मानिसले प्रयोग गर्ने नदीमा पानी उपलब्ध गराउने भएकाले हिमपात र हिउँ पग्लिने प्रक्रियामा आएको परिवर्तनले कृषि, जलविद्युत् र खानेपानीमा प्रत्यक्ष असर पर्छ।

यसैगरी उच्च हिमाली क्षेत्रमा रहेका ताल पनि विस्फोटको जोखिममा छन्। प्रतिवेदनअनुसार २५० भन्दा बढी हिमताललाई सम्भावित जोखिमयुक्त मानिएको छ। करिब १० लाख मानिस सम्भावित जोखिमयुक्त हिमतालको १० किलोमिटरभित्र बसोबास गर्छन्। तर सबैभन्दा जोखिमयुक्त मानिएका २०० हिमतालमध्ये पाँचवटामा मात्र स्थायी अनुगमन केन्द्र छन्। यसले जोखिमको आकार र त्यसलाई निगरानी गर्ने क्षमताबिच ठुलो अन्तर रहेको देखाउँछ।

जोखिम हिउँ र पानीमा मात्र सीमित छैन। हिमाली भूभागलाई स्थिर राख्न, पूर्वाधार जोगाउन तथा कार्बन सञ्चय गर्न महत्त्वपूर्ण मानिने स्थायी रूपमा जमेको जमिन अर्थात् पर्माफ्रोस्ट पनि पग्लँदै गएको छ। उच्च कार्बन उत्सर्जनको अवस्थामा यस शताब्दीको अन्त्यसम्म हिन्दकुश हिमालयको दुई तिहाइसम्म पर्माफ्रोस्ट हराउन सक्ने अनुमान छ। यसको पग्लाइले पहिरो तथा भूअस्थिरता बढाउने, पूर्वाधार निर्माण लागत बढाउने र सञ्चित कार्बन बाहिर निकाल्ने जोखिम बढ्छ।

हिन्दकुश हिमाल क्षेत्रको वायु प्रदूषण पनि गम्भीर बन्दै गएको छ। हिमालको फेदी र तल्लो क्षेत्र करिब एक अर्ब मानिस वायु प्रदूषणका हिसाबले जोखिमपूर्ण अवस्थामा छन्। दक्षिण एसियामा विषाक्त वायुका ससाना कण अर्थात् पिएम २.५ को मात्रा विश्व स्वास्थ्य संगठनले तोकेको सुरक्षित सीमाभन्दा नियमित हिसाबमै १० गुणासम्म बढी पुग्ने गरेको प्रतिवेदनमा उल्लेख छ। वायु प्रदूषणका कारण यो क्षेत्रमा हरेक वर्ष करिब १० लाखको ज्यान जन्छ। प्रदूषण कुनै सीमाभित्र नरहने भएकाले यसको न्यूनीकरण एक देशले मात्र गर्न नसक्ने इसिमोडको ठहर छ।

प्रतिवेदनमा बिग्रँदो अवस्थाको सूचीकृत मात्र होइन, यो क्षेत्रले जलवायु संकटको सामना थालेका राम्रा कामको चर्चा पनि छ। अनुसन्धान र प्रारम्भिक परियोजनाबाट प्राप्त ज्ञानलाई सरकारी नीतिमा समेट्ने र सफल कार्यक्रमलाई व्यापक बनाउने दिशामा यो क्षेत्र अघि बढिहेको प्रतिवेदनको दाबी छ।

महानिर्देशक ग्याम्त्सोले सन् २०२५ लाई निर्णायक मोडको वर्षका रूपमा व्याख्या गरेका छन्। उनका अनुसार यो क्षेत्रका सरकारहरूले इसिमोडको उपकरण, मूल्यांकन र कार्यढाँचालाई राष्ट्रिय नीतिमा समेट्न थालेका छन्। नेपालको थप जलवायु प्रतिबद्धता, पाकिस्तानको पानीसम्बन्धी बुलेटिनमा हिमपातको सूचना प्रयोग तथा भुटानको चरन क्षेत्र व्यवस्थापन यसका उदाहरण हुन्।

पाकिस्तानमा इसिमोडसँगको सहकार्यमा तयार गरिएको भूउपग्रहमा आधारित हिमपातसम्बन्धी सूचना पानी तथा विद्युत् विकास प्राधिकरणको मासिक पानी बुलेटिनमा समेत समावेश गर्न थालिएको छ। नेपाल र भुटानले पनि हिमपात पग्लिने मुख्य मौसम सुरु हुनुअघि मौसमी हिमपातसम्बन्धी सूचना आदानप्रदान गर्ने काम अघि बढाएका छन्। यसले घटना भएपछि प्रतिक्रिया दिनुको सट्टा पहिले नै योजना बनाउन सहयोग गरेको छ।

इसिमोडकी उपमहानिर्देशक इजाबेला कोजिएलका अनुसार जलवायु परिवर्तन, वायु प्रदूषण र जैविक विविधता ह्रासको संकट हिन्दकुश हिमालमा गम्भीर बन्दै गएको छ। बढ्दो विपद्, तीव्र हिमनदी पग्लाइ र शक्तिशाली मनसुनले दिगो समाधानको आवश्यकता अझ बढाएको भन्दै उनले स्थानीय समुदायको ज्ञानलाई वैज्ञानिक अनुसन्धानसँग जोडेर दीर्घकालीन समाधान खोज्नुपर्नेमा जोड दिएकी छन्।

तर सबैभन्दा ठुलो चुनौती वित्तीय स्रोतको अभाव हो। प्रतिवेदनले हिन्दकुश हिमालयका देशलाई जलवायु वित्तका लागि वार्षिक करिब ७६९ अर्ब डलर आवश्यक पर्ने अनुमान गरेको छ। प्रतिवेदनका अनुसार विकास सहायता गत वर्ष ७.१ प्रतिशतले घटेको छ भने प्रमुख वित्तीय स्रोतमध्ये केही हटेका वा घटेका छन्। दुर्गम भौगोलिक अवस्था, तथ्यांक अभाव, उच्च कारोबार लागत र साना पर्वतीय समुदायका कारण उपलब्ध जलवायु कोषमा पहुँचसमेत कठिन बनेको छ। अबका चरणमा प्रमाणलाई निरन्तर कार्यमा रूपान्तरण गर्नुपर्ने आवश्यकतालाई जोड दिँदै इसिमोडले पूर्वसूचना प्रणाली र अनुगमन सुदृढ

गर्ने, क्षेत्रीय तथ्यांक आदानप्रदान बढाउने, जलवायु-उत्थानशील कृषि र पानी व्यवस्थापन विस्तार गर्ने, सीमापार वायु प्रदूषण घटाउने, हिमनदी तथा पर्वतीय पारिस्थितिक प्रणाली संरक्षण गर्ने र अनुकूलनका लागि छुट्याइएको वित्त जोखिममा रहेका समुदायसम्म पुर्‍याउने कार्यलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएको छ। यो क्षेत्रको चासोलाई अन्तर्राष्ट्रिय मञ्चमा पुर्‍याउन पनि इसिमोडले पहल गरिरहेको जनाएको छ। सन् २०२५ मा इसिमोडले संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि (युएनएफसिसिसी) सँग तीन वर्षे साझेदारी सम्झौता गरेको छ। यसले प्रमाणमा आधारित नीति निर्माण, जलवायु लगानी तथा पेरिस सम्झौताको पारदर्शिता कार्यढाँचा कार्यान्वयनमा सहयोग गर्नेछ। त्यस्तै क्षेत्रीय क्षमता अभिवृद्धि र तथ्यांक आदानप्रदानका लागि हिन्दकुश हिमालय क्षेत्रीय जलवायु कार्य पारदर्शिता केन्द्र पनि स्थापना गरिएको छ।

प्रतिवेदनले चेतावनीसँगै तत्काल चाल्नुपर्ने कदम पनि सुझाएको छ। विश्वव्यापी तापक्रम वृद्धिका लागि जिम्मेवार कार्बन उत्सर्जनमा हिन्दकुश हिमाल क्षेत्रको योगदान न्यून भए पनि यसको गम्भीर परिणाम भने यही क्षेत्रले भोगिरहेको छ। 'जलवायु कार्यका लागि उपलब्ध समयको झ्याल साँघुरिँदै गएको छ,' इसिमोडका महानिर्देशक ग्याम्त्सोले भनेका छन्। ढिलाइको मूल्य 'मानिसको जीवन, जीविकोपार्जन र गुम्दै गएका भूदृश्य' का रूपमा चुकाउनुपर्ने उनको चेतावनी छ। 'अब चुनौती हिमाल किन महत्त्वपूर्ण छन् भनेर प्रमाणित गर्नु होइन, हिमाली जोखिम, समाधान र समुदायलाई जलवायु कार्यका हरेक तहमा व्यवस्थित रूपमा समेट्नु हो,' इसिमोडले भनेको छ।

## मीन गुरुङको पर्खाइमा वीरको कुरुवा घर

पवित्रा सुनार

*काठमाडौं, भदौ ८*

चिकित्सा विज्ञान प्रतिष्ठान वीर अस्पतालमा एक विशेष कुरुवा घर निर्माण योजना अघि बढेको जनाइएको छ। अस्पताल प्रंवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार विशेष करुवा घरका लागि डिपीआर बनिसकेको छ, तर यसको निर्माणमा मुख्य सहयोग गर्ने सहमति भए पनि फलोअप हुन नसकेको र सहयोगीहरू पनि सम्पर्कमा नआएपछि अन्योल बनेको वीर अस्पतालका उपनिर्देशक तथा प्रवक्ता डा. प्रकाश बुढाथोकीले बताए। उनका अनुसार एक वर्षअघि नै भाटभटेनीका सञ्चालक मीन गुरुङ र अमेरिकास्थित कालु गुरुङले सोह्रकोठे दुईतले भवन निर्माणका लागि सहयोग गर्ने पूर्वनिर्देशकसँग सहमति व्यक्त गरेका थिए।

त्यसपछि बिचमा कुनै जानकारी आएको छैन। सहमतिअनुसार अस्पतालले एक वर्षअघि नै अस्पतालको जाइका भवन र पाकघरको बिचमा खाली रहेको जमिनमा निर्माण गर्ने गरी डिपिआर तयार पारेको थियो। अस्पतालका पूर्व भिसी तथा प्राध्यापक डा. भूपेन्द्र बस्नेतका अनुसार पूर्वनिर्देशक डा. दीलिपकुमार शर्मासँग दुवै समुहले सहयोग गर्ने सहमति गरेका थिए। बिचको कुरा जानकारी नभएको बताए। दुवै समुहबाट सहयोग गर्ने विषयमा थप जानकारी नआएपछि निर्माण कार्य अन्योलमा परेको अस्पतालका प्रवक्ता डा. बुढाथोकी बताउँछन्। उनका अनुसार समयमै फलोअप खबर आएमा उहाँहरूकै सहयोगबाट भवन निर्माण हुनेछ। नभएमा सरकारसँग बजेट माग गरेर मात्र निर्माण गर्न सकिने स्थिति रहेको छ। 'यो भवन वीरको आवश्यकता हो, तर सहयोग गर्ने समुहसँग बिचमा फलोअप भएको छैन', उनले भने।

विशेषगरी वीर अस्पतालमा गम्भीर बिरामी लिएर आइसियुमा भर्ना गरी बिरामी कुर्ने तथा अन्य गम्भीर बिरामी लिएर आएका कुरुवाका लागि बस्ने ठाउँ नहुँदा कुरुवाले दुःख पाएपछि अस्पतालका पूर्वनिर्देशक डा. दीलिप शर्माले भवन निर्माणको अवधारणा लिएका थिए। डिपिआरअनुसार १६ कोठासहित १६ जना परिवार अटाउने गरी विभिन्न सुविधासहितको भवन निर्माण परियोजना बनेको थियो। परियोजनाअनुसार उक्त भवनमा कुरुवाका लागि बाथरुम, महिला-पुरुष शौचालय, खाना पकाउने चुलो र बेड हुनेछ, तर आवश्यक अन्य सामग्री भने कुरुवा आफैंले जोहो गर्नुपर्नेछ। 'ग्यास र इन्डक्सन हुनेछ आफूलाई चाहिने खानेकुरा आफैंले लिने हो', उनले भने।

## स्कुलबस र अटो आपसमा ठोक्किँदा तीनजनाको मृत्यु

उदयपुर, भदौ ८ (नागरिक)- सोमबार बिहान उदयपुरमा भएको सवारी दुर्घटना हुँदा तीनजनाको मृत्यु भएको छ। विद्यार्थी बोकेर स्कुलतर्फ आउँदै गरेको स्थानीय सफल आदर्श इङलिस बोर्डिङको स्कुल बस र यात्रुबाहक अटो रिक्सा बेलका नगरपालिका- ४ लालबजारमा आपसमा ठक्कर खाँदा गम्भीर घाइते भएर उपचारमा रहेका अटो चालकसहित तीनजना मृत्यु भएको हो।

इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलाका अनुसार बिहान पौने १० बजे पूर्वतर्फ गइरहेको विद्यार्थी बोकेको को १ ख ३५१६ नम्बरको स्कुल बस र विपरीत दिशाबाट आउँदै गरेको को प्र ०-०५-००१ ह ०६१३ नम्बरको अटो रिक्सा आपसमा ठोक्किँदा गम्भीर घाइते भएका बेलका- ५ मैनीकी ३४ वर्षीया मन्दिरा मगर र सुनसरी बराह क्षेत्र नगरपालिका- ४ बाङ्गेकी १८ वर्षीया दिया राईको मृत्यु भएको थियो। दुर्घटनामा परी गम्भीर घाइते भएका चालक र अटोमा सवार पाँचजनालाई उद्धार गरी उपचारार्थ बिपी स्मृति स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएकोमा उपचारकै क्रममा मध्यान्ह मगर र राईको मृत्यु भएको प्रहरीले जनाएको छ। बाँकी उपचाररत घाइते तीनजनामध्ये चालक ३८ वर्षीय इन्द्र थापा मगरको दिउँसो उपचारकै क्रममा मृत्यु भएको अस्पताललाई उद्धृत गर्दै इप्रका प्रहरी प्रमुख इन्स्पेक्टर अश्विन तोलाङले बताए।

## वर्षौंदेखि अलपत्र योजनाको ठेक्का तोडिने

धनगढी, भदौ ८ (नागरिक)- चिसापानी-गठ्ठाचौकी राजमार्ग र धनगढी-अत्तरिया सडकखण्डमा दुर्घटना न्यूनीकरणका लागि आवश्यक सडक सुरक्षा उपायबारे सुझाव दिन पनि प्रादेशिक सडक तथा यातायात व्यवस्थापन महाशाखाका प्रमुख खत्रीकै संयोजकत्वमा अर्को समिति गठन गरिएको छ। समितिले १५ दिनभित्र प्रतिवेदन बुझाउनेछ। समितिले सडक बत्ती, ट्राफिक व्यवस्थापनलगायतका विषयमा अध्ययन गर्नेछ।

ऊर्जा क्षेत्रतर्फ २० मेगावाटसम्मका जलविद्युत् आयोजना निर्माणका लागि आवश्यक कानुन निर्माण प्रक्रिया अघि बढाइने मन्त्री भाटले बताए। प्रदेश सरकारलाई अधिकार भए पनि आवश्यक कानुन अभाव रहेकाले कानुन निर्माणका लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा सैद्धान्तिक सहमतिका लागि पठाउने निर्णय गरिएको उनले जानकारी दिए।

# बागमतीमा विश्वासको संकट

वसन्त ढुंगाना

*चितवन, भदौ ८*

बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगरले सोमबार प्रदेशसभाबाट विश्वासको मत लिन सकेनन्। विश्वासको मत नपाउने अवस्था देखिएपछि प्रदेशसभा बैठक मंगलबारसम्मका लागि सारिएको छ।

सोमबार दिउँसो १ बजेका लागि बोलाइएको प्रदेशसभा बैठक दलहरूबिच सहमति नजुटेपछि साँझ ५ बजेका लागि सारिएको थियो। साँझ ५ बजेका लागि बोलाइएको बैठक पनि बस्न नसकेपछि राति ८ बजेका लागि समय तोकिएको थियो, तर राति ८ बजे पनि बैठक बस्न सकेन। प्रदेशसभा सचिव रामकुमार पौडेलले सूचना जारी गर्दै प्रदेशसभा नियमावली २०७४ को नियम ६ को उपनियम (३) बमोजिम सभामुखले बैठकको समय परिवर्तन गरेको जानकारी दिए। उनका अनुसार बैठक भदौ ९ गते मंगलबार दिउँसो ४ बजे बस्ने गरी सारिएको हो।

मुख्यमन्त्री थापामगरले संविधानबमोजिम प्रदेशसभाबाट विश्वासको मत लिन लागेका हुन्। थापा मुख्यमन्त्रीमा भदौ ४ गते नियुक्त भएका थिए। १०४ सदस्यीय प्रदेशसभामा नेपाल कम्युनिस्ट पार्टी (नेकपा), नेकपा एमाले र राप्रपा गरी कुल ६३ जना सांसदको समर्थनमा मुख्यमन्त्री बनेका हुन्। मुख्यमन्त्री बनेपछि ३० दिनभित्र विश्वासको मत लिनुपर्ने कानुनी व्यवस्था छ, तर सोही कानुनी व्यवस्थाअनुसार विश्वासको मत लिनका लागि सोमबार प्रदेशसभा बैठक बोलाइए पनि विश्वासको मत नपाउने अवस्था देखेपछि बैठक नै सारिएको सत्तारुढ दल नेकपाका एक सांसदले जानकारी दिए।

थापाको नियुक्तिलाई लिएर कांग्रेसले प्रश्न उठाउँदै आएको छ। सत्ता साझेदार दलहरूबिच पनि मन्त्रालय बाँडफाँट, मन्त्री छनोट र शक्ति बाँडफाँटका विषयमा विवाद देखिएको छ। सोमबार नेकपाका केही सांसदको उपस्थितिसमेत देखिएको थिएन। मुख्यमन्त्रीलाई विश्वासको मत नदिन राप्रपा र कांग्रेसले ह्विप जारी गरेका छन्। सत्ता गठबन्धनभित्रकै केही सांसदसमेत असन्तुष्ट देखिएपछि मुख्यमन्त्रीले विश्वासको मत पाउने विषय अन्योलमा परेको हो।

उत्ता कांग्रेस बागमती प्रदेश संसदीय दलले मुख्यमन्त्रीले विश्वासको मत लिन बोलाइएको प्रदेशसभा बैठक स्थगित गर्न माग गरेको थियो। कांग्रेस बागमती प्रदेश संसदीय दलका प्रमुख सचेतक पुकार महर्जनले सोमबार सभामुखसमक्ष निवेदन दिँदै अदालतमा विचाराधीन मुद्दाको टुंगो नलागेसम्म बैठक स्थगित गर्न माग गरेका हुन्।

राप्रपाकी बागमती प्रदेशसभा प्रमुख सचेतक कुमारी तामाङलगायतले मुख्यमन्त्री थापामगरको नियुक्तिविरुद्ध उच्च अदालत पाटन र हेटौंडा इजलासमा उत्प्रेषण परमादेशसहितको निवेदन दिएका छन्। सो मुद्दामा सोमबार सुनुवाइ भई भदौ १० गते छलफलका लागि पेसी तोकिएको छ। कांग्रेसले अदालतमा विचाराधीन यही विषयसँग सम्बन्धित विषयमा प्रदेशसभामा छलफल गर्नु नेपालको संविधानको धारा १९१ विपरीत हुने दाबी गरेको छ। निवेदनमा अदालतको अर्को निर्णय नआएसम्म प्रदेशसभाको बैठक स्थगित गर्न माग गरिएको छ।

राप्रपाकी प्रमुख सचेतक तामाङले समेत मुख्यमन्त्रीको नियुक्तिविरुद्ध अदालतमा मुद्दा दायर गरेकी छन्। पछिल्लो समय राप्रपाभित्र मुख्यमन्त्रीलाई समर्थन गर्ने विषयमा दुई धार देखिएको छ। तामाङले मुख्यमन्त्रीको विपक्षमा मतदान गर्न ह्विप जारी गरेकी छन् भने अर्को पक्षबाट पक्षमा मतदान गर्न निर्देशन जारी भएको छ।

यस्तै राप्रपाले बागमती प्रदेशसभाका तीन सांसदलाई पदमुक्त उपसभामुखलाई पत्र पठाएको छ। सोमबार राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले बागमती प्रदेशसभा उपसभामुखलाई पत्र पठाएका हुन्। राप्रपाले सांसदहरू राजु विष्ट, राजेन्द्र प्रजापति र गिरबहादुर तामाङलाई पदमुक्त गर्न पत्र पठाएको हो। उनीहरू तीनजना मन्त्री बनेका छन्। अध्यक्ष लिङ्देनले पठाएको पत्रमा पटकपटकको निर्देशन अवज्ञा गरेको, पार्टीको ह्विप उल्लंघन गरेको र पार्टीको केन्द्रीय कार्यसम्पादन समितिको निर्णयविपरीत बागमती प्रदेश सरकारमा सहभागी भएको उल्लेख गरेका छन्।

यसअघि सोमबार नै राप्रपा अध्यक्ष लिङ्देनले प्रदेश संसदीय दलका नेता उद्धव थापालाई पदमुक्त गर्न पत्र पठाएको थियो। सो पत्र राप्रपा मुख्य सचेतक तामाङले उपभामुख अप्सरा चापागाईंलाई बुझाएकी थिइन्। १०४ सदस्यीय बागमती प्रदेशसभामा बहुमतका लागि ५३ सांसदको समर्थन आवश्यक पर्छ। सत्ता गठबन्धनसँग पर्याप्त संख्या रहे पनि दलभित्रकै असन्तुष्टि र विवादले मुख्यमन्त्रीको विश्वासको मत प्रभावित हुने अवस्था आएको हो।

# कर्णालीमा मन्त्री छान्न सकस

गोविन्द केसी

*वीरेन्द्रनगर, भदौ ८*

कर्णाली प्रदेशमा नेकपाको भागमा परेका तीन मन्त्री छान्न एक महिनादेखि सकस भएको छ, जसका कारण छनोटको जिम्मा केन्द्रबाट हुने भएको छ। प्रदेशमा मन्त्री छनोटका विषयमा सहमति जुट्न नसकेपछि सम्भावित सातजनाको नाम केन्द्रमा पठाइएको स्रोतले जनाएको छ। स्रोतका अनुसार अब नेकपाका अध्यक्षद्वय पुष्पकमल दाहाल र माधवकुमार नेपालले ती नाममध्येबाट तीनजना मन्त्रीको टुंगो लगाउने छन्। नेतापिच्छे मन्त्रीका आकांक्षी बढी हुन थालेपछि मुख्यमन्त्रीलाई मन्त्री छान्न सकस भएको थियो।

मन्त्री छनोटमा सहमति जुट्न नसकेपछि सोमबार बिहान ११ बजेका लागि तय गरिएको शपथ ग्रहण कार्यक्रमसमेत स्थगित भएको थियो। स्रोतका अनुसार मुख्यमन्त्री मंगलबहादुर शाहीले प्रदेश प्रमुख यज्ञराज जोशीसँग भेट गरी पार्टीभित्र मन्त्रीका नाममा सहमति नजुटेको जानकारी गराउँदै शपथ कार्यक्रम स्थगित गर्न आग्रह गरेका थिए।

प्रदेश प्रमुखको कार्यालयले समय तय गरे पनि मुख्यमन्त्रीले तोकिएको समयसम्म मन्त्रीको नाम सिफारिस गर्न सकेनन्। स्रोतका अनुसार मन्त्री छनोटका विषयमा नेकपाभित्र प्रदेश तहमा सहमति जुट्न नसकेपछि अन्तिम निर्णय केन्द्रलाई जिम्मा लगाइएको हो। कर्णालीबाट सम्भावित सातजनाको नाम केन्द्रमा पठाइएको र त्यसमध्येबाट तीनजनाको नाम छनोट गरिने स्रोतको दाबी छ। यसअघि विन्दमान विष्ट, जुम्कित लामा, मिलन खड्कालगायतका नाम मन्त्रीका लागि चर्चामा आएको थियो, तर स्रोतका अनुसार साबिक समाजवादी धारले यी नाममा असहमति जनाउँदै कल्याणी खड्कालाई जसरी पनि मन्त्री बनाउनुपर्ने अडान राखेपछि मन्त्री नाम पठाउन मुख्यमन्त्रीलाई गाह्रो भएको हो।

साविक समाजवादी धारबाट प्रदेशसभामा समानुपातिकतर्फ एकजना मात्रै सांसद रहेकाले आफ्नो धारको प्रतिनिधित्व सुनिश्चित गर्न कल्याणी खड्कालाई मन्त्री बनाउनुपर्ने दबाब दिइएको स्रोतको भनाइ छ। यता अन्य सांसदले समेत मन्त्रीका लागि दाबी गरेपछि तीनजनाको नाम छनोट गर्न मुख्यमन्त्री शाहीलाई थप सकस परेको बताइएको छ।

# गण्डकीमा एमाले सरकारमै

सन्देश श्रेष्ठ

*पोखरा, भदौ ८*

नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बिच सत्ता गठबन्धन भएको झन्डै डेढ महिना भयो। सम्झौताअनुसार गण्डकी र मधेस प्रदेशबाहेक अन्य पाँच प्रदेशमा सरकार गठन भइसकेको छ। एमाले र नेकपाबिचको सहमतिअनुसार कोसी, बागमती, लुम्बिनी, कर्णाली र सुदूरपश्चिममा गठबन्धनको नयाँ सरकार बनिसकेको छ।

एमाले र नेकपाबिच गठबन्धन बने पनि गण्डकीमा भने एमाले लाज पचाएर सरकारमा बसेको छ। केन्द्रमा दुई पार्टीबिच गठबन्धन गरेर अगाडि बढ्ने भनेपछि त्यसको परिणाम अन्य प्रदेशमा नयाँ समीकरणअनुसार सरकार बनिरहँदा गण्डकीमा भने एमाले पुरानै समीकरणअनुसार सरकारमा झुन्डिएर बसिरहेको हो। यसले गर्दा एमाले सत्तालोलुप पार्टी भएको आरोप लागिरहेको छ। अर्कातर्फ सत्ताको नेतृत्व गरिरहेको कांग्रेस भने एमालेले सरकार छाडोस् भन्ने पक्षमा छ।

किनकि एमालेबिना नै गण्डकीमा कांग्रेसको बहुमत पुग्छ। एमालेले सरकार नछाड्नुको कारण पनि एमाले र नेकपाले गण्डकीमा सरकार बनाउन नसक्ने स्थिति देखिएकाले हो। गण्डकीमा एमालेले सरकार छाडे पनि वर्तमान सुरेन्द्रराज पाण्डे नेतृत्वको सरकार ढल्दैन। सरकार नढल्ने मात्रै होइन, एमालेले सरकार छाडे पनि गण्डकीमा पाण्डे नेतृत्वको सरकारले विश्वासको मतसमेत लिनुपर्दैन। पाण्डे नेतृत्वको सरकारलाई एमालेले विश्वासको मत नदिएकाले उसले सरकार छाड्दा पनि विश्वासको मत लिनुपर्ने आवश्यकता रहँदैन। कांग्रेससहित राप्रपा र स्वतन्त्र सांसदको सहयोगमा बनेको पाण्डे सरकारमा एमाले धेरैपछि मात्रै मिसिएको हो।

६० सदस्यीय गण्डकी प्रदेशसभामा मनाङबाट निर्वाचित सांसद राजीव गुरुङ उर्फ दीपक मनाङे निलम्बित रहेकाले अहिले ५९ सदस्यीय बनेको छ; जसमा कांग्रेसका २७, एमालेका २२, नेकपाका ७, राप्रपाका २ र तत्कालीन माओवादीको चुनाव चिह्नबाट जितेका प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) सांसद फडिन्द्र देवकोटा छन्। मुख्यमन्त्री पाण्डेलाई कांग्रेसका २७, राप्रपाका २ र प्रलोपाका एक सांसदको समर्थन रहेकाले बहुमत पुग्नेछ; जसलाई भत्काउन एमाले-नेकपा गठबन्धनले राप्रपालाई विश्वासमा लिनुपर्ने हुन्छ। तर विगतमा पनि यो एमाले-नेकपा गठबन्धनलाई राप्रपाले गण्डकीमा समर्थन गरेको थिएन भने अहिले पनि समर्थन गर्ने सम्भावना नरहेको राप्रपा निकट स्रोत बताउँछ। सत्ता गठबन्धन फेर्न गण्डकीमा एमालेले राप्रपालाई अनौपचारिक रूपमा प्रस्ताव गरिसकेको छ, तर राप्रपाले त्यसलाई वास्ता नगर्दा एमाले तत्काल सरकार नछाडी बसेको छ।

एमाले सरकारमा झुन्डिएर बसिरहेको स्वयम् सत्तारुढ दल कांग्रेस र सत्ताको नेतृत्व गरिरहेका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई समेत मन परेको छैन। उनी पनि एमालेले सरकार छाडोस् भन्ने पक्षमा रहेको स्वयम् उनकै अभिव्यक्तिबाट प्रस्ट हुन्छ। पत्रकारसँग गरिएको पछिल्लो एक कुराकानीमा मुख्यमन्त्री पाण्डेले एमालेको सत्तालोलुप चरित्रले आफूलाई आश्चर्यमा पारेको टिप्पणी गरेका छन्। आफ्नो बहुमत रहेको दाबी गर्दै उनले भनेका छन्, 'एमालेले सरकार छाड्दा मलाई केही अप्ठ्यारो हुँदैन, तर किन छाडिरहेको छैन मलाई थाहा छैन।'

मुख्यमन्त्री पाण्डेले केन्द्रमा भएको सहमतिअनुसार एमालेले सरकार छाड्नुपर्नेमा नछाडेर पुराना दलहरू सत्ताका लागि मरिहत्ते गर्छन् भन्ने आरोपलाई पुष्टि गर्न मद्दत पुगेको बताए। 'एमाले आफैंले सरकार छाडेर जाओस् भन्ने पक्षमा म छु', उनले भने, 'हैन अझै पनि छाड्न आनाकानी गरिरहे म आफैं एउटा निर्णयमा पुग्छु।' उनले सरकार छाडेर एमाले नगए एमाले मन्त्रीहरूलाई बर्खास्त गर्न सक्ने आशय व्यक्त गरेका छन्। तर त्यसअघि एमालेसँग निर्णायक वार्ता गर्ने भन्दै उनले भनेका छन्, 'सरकार छाड्ने हो भने पनि चाँडो निर्णय गर्नुपर्‍यो, होइन नछाड्ने हो भने पनि गठबन्धन चुनावसम्मै जाने सहमति हुनुपर्‍यो।' कांग्रेसले एमालेभन्दा बरु नेकपालाई प्राथमिकतामा राखेको छ।

# लुम्बिनीमा एक बाहिरिए तीन थपिए

देवेन्द्र बस्नेत

*दाङ, भदौ ८*

लुम्बिनी प्रदेश सरकारमा नेकपाबाट तीन मन्त्री थपिएका छन्। नेकपाबाट तीन मन्त्री थपिँदा एमालेका एक मन्त्री बाहिरिएका छन्। एमालेसँग सत्ता साझेदारी गरेर जाने सहमति गरेको नेकपाले सरकारमा तीन मन्त्री पठाउने भएको हो। नेकपाबाट प्रमुख सचेतक तथा पूर्वमन्त्री इन्द्रजित चौधरी, पूर्वमन्त्री दीपेन्द्रकुमार पुन र कृष्णाकुश्मा थारू मन्त्री बन्ने भएका छन्; जसअनुसार इन्द्रजित चौधरीले आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारी पाएका छन्। यसैगरी दीपेन्द्र पुनले स्वास्थ्य मन्त्रालय र कृष्णाकुश्मा थारूले कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको जिम्मेवारी पाउने भएका छन्। थपिएका नयाँ तीन मन्त्रीको शपथ मंगलबार दिउँसो हुने भएको छ। मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश प्रमुखसमक्ष मन्त्रीको जिम्मेवारी हेरफेर र नयाँ मन्त्रीको नामावली सिफारिस गरेका थिए।

नेकपाभित्र मन्त्रीका आकांक्षी बढी देखिएपछि सहमति जुट्न नसक्दा मन्त्रीपरिषद् विस्तारमा ढिलाइ भएको थियो। नेकपाले सिफारिस गरेको नामावलीप्रति आन्तरिक विवाद चुलिएको छ। नेकपामा समाहित भएको तत्कालीन नागरिक उन्मुक्ति पार्टीका सांसदहरू यो निर्णयप्रति असहमत देखिएका छन्। नाउपा समूहबाट सरकारमा कसैलाई पनि नपठाइएको भन्दै रुष्ट सांसदहरूले आफूहरूलाई संसद्को विपक्षी बेन्चमा बस्ने व्यवस्था मिलाइदिन संसद् सचिवालयलाई पत्रसमेत पठाएका थिए।

यता नेकपाको भागबन्डा मिलाउँदा एमालेका एकजना मन्त्री सरकारबाट बाहिरिएका छन्। एमालेबाट सरकारमा रहेका मन्त्री डिल्ली भुसाललाई एमालेले सरकारबाट फिर्ता बोलाएको हो। एमालेबाट तीन, नेकपाबाट तीन र जसपाबाट दुई मन्त्री सरकारमा सहभागी गराउने सहमति दलहरूका बिचमा भएको थियो। सोहीअनुसार चार मन्त्रीसहित सरकारमा रहेको एमालेले एकजना मन्त्रीलाई फिर्ता बोलाउनुपरेको हो। नेकपाबाट नयाँ मन्त्री थपिएसँगै मुख्यमन्त्री चेतनारायण आचार्यले सरकारमा रहेका मन्त्रीहरूको जिम्मेवारीसमेत हेरफेर गरेका छन्; जसअनुसार एमालेका तुलसीप्रसाद चौधरीलाई वन, वातावरण तथा पर्यटन मन्त्रालय, रामजीप्रसाद घिमिरेलाई सामाजिक विकास मन्त्रालय र रत्नबहादुर खत्रीलाई भौतिक पूर्वाधार विकास मन्त्रालयको जिम्मेवारी तोकिएको छ। यसैगरी जसपाका सन्तोषकुमार पाण्डेलाई सहरी विकास, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय र भण्डारीलाल अहिरलाई आन्तरिक मामिला, उद्योग तथा यातायात मन्त्रालयको जिम्मेवारी तोकिएको छ।

# कोसीका मुख्यमन्त्रीलाई विश्वासको मत

विनोद सुवेदी

*विराटनगर, भदौ ८*

कोसी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विश्वासको मत प्राप्त गरेका छन्। सोमबार प्रदेशसभामा मुख्यमन्त्री हिक्मतकुमार कार्कीले राखेको विश्वासको मतसम्बन्धी प्रस्ताव बहुमतले पारित भएको हो।

विश्वासको मतको पक्षमा एमाले र नेकपाका प्रदेशसभा सदस्यले मत दिएका छन्। मुख्यमन्त्री कार्कीले ५७ मत प्राप्त गरेका छन्। कोसी प्रदेशसभामा एमालेका ४० र नेकपाका १७ सदस्य छन्। कोसी प्रदेशसभामा मत विभाजनपछि सभामुख अम्मरबहादुर विष्टले विश्वासको मतको पक्षमा ५७ मत परेको जानकारी दिए। उनका अनुसार प्रदेशसभामा बहुमतका लागि ४७ मत आवश्यक पर्ने भएकाले मुख्यमन्त्रीले राखेको विश्वासको मत म्बन्धी प्रस्ताव बहुमतले पारित भएको छ। त्यस्तै विपक्षमा कांग्रेसका प्रदेशसभा सदस्यहरूले मतदान गरेका छन्। कांग्रेसका २९ प्रदेशसभा सदस्य छन्। विपक्षमा २२ मत परेको छ। त्यस्तै राप्रपाका सभामुखसहित पाँच सदस्य छन्। राप्रपाका चारजना सांसदले मत दिन्न भन्ने पक्षमा मतदान गरेका छन्। जनता समाजवादीकी एक मात्र प्रदेशसभा सदस्य निर्मला लिम्बू उपस्थित भइनन्। ९३ प्रदेशसभा सदस्य रहेकोमा एकजनाले राजीनामा दिएकाले ९२ सदस्य छन्। सोमबारको बैठकमा ८३ सदस्य उपस्थित थिए।

चार पटक विश्वासको मत पाएका कोसीका मुख्यमन्त्री कार्कीले एक पटक भने विश्वासको मत नपाउने भएपछि रोस्टमबाट राजीनामा घोषणा गरेका थिए। पहिलोपटक २०८१ वैशाख २७ मा मुख्यमन्त्री नियुक्त भएपछि वैशाख ३१ गते उनले विश्वासको मत लिएका थिए। एमाले र माओवादीको केन्द्रमा गठबन्धन फेरिए र एमाले-कांग्रेसको गठबन्धन बनेपछि २०८१ असोज २ मा उनले दोस्रोपटक विश्वासको मत लिएका थिए। सो समयमा उनको पक्षमा ६६ र विपक्षमा १५ मत परेको थियो।


**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
**Shangri-la Development Bank Ltd.**
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालयः बालुवाटार, काठमाडौं
फोन नं.: ०१-४५२१८६१/६२/६३

## कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मितिः २०८३/०५/०९ गतेको नागरिक राष्ट्रिय दैनिक)

यस डेभलपमेन्ट बैंकबाट तपसिलका ऋणीहरुले यस डेभलपमेन्ट बैंकको तपसिलका शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचीत गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र उक्त समय भित्र तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको चल अचल जायजेथा सम्पत्ति रोका राखी कानूनी प्रक्रिया अपनाई असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसुचीमा समेत सुचीकृत गरी आवश्यक कानूनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचीत गरिन्छ।

**तपसिल**

| ऋणीको विवरण | जमानतकर्ताको विवरण |
|---|---|
| **१) ऋणी : लिल बहादुर अधिकारी**<br>बाबुको नाम : लक्ष्मण अधिकारी<br>बाजेको नाम : गोया बहादुर अधिकारी<br>ठेगाना : जामुने-०४, तनहुँ<br>हाल : काठमाण्डौ-०४, काठमाण्डौ<br>ना.प्र.नं.: १०३३९<br>जारी गर्ने कार्यालय : जि.प्र.का., तनहुँ<br>जारी मिति : २०५१/०८/२३<br>**कर्जा लिएको शाखा : बानेश्वर, काठमाण्डौ**<br>**जमानतकर्ताको विवरण**<br>**क) नाम : पार्वती अधिकारी श्रेष्ठ**<br>बाबुको नाम : इन्द्र कुमार श्रेष्ठ<br>पतिको नाम : लिल बहादुर अधिकारी<br>ससुराको नाम : लक्ष्मण अधिकारी<br>ठेगाना : जामुने-०४, तनहुँ<br>हाल : काठमाण्डौ-०४, काठमाण्डौ<br>ना.प्र.नं.: २१६८७<br>जारी गर्ने कार्यालय : जि.प्र.का., तनहुँ<br>जारी मिति : २०५३/०८/०४ | **ख) नाम : अनिमेष अधिकारी**<br>बाबुको नाम : लिल बहादुर अधिकारी<br>बाजेको नाम : लक्ष्मण अधिकारी<br>ठेगाना : जामुने-०४, तनहुँ<br>हाल : काठमाण्डौ-०४, काठमाण्डौ<br>ना.प्र.नं.: ४३-०१-७३-०१४३३<br>जारी गर्ने कार्यालय : जि.प्र.का., तनहुँ<br>जारी मिति : २०७३/०२/१६<br>**ग) नाम : भावना अधिकारी**<br>बाबुको नाम : लिल बहादुर अधिकारी<br>बाजेको नाम : लक्ष्मण अधिकारी<br>ठेगाना : जामुने-०४, तनहुँ<br>हाल : काठमाण्डौ-०४, काठमाण्डौ<br>ना.प्र.नं.: ४३-०१-७२-०१२६९<br>जारी गर्ने कार्यालय : जि.प्र.का., तनहुँ<br>जारी मिति : २०७२/०३/०९<br>**घ) नाम : पुरुषोत्तम देवकोटा**<br>बाबुको नाम : कृष्णहरि देवकोटा<br>बाजेको नाम : उमाकान्त देवकोटा<br>ठेगाना : गाईखुर-०९, गोरखा<br>हाल : काठमाण्डौ-०५, काठमाण्डौ<br>ना.प्र.नं.: १९१३६<br>जारी गर्ने कार्यालय : जि.प्र.का., गोरखा<br>जारी मिति : २०४५/०३/३१ |
| **ऋणीको विवरण** | **जमानतकर्ताको विवरण** |
| **२) ऋणी : पुरुषोत्तम देवकोटा**<br>बाबुको नाम : कृष्णहरि देवकोटा<br>बाजेको नाम : उमाकान्त देवकोटा<br>ठेगाना : गाईखुर-०९, गोरखा<br>हाल : काठमाण्डौं-०५, काठमाण्डौं<br>ना.प्र.नं. : १९१३६<br>जारी गर्ने कार्यालय : जि.प्र.का., गोरखा<br>जारी मिति : २०४५/०३/३१<br>**कर्जा लिएको शाखा : बानेश्वर, काठमाण्डौ** | **क) नाम : शर्मिला पाठक**<br>बाबुको नाम : लोक नाथ पाठक<br>पतिको नाम : पुरुषोत्तम देवकोटा<br>ससुराको नाम : कृष्णहरि देवकोटा<br>ठेगाना : जौवारी-०४, गोरखा<br>हाल : काठमाण्डौं-०५, काठमाण्डौं<br>ना.प्र.नं. : ३६५९५<br>जारी गर्ने कार्यालय : जि.प्र.का., गोरखा<br>जारी मिति : २०४९/१०/२२ |
| **ऋणीको विवरण** | **जमानतकर्ताको विवरण** |
| **३) ऋणी : सु श्री माया कुमारी वोहरा जैसी**<br>बाबुको नाम : टिका दत्त बोहरा जैसी<br>बाजेको नामः जय राम बोहरा<br>ठेगानाः अमरगढी–०३, डडेलधुरा<br>हालः काठमाडौ-१४, काठमाडौ<br>ना.प्र.नं. ३३३<br>जारी गर्ने कार्यालय : जि.प्र.का., डडेलधुरा<br>जारी मिति :२०५४/१२/२९<br>**कर्जा लिएको शाखा : वानेश्वर, काठमाडौ** | **क) नाम : लिल बहादुर अधिकारी**<br>बाबुको नाम : लक्ष्मण अधिकारी<br>बाजेको नामः गोठ बहादुर अधिकारी<br>ठेगानाः जामुने –०४, तनहुँ<br>हालः काठमाडौ-०४, काठमाडौ<br>ना.प्र.नं. १०३३९<br>जारी गर्ने कार्यालय : जि.प्र.का., तनहुँ<br>जारी मिति :२०५१/०८/२३ |



**कोशी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**प्रादेशिक अस्पताल**
भद्रपुर, झापा

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८३/०५/०९

यस अस्पतालबाट मितिः २०८३/०३/१९ (तदानुसार मितिः ३ July २०२६) गते विद्युतीय खरिद प्रणाली (www.bolpatra.gov.np/egp) मार्फत तपसिल बमोजिम मालसामान खरिद कार्यको लागि बोलपत्र आव्हान भएकोमा निर्धारित मिति र समयभित्र पेश हुन आएका विद्युतीय बोलपत्रहरु मध्येबाट तपसिल बोलपत्रदाताहरुको तपसिल बमोजिम कबुल रकम कायम भएका विद्युतीय बोलपत्रपूर्ण, ग्राह्य, योग्य भएका तथा स्वीकृत लागत अनुमानको ३०% भित्र कबुल गरेको बोल अङ्कको औषत अङ्कसँग सबैभन्दा नजिक भएको हुनाले सारभूतरुपमा प्रभावग्राही ठहर भई स्वीकृत गर्ने आशयले छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सम्झौता सङ्केत नम्बर | कार्यको नाम | छनौट भएका बोलपत्रदाताको नाम तथा ठेगाना | कबुल रकम (मू.अ. कर बाहेक) |
|---|---|---|---|
| PHB/KOSHI/NCB/G/2083/84-01 | Supply and Delivery of Stationery Items at Provincial Hospital, Bhadrapur, Jhapa | Sunsari Builders and Suppliers Pvt. Ltd., इनरुवा, सुनसरी स्थायीलेखानं.: ६२११९६९०२ | रु.१७,३१,४९५.०० |
| PHB/KOSHI/NCB/G/2083/84-02 | Supply and Delivery of Printing Items at Provincial Hospital, Bhadrapur, Jhapa | Dharma Printing Press, वानेश्वर, काठमाडौं स्थायीलेखानं.: ३०२२९७८४५ | रु.२८,४६,१८५.०० |
| PHB/KOSHI/NCB/G/2083/84-03 | Supply and Delivery of Plumbing, Electrical and Cleaning Items at Provincial Hospital, Bhadrapur, Jhapa | Pau Pathibhara Trade and Suppliers, मेचीनगर, झापा स्थायीलेखानं.: ६०९४९२१५८ | रु.५२,४०,७१७.०० |

रोटीको भन्दा प्रेमको भोक मेटाउन धेरै कठिन हुन्छ।
– मदर टेरेसा

# ‘एल निनो’को संकेत

तीन दिनअघि बेलायतको मौसम कार्यालय (मेट अफिस) ले आगामी एल निनो ‘पुस्ताकै शक्तिशाली’ हुन सक्ने चेतावनी दिएको छ। प्रशान्त महासागरमा विकसित भइरहेको यो प्राकृतिक जलवायु घटनाले विश्वको तापक्रम बढाउने मात्र होइन, विभिन्न भूभागमा वर्षा, खडेरी, आँधी, बाढी र कृषि उत्पादनको स्वरूपसमेत बदल्न सक्छ। मेट अफिसका अनुसार यसको प्रभाव मानवसिर्जित जलवायु परिवर्तनसँग जोडिँदा सन् २०२७ विश्वकै सबैभन्दा तातो वर्ष बन्ने सम्भावना निकै उच्च छ। समुद्री सतहको तापक्रम सामान्यभन्दा ३ डिग्री सेल्सियसभन्दा बढी पुग्न सक्ने अनुमानले यसपटकको एल निनोको सम्भावित तीव्रता अझ गम्भीर देखाएको छ।

विपद् व्यवस्थापन सधैं चुनौतीपूर्ण रहँदै आएको नेपालको सन्दर्भमा एल निनोको सम्भावित प्रभाव सामान्य मौसमी सूचना मात्र होइन। नेपाललगायत दक्षिण एसियामा एल निनोले मनसुन कमजोर पार्न सक्ने वैज्ञानिक प्रमाण छन्। नेपालमा कमजोर मनसुनको अर्थ केवल कम वर्षा होइन, यो त खानेपानीको संकट, सिँचाइमा कमी, कृषि उत्पादनमा गिरावट, वन डढेलोको जोखिम, नदीको बहाव घट्नु र जलविद्युत् उत्पादनमा कमीसमेत हो। यही सम्भावित जोखिमलाई ध्यानमा राखेर सरकारले ‘सुपर एल निनो राष्ट्रिय आकस्मिक योजना’को मस्यौदा तयार गर्नु स्वागतयोग्य कदम हो।

जल तथा ऊर्जा आयोगको सचिवालय र जल तथा मौसम विज्ञान विभागको अगुवाइमा तयार गरिएको मस्यौदाले जलस्रोत, ऊर्जा, कृषि तथा खाद्य सुरक्षा र प्रारम्भिक चेतावनी एवं विपद् व्यवस्थापनलाई एकै ढाँचामा राख्न खोजेको छ। सबैभन्दा खराब अवस्थामा मनसुनी वर्षा ३० प्रतिशतभन्दा बढीले घट्न सक्ने, २० लाखभन्दा बढी मानिस खाद्य असुरक्षाको जोखिममा पर्न सक्ने तथा जलविद्युत् उत्पादन ४०-५० प्रतिशतसम्म घट्न सक्ने आँकलनले तयारीको गम्भीरता स्पष्ट गर्छ।

यस्तो अवस्थामा संकट आएपछि उद्धार र राहतमा दौडिनुभन्दा संकट आउनुअघि नै जोखिम पहिचान र पूर्वतयारी गर्नु बुद्धिमानी हो। एल निनोको सम्भावना निश्चित प्रतिशतभन्दा माथि पुगेपछि तयारी कार्यदल सक्रिय गर्ने, वर्षामा निश्चित कमी देखिएपछि क्षेत्रगत आकस्मिक योजना कार्यान्वयन गर्ने र आवश्यक पर्दा आपत्कालीन स्रोत परिचालन गर्ने प्रस्ताव यस दृष्टिले महत्त्वपूर्ण छ। मौसम पूर्वानुमानलाई नीति र बजेट निर्णयसँग जोड्ने अभ्यास नेपालमा अझ संस्थागत हुनुपर्छ। यस मामिलामा सबै सरोकारवालाको साथ र सहकार्य अति आवश्यक छ।

> मौसम पूर्वानुमानलाई नीति र बजेट निर्णयसँग जोड्ने अभ्यास नेपालमा थप संस्थागत हुनुपर्छ। योजना बन्नु मात्र पर्याप्त हुँदैन। नेपालको सबैभन्दा ठुलो कमजोरी योजना र संस्थागत कार्यबिचको कमजोर समन्वय हो।

योजना बन्नु मात्र पर्याप्त हुँदैन। हुन पनि, नेपालको सबैभन्दा ठुलो कमजोरी योजना र संस्थागत कार्यबिचको कमजोर समन्वय हो। जलवायु परिवर्तन, मौसमजन्य विपद्, जलस्रोत, कृषि, ऊर्जा र खाद्य सुरक्षाका विषयमा नेपालमा धेरै मन्त्रालय, विभाग, प्राधिकरण र समिति सक्रिय छन् तर एउटै जोखिमका लागि फरक-फरक निकायले समान प्रकारका सूचना संकलन गर्ने, छुट्टाछुट्टै योजना बनाउने र कहिलेकाहीं समान प्रकृतिका कार्यक्रम सञ्चालन गर्ने अवस्था अझै छ। एल निनोले यही संस्थागत कमजोरीको परीक्षा लिनेछ। उदाहरणका लागि, वर्षा कम भयो भने त्यसको असर कृषि मन्त्रालयमा मात्र पर्दैन, सिँचाइ, खानेपानी, ऊर्जा, वन, गृह, अर्थ र स्थानीय सरकार सबैमा पर्छ। जलविद्युत् उत्पादन घट्दा ऊर्जा मन्त्रालय र नेपाल विद्युत् प्राधिकरण मात्र जिम्मेवार हुँदैनन्, विद्युत् आयात, उद्योग, राजस्व र समग्र अर्थतन्त्रमा असर पर्छ। कृषि उत्पादन घट्दा खाद्य सुरक्षा, बजार मूल्य र गरिबी प्रभावित हुन्छ। त्यसैले एल निनोलाई कुनै एउटा मन्त्रालयको समस्या ठान्नु नै गलत हुनेछ।

नेपाललाई जलवायु परिवर्तन र जलवायुजन्य विपद्का लागि एकीकृत सूचना, निर्णय र प्रतिकार्य संयन्त्र आवश्यक छ। जल तथा मौसम विज्ञान विभागले वैज्ञानिक पूर्वानुमान गर्ने, त्यसलाई सम्बन्धित मन्त्रालयहरूले आफ्नो क्षेत्रको जोखिममा रूपान्तरण गर्ने र गृह मन्त्रालय तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले आपत्कालीन परिचालन गर्ने स्पष्ट कार्यविभाजन हुनुपर्छ। संघ, प्रदेश र स्थानीय तहबिच सूचना आदानप्रदान पनि एकद्वार प्रणालीबाट हुनुपर्छ।

यस्तो संयन्त्रले केवल एल निनोका लागि होइन, बाढी, खडेरी, डढेलो, अत्यधिक गर्मी, हिमताल विस्फोट र अन्य जलवायुजन्य जोखिमका लागि पनि काम गर्न सक्छ। प्रस्तावित आकस्मिक योजनाले स्थानीय समुदायलाई पनि केन्द्रमा राख्न खोजेको छ। एफएम रेडियो, एसएमएस, सामाजिक सञ्जाल र स्थानीय संयन्त्रमार्फत किसान तथा पानी प्रयोगकर्ताले बुझ्ने भाषामा सूचना पुर्‍याउनु अत्यन्त आवश्यक छ। मौसमविद्ले ‘मनसुन कमजोर हुने सम्भावना’ भन्नु मात्र पर्याप्त हुँदैन, किसानले कुन बाली लगाउने, कहिले बिउ राख्ने, कति पानी बचाउने भन्ने व्यावहारिक सूचना पाउनुपर्छ।

जसरी जलवायु जोखिमको प्रकृति बदलिइरहेको छ, त्यसअनुसार राज्यको संरचना पनि बदलिनुपर्छ। सुपर एल निनो आउँछ कि आउँदैन, कति शक्तिशाली हुन्छ भन्नेमा हाम्रो नियन्त्रण छैन तर त्यसको सम्भावित असरबारे समयमै तयारी गर्ने, स्रोत परिचालन गर्ने र राज्यका सबै निकायलाई एउटै दिशामा परिचालन गर्ने क्षमता भने हाम्रो हातमा छ। त्यसैले अहिलेको प्राथमिकता केवल ‘सुपर एल निनो आकस्मिक योजना’ पारित गर्नु होइन। नेपालमा जलवायु र विपद् जोखिम व्यवस्थापनका लागि शक्तिशाली, समन्वित र जवाफदेही राष्ट्रिय प्रणाली निर्माण गर्नु हो।



कृष्ण न्यौपाने

# योजनामा संस्थागत अदूरदर्शिता

**नेपालसँग दीर्घकालीन योजना, रणनीति र दूरदर्शिताका दस्तावेज पर्याप्त भए पनि नीति, बजेट, संस्थागत संयन्त्र र कार्यान्वयन क्षमताबिचको खाडलले अपेक्षित उपलब्धि हासिल भएको छैन ।**




बिसौं शताब्दीमा निर्मित शासकीय संरचनाहरू अस्थिरता, अनिश्चितता, जटिलता र अस्पष्टताले आहत भएको वर्तमान विश्व व्यवस्थाले बदलिएको मानवीय आवश्यकता, बढ्दो वातावरणीय असन्तुलनलाई सम्बोधन गर्न नसक्ने देखिएको छ। यसको मूल कारण जलवायु परिवर्तन, डिजिटल रूपान्तरण, विश्वव्यापी स्वास्थ्य संकट र भूराजनीतिक परिवर्तनले अनुकूलन हुनसक्ने र पूर्वानुमानयोग्य शासन पद्धतिको माग गरेको अवस्था छ। संयुक्त राष्ट्रसंघको नीति संक्षेपले औंल्याएअनुसार रणनीतिक दूरदर्शिता शासन परिवर्तनको महत्त्वपूर्ण तत्त्व हो तर यसको वास्तविक योगदान तब मात्र देखिन्छ, जब यो सरकारको मुख्य योजना र निर्णय प्रक्रियाभित्र संस्थागत रूपमा जोडिन्छ। धेरै सरकारमा दूरदर्शिता कहिलेकाहीं एकल हुने अभ्यासको रूपमा सीमित रहने गरेको छ, जसले यसको नीतिगत प्रभावकारितालाई कमजोर बनाउँछ।

सन् २०३० को दिगो विकास लक्ष्य पूरा गर्न चार वर्षभन्दा कम समय बाँकी रहेको अवस्थामा विश्व समग्रमा लक्ष्यबाट धेरै टाढा रहेको प्रतिवेदनहरूले देखाएका छन्। यस्तो सन्दर्भमा नेपालको हालको प्रगति र संस्थागत चुनौतीलाई विश्लेषण गर्नु समयसापेक्ष हुन्छ भन्ने मान्यता तथा यसको उपलब्धिले सबैलाई प्रभाव पार्छ अर्थात् कोही पनि पछाडि पारिनुहुँदैन भन्ने मान्यता भएको विषयले गर्दा यस लेखनीमा अवस्थाको सार्वजनिकीकरण तथा सरोकारवालाहरूलाई झकझकाउने प्रयत्न गरिएको छ।

**विश्वव्यापी र क्षेत्रीय सन्दर्भमा नेपालको स्थान**

दिगो विकास प्रतिवेदन २०२५ र संयुक्त राष्ट्रसंघ दिगो विकास समाधान सञ्जालका अनुसार नेपाल विश्वका १६७ देशमध्ये ८५औं स्थानमा रहेको छ, जुन भारत (९९औं), श्रीलंका (९३औं), बंगलादेश (११४औं) र पाकिस्तान (१४०औं) स्थानभन्दा माथि हो। दक्षिण एसियामा नेपाल भुटान (७४औं) र माल्दिभ्स (५३औं) स्थानभन्दा पछाडि छ। उल्लेखनीय कुरा, नेपाल विश्वका सबैभन्दा छिटो सुधार गर्ने देशहरूमध्ये पर्छ। विगत केही वर्षमा नेपालको अवस्थामा ११ बिन्दुभन्दा बढी सुधार भएको छ, जुन भारत, बंगलादेश वा फिलिपिन्सको सुधारभन्दा उच्च हो। तथापि, यो सुधार सापेक्षिक मात्र हो। सोही प्रतिवेदनले स्पष्ट पारेको छ कि विश्वव्यापी रूपमा हाल कुनै पनि राष्ट्र १७ वटा एसडिजी लक्ष्य सन् २०३० सम्ममा पूर्ण रूपमा हासिल हुने बाटोमा छैनन्। विश्वभरका जम्मा लक्ष्यहरूमध्ये मात्र १७ प्रतिशतले मात्र निर्धारित लक्ष्य पछ्याउँदै छन्। यसैले ‘अरूको तुलनामा छिटो सुधार भइरहेको’ भन्नु र ‘आफ्नै लक्ष्य २०३० प्रतिबद्धता पूरा हुने बाटोमा हुनु’ फरक फरक कुरा हुन्। नेपालका लागि वास्तविक प्रश्न भनेको श्रेणीमा सुधार होइन, निर्धारित लक्ष्यसहितको प्रतिबद्धता पूरा हुने वा नहुने भन्ने हो। बजेट विनियोजनको निश्चितता अति आवश्यक छ।

**दूरदर्शिता र योजना प्रक्रियाबिचको तालमेल**

युएनडिइएसएको नीति संक्षिप्त विवरणले औंल्याएअनुसार अधिकांश सरकारहरूमा दूरदृष्टि, प्रमाणित गर्ने दस्तावेज, दीर्घकालीन सोच, अवस्था विश्लेषण, रणनीतिक कार्ययोजनाको अभाव छैन। नेपालमा पनि राष्ट्रिय योजना आयोगका अनुसार दिगो विकास लक्ष्य नभनिए पनि हाम्रा पूर्वाधार विकास आयोजना तथा अन्य सेवा क्षेत्रमा नियमित बजेट विनियोजन तथा सोबमोजिमका कार्यहरू भइरहेका छन्। दिगो विकास लक्ष्य नै भनेर कार्यक्रम निर्माण, लेखाजोखा तथा सूचकहरूअनुसारको प्रगति मापन भने गर्नुपर्ने छ।

युएनडिइएसएको नीति संक्षिप्त रिपोर्टमा दिगो विकास लक्ष्यका विषयवस्तु र उल्लेख गरिएका पक्ष तथा तोकिएका जिम्मेवार निकायका अधिकारीहरूले कार्यान्वयनका लागि त्यति ध्यान दिँदैनन् भन्ने टिप्पणी रहेको छ। प्रतिवेदनमा विभिन्न समय र स्रोतको प्रयोगबाट तयार भएका दस्तावेजहरूमा सुझाइएका विषयमा नीति, विधि तथा कार्यक्रम निर्माण गर्ने, वास्तविक बजेट विनियोजन र समयमै निर्णय गरी कार्यान्वयन वा तयारी गर्ने जस्ता विषयहरू उल्लेख गरेको छ। यसअलावा मन्त्रालयगत जिम्मेवारी र वार्षिक योजना चक्रसँग जोड्ने संस्थागत संयन्त्रको कार्यशैली (धेरै लापरबाही) तथा कतिपय विशिष्टीकृत संरचनाको अभाव छ भन्ने उल्लेख गरिएको छ।

नेपालको हकमा यो प्रतिवेदनमा उल्लेखित कुराहरू धेरै हदसम्म प्रत्यक्ष रूपमा मिल्दाजुल्दा छन्। राष्ट्रिय योजना आयोगले अन्तर्राष्ट्रिय विज्ञहरूको सहभागितामा ‘भिजिओनिङ नेपाल २०३०’ जस्ता दीर्घकालीन अभ्यास सञ्चालन गरेको हो। पन्ध्रौं र सोह्रौं आवधिक योजना (२०१९-२०२४ र २०२५-२०२९) स्पष्ट रूपमा एसडिजीसँग तालमेल मिलाइएका पनि छन्। नेपालले सन् २०५० सम्मको परिदृश्य समावेश गरेको शून्य कार्बन उत्सर्जन दीर्घकालीन रणनीति पनि तयार पारेको छ। यसले नेपालसँग दूरदर्शिता निर्माण गर्ने क्षमता रहेको प्रमाणित गर्छ। तथापि दस्तावेज, संरचना र संयन्त्र तथा कार्यकुशलताबिचको खाडल विद्यमान देखिन्छ।

> दिगो विकास लक्ष्य हासिल गर्न सरकार र नागरिक समाजबिच औपचारिक, नियमित र प्रभावकारी सहकार्य आवश्यक छ। गैरसरकारी संस्थालाई नियन्त्रणभन्दा साझेदारी र परिणाममुखी उत्तरदायित्वको दृष्टिले हेर्नुपर्छ।

**नागरिक समाजसँगको सम्बन्ध : फराकिलो नभई साँघुरिँदै**

नेपालका नागरिक समाज, गैरसरकारी संस्था र समुदायमा आधारित संस्थाहरूले विगतदेखि नै राज्यले पुग्न नसकेका स्थान र समुदायसम्म पुग्ने सबैभन्दा प्रभावकारी साझेदारीमा कार्यक्रम गर्दै आएका छन्। सन् २०१५ को भूकम्पपछिका राहत, पुनर्स्थापना तथा पुनर्निर्माणका कार्यहरू गर्न सरकारका मन्त्रालयभन्दा पहिले गाउँ-गाउँमा नागरिक समाजका संस्थाहरू नै स्रोत-साधनसहित राहतका लागि पुगेका थिए। संविधान निर्माण प्रक्रियामा पनि सीमान्तकृत समुदायको आवाज राष्ट्रिय बहसमा ल्याउने काम नागरिक समाजका सञ्जालले नै गरेका थिए। शासन व्यवस्था बदलिने तर नागरिक संलग्नताका संस्थाहरूलाई समयानुकूल हुने गरी कार्य गर्न र बदलिएको शासन व्यवस्थाले सहकार्य तथा शासन गर्न सक्ने बनाउने कुरामा खासै चासो राखेको देखिएको छैन। नेपालको संविधान २०७२ मा जारी भएपछि नेपालका नागरिक समाज, गैरसरकारी संस्था र समुदायमा आधारित संस्थाहरूका सम्बन्धमा नीतिगत र संस्थागत बनाउनेमा कुनै कार्य गरेको छैन भने हुन्छ। संस्थादर्ता ऐन, २०३४ र राष्ट्रिय निर्देशन ऐन, २०१८ बमोजिम गठन भएका संस्थाहरू अहिलेको परिस्थितिमा पनि कार्यरत छन्। संघीय शासन पद्धतिसहितको संविधान २०७२ मा जारी भएपछि संघ-संस्था गठन, नियमन तथा कतिपय ऐन खारेज गर्ने निर्णय सरकारले गरे पनि आजका मितिसम्ममा तात्त्विक रूपमा केही हुन सकेको छैन।

गत वर्ष २०८२ भदौ २३ र २४ अगाडिको सरकारले तयार गरेको गैरसरकारी संस्था नियमन विधेयकको मस्यौदाले कडा आलोचना खेपेको थियो। यसले संस्थाहरूलाई कठोर वर्गीकरणमा राख्ने, भौगोलिक क्षेत्र वा विषयक्षेत्र विस्तार गर्नसमेत सरकारी स्वीकृति अनिवार्य गर्ने र सामान्य नागरिक क्रियाकलापलाई संवैधानिक अधिकारभन्दा प्रशासनिक स्वीकृतिको विषय बनाइदिने प्रावधान समावेश गरेकाले बढी आलोचना भएको थियो। साथै सामाजिक कल्याण परिषद्मार्फतको आयोजना स्वीकृति र अनुगमन प्रक्रिया विलम्बित र कठोर रहेको गुनासो गैरसरकारी संस्था महासंघले समेत उठाइरहेको अवस्था थियो। गैरसरकारी क्षेत्रमा कार्य गर्ने कर्मचारीसमेत पार्टीपंक्तिका व्यक्ति पर्न थालेकाले स्वतन्त्र युवाको आह्वानमा भ्रष्टाचाररहित सुशासनका लागि भएको आन्दोलनमा योग्य एवं सक्षम युवाले बिना चाकडी र पार्टीको झन्डा नबोकी रोजगारीको अवसर पाउनुपर्ने माग पनि समावेश गरेका थिए। सरकारको त्यो किसिमको ऐनकानुन बनाउने कदमले जराधारका रूपमा कार्यरत संस्थाहरूसँगको साझेदारीलाई निरुत्साहित गर्छ भन्ने आमधारणा थियो। त्यसैले गैरसरकारी महासंघले नियामक निकाय स्वतन्त्र र छरितो हुनुपर्ने माग गरेका थिए। ती सबै कदम युवामैत्री हुन नसकेका कारणले पनि सरकार नै ढल्यो।

यो प्रवृत्ति संयुक्त राष्ट्रसंघीय नीति संक्षेप प्रतिवेदनले सिफारिस गरेको दिशाको विपरीत हो। उक्त प्रतिवेदनले राष्ट्रिय योजनाका लागि काम गर्ने सरकारी निकायले नागरिक समाजलाई प्रोत्साहन तथा सहकार्य गर्ने र सम्पादित कार्यका लागि प्रमाण र वैधानिकता दिने निकाय वा स्रोतको रूपमा नभई नियमन गर्नुपर्ने विषयको रूपमा व्यवहार गरेको अवस्था थियो। जसका कारण पार्टीपक्षका संस्थाको कामहरू, जुन कागजमा राम्रो देखिने तर स्रोत बढी प्रवाह भएका क्षेत्रजस्तै कर्णाली र मधेस प्रदेशमा गरिबी न्यूनीकरण, प्राथमिक स्वास्थ्य सेवा तथा शिक्षा र सिप विकासका लागि एसडिजीअन्तर्गतका सबैभन्दा बढी स्रोत र सम्भावना भएर पनि प्रभावहीन योजना बन्ने जोखिम रहेकै अवस्था थियो। यसका साथै विदेशी संस्थाले धेरैजसो आफूखुसी कार्यान्वयनको चाँजोपाँजो मिलाए र कतिपयले सामाजिक-आर्थिक उन्नतिभन्दा पनि राजनीतिक परिवर्तनका लागि कार्य गर्न आफ्ना स्थानीय साझेदार संस्था र उनीहरूमार्फत कार्यक्रमका नाममा समुदायलाई उक्साए। यसरी हेर्दा दिगो विकास लक्ष्यका लागि सामाजिक संघ-संस्था, नागरिक समाज आदिको संलग्नता र स्रोत परिचालनबाट दिगो विकास लक्ष्यमा पुग्ने सरकारी तयारीले सार्थकता पाएको अवस्था पनि छैन।

**निष्कर्ष र सिफारिस**

नेपालको एसडिजी सूचकांकमा भएको सुधार वास्तविक र स्वीकार्य उपलब्धि हो। तर विश्वव्यापी रूपमा नै लक्ष्यहरू असफल हुँदै गरेको सूचकांकमा तुलनात्मक सुधार भनेको अन्तिम नतिजा होइन। बरु आगामी वर्षहरू विगतका वर्षभन्दा बढी काम गर्न सकेमा महत्त्वपूर्ण हुनेछन् भन्ने संकेत मात्र हो। यस आधारमा वर्तमान सरकारका लागि निम्न तीन प्रस्ताव प्रेषित छन्- योजनालाई नीतिकार्यक्रममा समावेश गरी बजेटसँग संस्थागत रूपमा जोड्ने, एनजिओ र सिबिओसँगको संवाद औपचारिक र नियमित बनाउने र गैरसरकारी संस्था नियमन विधेयकलाई नियतको कसीको रूपमा हेर्ने।

# असन्तुष्टिबाट निकासतर्फको राजनीतिक यात्रा



बद्री अर्याल

राष्ट्रको इतिहासमा केही क्षण यस्ता हुन्छन्, जब सडकमा देखिएको भिड वास्तवमा सडकको भिड मात्र हुँदैन, त्यो लामो समयदेखि सञ्चित आक्रोश, अपूरा आकांक्षा, राज्यप्रतिको अविश्वास, राजनीतिक नेतृत्वप्रतिको वितृष्णा र भविष्यप्रतिको बेचैनीको सामूहिक अभिव्यक्ति हुन्छ। नेपालको गत भदौको जेनजी आन्दोलन त्यस्तै एउटा निर्णायक क्षण थियो।

सडकले असन्तुष्टि व्यक्त गर्छ, निर्वाचनले विकल्प रोज्छ तर शासनले त्यो विकल्पलाई परिणाममा रूपान्तरण गर्नुपर्छ। आन्दोलनले सरकार ढाल्न सक्छ, निर्वाचनले सरकार बनाउन सक्छ तर राष्ट्रको मनोविज्ञान बदल्न सक्ने काम केवल विश्वसनीय नेतृत्वले गर्छ।

**जनतामा असन्तुष्टि र राजनीतिक व्यवहार**

नेपालको वर्तमान राजनीतिक मनोविज्ञान बुझ्न एउटा महत्त्वपूर्ण तथ्यबाट सुरु गर्नुपर्छ। नेपाली नागरिक लोकतन्त्रबाट पूर्ण रूपमा विमुख भएका छैनन्। अन्तर्राष्ट्रिय रिपब्लिकन इन्स्टिच्युटको २०२४ को राष्ट्रव्यापी सर्वेक्षणमा ५९ प्रतिशत नेपालीले लोकतन्त्रलाई देशका लागि सबैभन्दा राम्रो शासन प्रणाली मानेका थिए। तर त्यही सर्वेक्षणमा ६२ प्रतिशतले नयाँ दलको आवश्यकता देखाएका थिए। यी दुई तथ्यबिचको दुरी नै नेपालको राजनीतिक मनोविज्ञान बुझ्ने एउटा चाबी हो।

जनता लोकतन्त्र चाहन्छन् तर लोकतन्त्रको नाममा दोहोरिने पुरानो राजनीतिक व्यवहार चाहँदैनन्। जनता राजनीतिक प्रतिनिधित्व चाहन्छन् तर प्रतिनिधित्वलाई व्यक्तिगत लाभ र गुटबन्दीको माध्यम बनाइएको हेर्न चाहँदैनन्। जनता सरकार बलियो होस् भन्ने चाहन्छन् तर बलियो सरकारलाई निरंकुश वा अपारदर्शी बनाउन चाहँदैनन्। उनीहरू परिवर्तन चाहन्छन् तर अराजकता होइन। त्यसैले जेनजी आन्दोलनको गहिरो सन्देश ‘राजनीति अन्त्य गर’ भन्ने थिएन। त्यसको अर्थ थियो-राजनीति बदल, राजनीति गर्ने तरिका बदल।

यो अन्तर नबुझ्ने नेतृत्वले आन्दोलनको कारण बुझ्न सक्दैन। सडकमा देखिएको असन्तुष्टिलाई केवल भिडको आवेग ठान्नु राजनीतिक भुल हुन्छ किनकि भिड एक दिन सडकमा आउँछ तर त्यसको मनोविज्ञान धेरै वर्षसम्म समाजभित्र निर्माण भइरहेको हुन्छ। जब नागरिकले पटकपटक सरकार परिवर्तन भएको तर आफ्नो जीवनमा अपेक्षित परिवर्तन नदेखेको अनुभव गर्छ, उसमा एउटा मनोवैज्ञानिक निष्कर्ष बन्न थाल्छ- नेता बदलिन्छन्, मेरो अवस्था बदलिँदैन। त्यही निष्कर्ष लोकतन्त्रका लागि सबैभन्दा खतरनाक हुन्छ।

**आन्दोलनपछि आशा र आशापछि प्रश्न**

आन्दोलनपछि जनताले पुरानो राजनीतिक संरचनालाई चुनौती दिए र नयाँ शक्तिलाई अभूतपूर्व अवसर दिए। २०८२ सालको निर्वाचन परिणाम त्यसको प्रमाण हो। राष्ट्रिय स्वतन्त्र पार्टीले १८२ सिट जित्दा नेपाली कांग्रेस ३८ र नेकपा एमाले २५ सिटमा सीमित भए। यो केवल सिटको गणित थिएन। यो राजनीतिक मनोविज्ञानको ठुलो स्थानान्तरण थियो।

जनताले पाँच वर्षमा सबै समस्याको समाधान मागेका हुँदैनन्। उनीहरूलाई चार महिनामा देश कायापलट हुन्छ भन्ने भ्रम पनि हुँदैन। उनीहरूले केही कुरा छिट्टै खोज्छन्- दिशा, प्राथमिकता, निर्णय क्षमता, अनुशासन, पारदर्शिता र काम गर्ने शैली। सरकारले सुरुवाती महिनामै यी संकेत दिन सकेन भने नागरिकको आशा बिस्तारै शंकामा बदलिन थाल्छ।

यसलाई सरकार असफल भयो भनेर तुरुन्त निष्कर्ष निकाल्नु उचित हुँदैन तर ठुलो जनादेश पाएको सरकारप्रति नागरिकले छिटो प्रश्न उठाउनु स्वाभाविक हो। किनकि जति ठुलो अपेक्षा, त्यति छिटो विश्वासको परीक्षण। आजको नेपालको चुनौती यही मनोवैज्ञानिक संक्रमण हो- आन्दोलनले जन्माएको आशालाई शासनको विश्वसनीयतामा कसरी रूपान्तरण गर्ने ?




**आर्थिक कठिनाइभन्दा गहिरो भविष्यप्रतिको अविश्वास**

कुनै पनि राष्ट्रको विकास केवल सडक, पुल, विद्युत्, बजेट र भवनले हुँदैन। राष्ट्र निर्माणको एउटा अदृश्य पक्ष हुन्छ- नागरिकले आफ्नो भविष्यप्रति कति विश्वास गर्छन् ? गरिबी समाधान गर्न सकिन्छ। बेरोजगारी घटाउन सकिन्छ। उद्योग खोल्न सकिन्छ। उत्पादन बढाउन सकिन्छ। एउटा पुस्ताले ‘यो देशमा मेरो भविष्य छैन’ भन्ने निष्कर्ष निकाल्यो भने आर्थिक सुधारको गति पनि कमजोर हुन्छ।

विश्व बैंकको २०२६ को नेपाल विकास अपडेटले नेपालको अर्थतन्त्रमा संरचनात्मक कमजोरी, कमजोर घरेलु रोजगारी सिर्जना, न्यून निजी लगानी र निरन्तर वैदेशिक पलायनलाई प्रमुख चुनौतीका रूपमा औंल्याएको छ। रेमिट्यान्सले गरिबी घटाउन ठुलो योगदान गरे पनि त्यसले पर्याप्त गुणस्तरीय घरेलु रोजगारी सिर्जना गर्न सकेको छैन। यहीं राजनीतिक र आर्थिक मनोविज्ञान जोडिन्छ।

विश्व बैंकका अनुसार २०२३ मा रेमिट्यान्स नेपालको कुल गार्हस्थ्य उत्पादनको करिब एकचौथाइ पुगेको थियो। अर्कातर्फ, देशको श्रमशक्तिको ठुलो हिस्सा अनौपचारिक क्षेत्रमा छ। त्यसैले युवाको प्रश्न केवल रोजगारीको होइन। ‘म किन आफ्नो देशमा आफ्नो श्रमको सम्मानजनक मूल्य पाउन सक्दिनँ ?’ यो प्रश्नको राजनीतिक उत्तर नदिई कुनै सरकारले स्थायी आशा निर्माण गर्न सक्दैन।

**विश्वास गर्न सकिने नेतृत्वको अभाव**

नेपालमा अहिले ‘ठुलो नेता कहाँ छ ?’ भन्ने प्रश्न सुनिन्छ। तर वास्तविक प्रश्न अझ गहिरो छ- विश्वास गर्न सकिने नेतृत्व कहाँ छ ? ‘टावरिङ पर्सनालिटी’को खोजी लोकतान्त्रिक समाजमा स्वाभाविक आकर्षण हो। संकटमा मानिसलाई एउटा स्पष्ट अनुहार चाहिन्छ। निर्णय गर्ने, दिशा दिने र समाजलाई आश्वस्त पार्ने व्यक्ति चाहिन्छ तर लोकतन्त्रको दीर्घकालीन समाधान एउटा असाधारण व्यक्तिमा निर्भर हुनुहुँदैन। व्यक्ति कमजोर हुन सक्छ, संस्था कमजोर हुनुहुँदैन। नेता असफल हुन सक्छ, प्रणाली असफल हुनुहुँदैन।

> सडकले असन्तुष्टि व्यक्त गर्छ, निर्वाचनले विकल्प रोज्छ तर शासनले त्यो विकल्पलाई परिणाममा रूपान्तरण गर्नुपर्छ। आन्दोलनले सरकार ढाल्न सक्छ, निर्वाचनले सरकार बनाउन सक्छ तर राष्ट्रको मनोविज्ञान बदल्न सक्ने काम केवल विश्वसनीय नेतृत्वले गर्छ।

**नेपाललाई अर्को व्यक्ति होइन, अर्को दिशा चाहिएको छ**

नेपालको राजनीतिक बहस अझै पनि अत्यधिक व्यक्तिकेन्द्रित छ। को प्रधानमन्त्री ? को पार्टी सभापति ? कसको गुट बलियो ? कसले चुनाव जित्छ ? तर राष्ट्रको वास्तविक प्रश्न यति मात्र होइन।

आगामी वर्षमा नेपालको अर्थतन्त्र कस्तो हुनेछ ? कृषि उत्पादन कसरी बढ्नेछ ? ऊर्जालाई उद्योगसँग कसरी जोड्ने ? रेमिट्यान्सलाई उत्पादन र लगानीमा कसरी रूपान्तरण गर्ने ? युवालाई विदेश जानुपर्ने बाध्यता कसरी घटाउने ? पर्यटन र डिजिटल अर्थतन्त्रलाई रोजगारीको आधार कसरी बनाउने ? राज्यका स्थायी संस्थालाई राजनीतिक हस्तक्षेपबाट कसरी मुक्त गर्ने ? यी प्रश्नमा स्पष्ट राष्ट्रिय दृष्टिकोणबिना सरकार परिवर्तन र नेतृत्व परिवर्तनको अर्थ सीमित हुन्छ।

**गुट व्यवस्थापन होइन, राष्ट्रिय मनोविज्ञान व्यवस्थापन**

नेपालको राजनीतिक निकासका लागि अब नेतृत्वले नागरिकको मनोविज्ञान बुझ्नुपर्छ। नागरिकमा निराशा, युवाको अधैर्य, जनतामा असुरक्षा, व्यवसायीमा अनिश्चितता छ। राज्यप्रतिको अविश्वास छ, भविष्यप्रतिको चिन्ता अत्यधिक छ। यी भावनालाई केवल भाषणले व्यवस्थापन गर्न सकिँदैन। सरकारले निश्चित समयसीमा भएका लक्ष्य घोषणा गर्नुपर्छ। प्रत्येक वर्ष आफ्नो कार्यसम्पादन सार्वजनिक गर्नुपर्छ। के गरियो, के गरिएन र किन गरिएन भन्ने जवाफ दिनुपर्छ।

सबैभन्दा महत्त्वपूर्ण कुरा, राजनीतिक सफलताको मापदण्ड निर्वाचन जित्नु होइन, नागरिकको जीवनमा परिवर्तन ल्याउनु हुनुपर्छ। जनतालाई ‘मलाई विश्वास गर’ भन्ने नेतृत्वभन्दा ‘मलाई परीक्षण गर’ भन्ने नेतृत्व चाहिएको छ। यही नै नयाँ राजनीतिक संस्कारको आधार हो। नेपालको वर्तमान संकटलाई केवल सरकारको संकट भनेर बुझ्नु पर्याप्त छैन। यो नेतृत्वको संकट पनि हो, संस्थाको संकट पनि हो र नागरिकको भविष्यप्रतिको विश्वासको संकट पनि हो।

*अर्याल जय नेपाल फाउन्डेसनमा संस्थापक अध्यक्ष हुन्।*

# ‘सिप्रदी यात्री पी-२ स्कुटर’ सार्वजनिक



काठमाडौं, भदौ ८ (नागरिक)- नेपालमै उत्पादन भएको ‘सिप्रदी यात्री पि- २ विद्युतीय स्कुटर’ सार्वजनिक भएको छ। टाटा गाडीको नेपालस्थित आधिकारिक वितरक सिप्रदी ट्रेडिङ कम्पनीले सोमबार पहिलोपटक स्वदेशी डिजाइन र इन्जिनियरिङमा उत्पादन भएको ‘सिप्रदी यात्री पी- २ विद्युतीय स्कुटर सार्वजनिक गरेको हो।

काठमाडौंको बुढानिलकण्ठमा इन्जिनियरिङ डिजाइन भई धादिङको गजुरीमा नेपालका सडक तथा भूगोलसुहाउँदो उत्पादन भएको सो स्कुटर निर्माण तरिकाबारे प्राविधिक जानकारी दिलाउन कारखानाको स्थलगत अवलोकनपछि आयोजित विशेष कार्यक्रममा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले विद्युतीय स्कुटर सार्वजनिक गरेका हुन्।

अर्थमन्त्री वाग्लेले बुढानिलकण्ठमा डिजाइन गरी धादिङको गजुरीमा उत्पादन भएको यस विद्युतीय यात्री पी- २ स्कुटर सार्वजनिक गर्न पाउँदा आफूलाई गौरव लागेको बताए। उनले देशमा केही हुँदैन भन्नेका लागि यो स्कुटरले नेपाल स्कुटरलगायतका सवारी साधन उत्पादन गर्न सक्षम भएको उदाहरण प्रस्तुत गरेको बताए। उनले यो स्कुटरको डिजाइन र मोडल पनि आकर्षित रहेको बताए।

सिप्रदी ट्रेडिङ कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) राजनबाबु श्रेष्ठले स्कुटर नयाँ विद्युतीय उत्पादन मात्र नभएर सम्पूर्ण नेपालीको विश्वासको प्रतीक भएको बताए।

४४ वर्षदेखि टाटा गाडीको नेपालस्थित आधिकारिक बिक्रेता कम्पनी सिप्रदीले मुलुकको अटो बजारमा आवश्यक पूर्वाधार तथा औद्योगिक वातावरण सिर्जना गर्दै आएको जानकारी गराउँदै उनले विद्युतीय स्कुटर उत्पादनको सफलतापछि आगामी दिनमा थप डिजाइन र मोडलका स्कुटर तथा मोटरसाइलक उत्पादन गर्दै जाने लक्ष्य लिएको बताए। कार्यक्रममा सिप्रदी ट्रेडिङका ग्रुप प्रेसिडेन्ट मनीष अग्रवाल, यात्री पी- २ स्कुटर उत्पादन डिजाइन निर्देशक तथा सिइओ असिम पाण्डेले साढे दुई घन्टा नर्मल चार्ज गर्दा एक ५७ किमी माइलेज दिने र डिसी फास्ट चार्जबाट ४१ मिनेटमै फुल चार्ज हुने बताए।

सिप्रदी यात्री कम्पनीका प्रमुख कार्यकारी अधिकृत राजेशप्रसाद गिरीले स्वदेशी डिजाइनमा उत्पादन भएको यो स्कुटर सार्वजनिक भएपछि नेपाल सवारी साधनमा छिटै आत्मनिर्भरतर्फ लम्कन सक्ने क्षमता प्रस्तुत गर्न सफल भएको बताए। उनले अहिले काठमाडौंको बुढानिलकण्ठमा डिजाइन भई गजुरीमा उत्पादन गरिएको यस कम्पनीको मुख्य कारखानाको औपचारिक उद्घाटन भने आगामी असोज १ मा हुने जानकारी गराए। यस कम्पनीको मुख्य कारखाना धादिङको गजुरीमा रहेको छ।

# मुख्यमन्त्रीसहित तीन मन्त्रीकै जिल्लामा छैन सिटीस्क्यान

**मदन ठाकुर**

*रौतहट भदौ ८*

मधेस प्रदेशमा मुख्यमन्त्रीसहित तीनजना मन्त्री रहेको रौतहट जिल्लामा सिटीस्क्यान मेसिन नहुँदा सर्वसाधारणले हैरानी खेप्नुपरेको छ। मुख्यमन्त्रीमा कृष्णप्रसाद यादव, अर्थमन्त्रीमा युवराज भट्टराई ‘समीर’ र स्वास्थ्यमन्त्रीमा नागेन्द्र साहले रौतहटबाटै प्रतिनिधित्व गर्दछन्। तर जिल्लाका स्वास्थ्य संस्थाहरूमा सिटीस्क्यान छैन। सरकारी अस्पतालमा अत्यावश्यक सिटी स्क्यान सेवाको अभाव जिल्ला सदरमुकाम गौरमा आधुनिक र आकर्षक अस्पताल भवन देखिए पनि गम्भीर प्रकृतिका बिरामीलाई आवश्यक पर्ने सिटी स्क्यान सेवा उपलब्ध नहुँदा उपचारका लागि वीरगन्ज, जनकपुर वा सीमावर्ती भारतीय सहरसम्म पुग्नुपर्ने बाध्यता ज्यूँका त्यूँ छन्।

नागरिक समाजका सचिव विजयकिशोर झाले गौर प्रादेशिक अस्पताललाई मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको शिक्षण अस्पतालका रूपमा विकास गर्न पहल गर्नुपर्ने बताउँछन्। ‘गौर अस्पताललाई प्रतिष्ठानसँग आबद्ध गर्न सके विशेषज्ञ चिकित्सकको उपलब्धता, उपचार सेवा र स्वास्थ्य शिक्षाको वातावरणमा उल्लेख्य सुधार ल्याउन सकिन्छ।’ गम्भीर चोटपटक, टाउकोमा समस्या, स्ट्रोक, दुर्घटना तथा अन्य जटिल स्वास्थ्य अवस्थाका बिरामीको उपचारमा सिटी स्क्यान महत्त्वपूर्ण मानिन्छ। यस्तो सुविधा नहुँदा बिरामी र आफन्तले अतिरिक्त खर्च, समय र जोखिम बेहोर्नुपर्ने अवस्था छ।

सरकारी स्वास्थ्य संस्थातर्फ हेर्दा मधेस प्रदेशमा सिटी स्क्यान सेवा सीमित अस्पतालमा मात्र सञ्चालनमा रहेको देखिन्छ। वीरगन्जको नारायणी अस्पताल, जनकपुरको मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान र राजविराजस्थित गजेन्द्रनारायण सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सेवा सञ्चालनमा छ। बारा, रौतहट, सर्लाही, महोत्तरी र सिरहा जिल्लाका धेरै सरकारी अस्पतालमा भने सिटी स्क्यान सेवा उपलब्ध छैन।


**CUREX PHARMACEUTICALS PVT. LTD.**

(A WHO-GMP, An ISO 9001:2008, An ISO 14001:2004 Certified company)

Contact No: 9851030877, 9851141089
Email ID: ajambarigroup@gmail.com

## सार्वजनिक जानकारीको लागि सूचना जारी गरिन्छ

यस क्युरेक्स फर्मास्यूटिकल्स प्रा.लि. बाट उत्पादित औषधिहरुको मूल्य आ.व. २०८३/०८४ को लागि निर्धारण गरि यो दररेट राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिएको छ। यदि यी औषधिहरु कुनै संघ संस्था वा नेपाल सरकार अन्तर्गतका कार्यालयले खरिद गर्नु परेमा यस कम्पनीका आधिकारिक बिक्रेता **श्री अजम्बरी फर्मास्यूटिकल्स, बज्रबाराही, ललितपुर** मु.अ.कर दर्ता नं. ३०२६९५४९४ सँग खरिद गर्नहुन यो सूचना प्रकाशित गरिएको छ।

**CUREX PHARMACEUTICAL'S PRODUCT RATE LIST (FY:2083-2084)**

| S.N. | Generic Name | Rate NPR |
|---|---|---|
| 1 | Acyclovir 5g Cream | 80 |
| 2 | Acyclovir 200mg | 10 |
| 3 | Acyclovir 400mg | 20 |
| 4 | Albendazole 400mg | 10 |
| 5 | Albendazole Susp | 18 |
| 6 | Alprazolam 0.25mg | 1.7 |
| 7 | Alprazolam 0.50mg | 3.4 |
| 8 | Amitriptyline 10mg | 2.4 |
| 9 | Amitriptyline 25mg | 3.8 |
| 10 | Amlodipine + Losartan pottassium L 27.5mg | 6 |
| 11 | Amlodipine + Losartan pottassium L 55mg | 12 |
| 12 | Amlodipine 2.5mg | 2.3 |
| 13 | Amlodipine 5mg | 5 |
| 14 | Amlodipine 10mg | 8 |
| 15 | Amoxycillin 125mg | 3 |
| 16 | Amoxycillin 250mg | 5 |
| 17 | Amoxycillin 500mg | 8 |
| 18 | Amoxycillin 60ml Dry syrup | 80 |
| 19 | Amoxycillin 90ml Dry syrup | 110 |
| 20 | Antacid Tab | 4 |
| 21 | Antacid Gel | 121 |
| 22 | Anticold Tab | 3 |
| 23 | Anticold Susp | 55 |
| 24 | Atenolol 25mg | 2 |
| 25 | Atenolol 50mg | 3.5 |
| 26 | Atenolol 100mg | 5 |
| 27 | Atorvastatin 10mg | 10.78 |
| 28 | Atorvastatin 20mg | 20.6 |
| 29 | Azithromycin 250mg | 17.45 |
| 30 | Azithromycin 500mg | 30 |
| 31 | Azithromycin 100mg Susp | 110 |
| 32 | Azithromycin 200mg Susp | 160 |
| 33 | Benzoic acid + Salicyclic acid 30gm | 65 |
| 34 | Calamine 30ml | 45 |
| 35 | Calamine 100ml | 110 |
| 36 | Calcium 500mg Tab | 6 |
| 37 | Calcium Susp | 100 |
| 38 | Cefixime 100mg | 16 |
| 39 | Cefixime 200mg | 20 |
| 40 | Cefixime 400mg | 50 |
| 41 | Cefixime 60ml Syrup | 200 |
| 42 | Cefpodoxime 200mg | 25 |
| 43 | Cefpodoxime 60ml Syrup | 185 |
| 44 | Cetirizine HCL 10mgTab | 4 |
| 45 | Cetirizine HCL 30ml Susp | 55 |
| 46 | Chloramphenicol 500 Cap | 14 |
| 47 | Chloramphenicol Syrup | 100 |
| 48 | Chlorhexidine Gluconate Mouthwash | 100 |
| 49 | Chlorpheniramine Maleate 4mg | 1.5 |
| 50 | Ciprofloxacin 250mg | 6 |
| 51 | Ciprofloxacin 500mg | 8 |
| 52 | Clotrimazole Cream 15g Tube | 55 |
| 53 | Clotrimazole Pessary Tab | 11 |
| 54 | Clotrimazole Vaginal Oint. | 80 |
| 55 | Cloxacillin Sodium 250mg | 5 |
| 56 | Cloxacillin Sodium 500mg | 13 |
| 57 | Cloxacillin Sodium 90ml Dry Syrup | 130 |
| 58 | Diclofenac 50mg Tab | 4 |
| 59 | Diclofenac 30gm Gel | 95 |
| 60 | Diclofenac Mouth Wash 100ml | 110 |
| 61 | Domperidone 10mg Tab | 5 |
| 62 | Domperidone Susp | 50 |
| 63 | Empagliflozin 10 mg. | 25 |
| 64 | Empagliflozin 25 mg. | 30 |
| 65 | Esomeprazole 40Mg | 11 |
| 66 | Ferrous Salt + Folic acid (Iron) Tab | 3 |
| 67 | Fexofenadine 120mg | 11 |
| 68 | Fexofenadine 180mg | 16 |
| 69 | Fexofenadine 100ml Susp | 150 |
| 70 | Fluconazole 150mg | 24 |
| 71 | Folic acid 5mg Tab | 2.25 |
| 72 | Frusemide 40mg | 1.5 |
| 73 | Gabapentin 100mg Cap | 6 |
| 74 | Gabapentin 300mg Cap | 15 |
| 75 | Gamma Benzene Hexachloride 60ml Lotion | 75 |
| 76 | Glimepiride 1mg | 4 |
| 77 | Glimepiride 2mg | 8.6 |
| 78 | Hand Sanitizer Liquid 500ml | 450 |
| 79 | Hand Sanitizer Liquid 5 Ltr | 3000 |
| 80 | Hydrochlorothiazide 12.5 Mg | 1.25 |
| 81 | Hydrochlorothiazide 25 Mg | 3 |
| 82 | Hyoscine Butyl Bromide 10mg | 12 |
| 83 | Hyoscine Butyl Bromide 20mg | 24 |
| 84 | Ibuprofen 200mG | 2 |
| 85 | Ibuprofen 400mG | 4 |
| 86 | Iron (III) hydroxide polymaltose & Folic Acid Tablets IP | 8 |
| 87 | Iron (III) hydroxide polymaltose Syrup IP | 140 |
| 88 | Iron Syrup 200ml | 140 |
| 89 | Iron Cap | 4.5 |
| 90 | Itraconazole 100mg Cap | 40 |
| 91 | Itraconazole 200mg Cap | 75 |
| 92 | Levocetirizine Tab | 6 |
| 93 | Levocetirizine Susp | 65 |
| 94 | Losartan 50mg + Hydrochlorothiazie 12.5mg Tab | 13 |
| 95 | Losartan Potassium 25 | 4.4 |
| 96 | Losartan Potassium 50 | 7.6 |
| 97 | Mefenamic Acid 250mg+ Dicyclomine 10mg Tab | 8 |
| 98 | Mefenamic Acid Tab | 5 |
| 99 | Met Glip GP 1 Forte (Metformin 1000 mg and Glimepiride 1 mg Tablet) | 11 |
| 100 | Met Glip GP 2 Forte (Metformin 1000 mg and Glimepiride 2 mg Tablet) | 12.5 |
| 101 | Met Glip GP 1 (Metformin 500mg + Glimepiride 1 mg Tab.) | 9 |
| 102 | Met Glip GP2 (Metformin 500mg + Glimepiride 2 mg Tab.) | 14.53 |
| 103 | Metformin 1000mg + Sitagliptin 50mg | 29 |
| 104 | Metformin 500mg + Sitagliptin 50mg | 26 |
| 105 | Metformin 500mg | 2 |
| 106 | Metformin 850mg | 3.5 |
| 107 | Metformin 1000 mg | 6 |
| 108 | Metformin 850mg + Sitagliptin 50mg | 27 |
| 109 | Metoprolol Succinate 12.5 mg Tab. | 4 |
| 110 | Metoprolol Succinate 25 mg Tab. | 7 |
| 111 | Metoprolol Succinate 50 mg Tab. | 10 |
| 112 | Metronidazole 100mg/5ml,60ml Susp | 60 |
| 113 | Metronidazole 200mg | 2 |
| 114 | Metronidazole 400mg | 3 |
| 115 | Montelukast 10mg + Levocetrizine 5mg Tab. | 20 |
| 116 | Montelukast 4 mg + Levocetrizine 2.5 mg. Sus. | 135 |
| 117 | Multivitamin Cap | 6 |
| 118 | Neomycin Cream 15 gm | 60 |
| 119 | Nimesulide Tab | 3 |
| 120 | Nimesulide Gel | 90 |
| 121 | Ofloxacin 100mg | 5.5 |
| 122 | Ofloxacin 200mg | 7 |
| 123 | Ofloxacin 400mg | 8 |
| 124 | Ofloxacin 60ml Susp | 90 |
| 125 | Omeprazole 20mg | 4 |
| 126 | Ondansetron 4mg | 7 |
| 127 | Ondansetron 8mg | 10 |
| 128 | Ondansetron Susp | 70 |
| 129 | ORS | 10 |
| 130 | Pantoprazole 40mg Tab | 8 |
| 131 | Pantoprazole 40mg+Domperidone 30mg Cap | 16 |
| 132 | Paracetamol 500mg & Chlorzoxazone 250mg Tab | 5.5 |
| 133 | Paracetamol 500mg & Chlorzoxazone 500mg Tab | 8.8 |
| 134 | Paracetamol & Caffeine Tablets | 2.5 |
| 135 | Paracetamol & Ibuprofen tablets | 2 |
| 136 | Paracetamol & Ibuprofen suspension | 30 |
| 137 | Paracetamol 125 60ml Susp | 30 |
| 138 | Paracetamol 500mg | 1 |
| 139 | Paracetamol Drop | 35 |
| 140 | Permethrin 5 % W/V 15 gm ointment | 60 |
| 141 | Permethrin 5 % W/V 30 gm ointment | 125 |
| 142 | Permethrin 5 % W/V 50 ml Lotion | 80 |
| 143 | Permethrin 5 % W/V 100 ml Lotion | 160 |
| 144 | Povidone Iodine 10% 30ml | 65 |
| 145 | Povidone Iodine 10% 60ml | 95 |
| 146 | Povidone Iodine 10% 100ml | 150 |
| 147 | Povidone Iodine 10% 450ml | 380 |
| 148 | Povidone Iodine 5% 30ml | 45 |
| 149 | Povidone Iodine 5% 100ml | 110 |
| 150 | Povidone Iodine 5% 450ml | 275 |
| 151 | Povidone Iodine 5% 15gm Oint | 50 |
| 152 | Povine Gargle 60 ml Mouth Wash | 65 |
| 153 | Povine Gargle 100 ml Mouth Wash | 110 |
| 154 | Pregabilin -75, Methylcobalamine 750 | 22 |
| 155 | Pregabilin -75, Methylcobalamine 1500 | 33 |
| 156 | Pregabalin 75mg | 16.5 |
| 157 | Pregabalin 150mg | 23 |
| 158 | Ramipril 2.5 mg Tab | 5.5 |
| 159 | Ramipril 5 mg Tab | 9 |
| 160 | Ramipril 10 mg Tab | 15.5 |
| 161 | Ranitidine HCL 150Mg | 3 |
| 162 | Rosuvastatin 5mg | 11 |
| 163 | Rosuvastatin 10mg | 17 |
| 164 | Rosuvastatin 20mg | 35 |
| 165 | Salbutamol 4mg Tab | 2 |
| 166 | Salbutamol 100ml Syrup | 55 |
| 167 | Serratiopeptidase 10 mg Tablet | 10 |
| 168 | Silver Sulphadiazine Cream 15gm | 75 |
| 169 | Sulphamethoxazole+Trimethoprim 480mg | 4 |
| 170 | Sulphamethoxazole+Trimethoprim 960mg | 6 |
| 171 | Sulphamethoxazole + Trimethoprim Susp | 70 |
| 172 | Terbutaline Sulphate 1.2mg + Bromhexine Hydrochloride 4mg 60ml ml Syrup | 100 |
| 173 | Terbutaline Sulphate 1.2mg + Bromhexine Hydrochloride 4mg 100 ml Syrup | 140 |
| 174 | Tinidazole 500 | 5 |
| 175 | Tinidazole 1000 | 11 |
| 176 | Ursodeoxycholic Acid 150mg | 26 |
| 177 | Ursodeoxycholic Acid 300mg | 45 |
| 178 | Vitamin A Soft Gel | 15 |
| 179 | Vitamin B Complex Tab | 5 |
| 180 | Vitamin B Complex With Zinc Cap | 6 |
| 181 | Vitamin B Complex With Zinc 100ml Syrup | 90 |
| 182 | Vitamin B Complex With Zinc 200ml Syrup | 165 |
| 183 | Vitamin D 60K Soft Gel | 50 |
| 184 | Vitamin E 400 Soft Gel | 8 |
| 185 | Vitamin E 600 Soft Gel | 10 |
| 186 | Zinc Sulphate 20mg | 5 |


## समाचार रेखा

### असंसदीय शब्दहरू अभिलेखबाट हट्दै

काठमाडौं, भदौ ८ (नागरिक)- प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्यालले सांसदहरूले संसद्मा प्रयोग गरेका अमर्यादित र असंसदीय शब्दहरू अभिलेखबाट हटाउन निर्देशन दिएका छन्। सभामुख अर्यालले भदौ १ र भदौ ३ का बैठकमा सांसदहरूले प्रयोग गरेका केही शब्द संसद्को गरिमाविपरीत रहेको ठहर गर्दै त्यसलाई रेकर्डबाट हटाउन संसद् सचिवालयलाई निर्देश गरेका हुन्। यससँगै भदौ १ को बैठकमा रास्वपा सांसद इन्दिरा राना मगरले बोलेका भालु, वेश्या र साइबर सेनाजस्ता अमर्यादित तथा अनावश्यक शब्द अब संसद्को अभिलेखमा रहने छैनन्। भदौ ३ को बैठकमा एमाले संसदीय दलका नेता रामबहादुर थापाले नागरिकको बलि, पाकिस्तानी मोडल, नर्थ कोरिया मोडल र अमेरिका भन्ने शब्दहरू अभिलेखबाट हटाइने छ।

### भिडिओ ‘लिक’ गर्ने प्रहरीलाई फौजदारी मुद्दा

बारा, भदौ ८ (नागरिक)- बाराको सिमरामा तीन वर्षीया बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या प्रकरणमा पक्राउ परेका नाबालक आरोपीको भिडियो एक प्रहरी हबल्दारले लिक भएको पुष्टि भएको छ। स्वास्थ्य परीक्षणका लागि कलैया प्रादेशिक अस्पतालमा लगिएको बेला गरिएको डाक्टरसँगको अनौपचारिक सोधपुछको भिडिओ खिचेर सार्वजनिक गरेको आरोपमा एक प्रहरी हबल्दार पक्राउ परेका छन्। मेडिकल परीक्षणका लागि आरोपितलाई कलैया अस्पताल लगिएको र त्यही क्रममा चिकित्सकले घटनाका बारेमा सोधेका थिए।

चिकित्सकहरूलाई घटनाको बयान आरोपितले दिँदा प्रहरी हबल्दारले उक्त भिडिओ खिचेर अन्यलाई पठाएका थिए। सामाजिक सञ्जालमा भाइरल उक्त भिडिओमा आरोपी किशोरले घटनामा आफ्नो संलग्नता स्वीकार गर्दै थप एक स्थानीय व्यक्तिको नामसमेत लिएका छन्। गम्भीर प्रकृतिको घटनामा संवेदनशील भिडिओ बाहिरिएपछि प्रहरीले आन्तरिक छानबिन गरेको थियो। अनुसन्धानका क्रममा भिडिओ खिच्ने प्रहरीबाटै लिक भएको देखिएपछि प्रहरी हबल्दार कुमार विकलाई नियन्त्रणमा लिइएको हो।

### देउवा भेटाउने जिम्मा मेरो : थापा

भक्तपुर, भदौ ८ (नागरिक)- नेपाली कांग्रेस भक्तपुरका सभापति दुर्लभ थापाले पार्टी सभापति शेरबहादुर देउवासँग भेटाउने जिम्मा आफूले लिने बताएका छन्। सोमबार सामाजिक सञ्जाल फेसबुकमा उनले लेखेका छन्, ‘श्रद्धेय नेता एवं पूर्वप्रधानमन्त्री तथा पार्टी सभापति शेरबहादुर देउवालाई भेटाउने जिम्मा मेरो। कहिले भेट्ने हो महोदय ?’ कांग्रेस पार्टी सभापति गगन थापाले पार्टी संस्थापन पक्षका सभापति शेरबहादुर देउवासँग भेट्न नपाएको समाचार बाहिर आएपछि यही सन्दर्भलाई लिएर जिल्ला पार्टी सभापति थापाले यस्तो स्टाटस लेखेका हुन्। गगन थापाले पार्टी संस्थापन पक्षका सभापति शेरबहादुर देउवासँग भेट्न समय मागेको तर समय नपाएको समाचार सोमबार सार्वजनिक भएको थियो। यही विषयलाई लिएर जिल्ला पार्टी सभापति थापाले उक्त स्टाटस लेखेका हुन्। ‘तपाईंलाई देउवासँग भेटाउने जिम्मा मेरो भयो।’

### जनमतको महाधिवेशन असोज ९ र १० मा

काठमाडौं, भदौ ८ (नागरिक)- जनमत पार्टीले दोस्रो महाधिवेशन आगामी असोजमा गर्ने भएको छ। सोमबार बसेको केन्द्रीय सचिवालयको बैठकले आगामी असोज ९ र १० गते महाधिवेशन गर्ने जनाएको हो। उसले भदौ २१ गते आइतबारसम्म देशभरका सम्पूर्ण वडा तथा पालिका अधिवेशनहरू सम्पन्न गरी त्यसको विवरण केन्द्रीय सचिवालयमा पठाइसक्नुपर्ने निर्णय गरिएको छ। भदौ मसान्तसम्म कायम रहेका सबै सदस्यहरूलाई क्रियाशील सदस्यता कायम गर्ने निर्णय पनि बैठकले गरेको छ। महाधिवेशनमा प्रतिनिधि बन्न तथा उमेदवार हुनका लागि सदस्यता नवीकरण अनिवार्य गरिएको छ।

### तीन करोड अपचलनको आरोपमा सात लाख धरौटी

बाँके, भदौ ८ (नागरिक)- कर्णाली डेभलपमेन्ट बैंकको रकम हिनामिना तथा अपचलनमा संलग्न रहेको आरोप लागेका तत्कालीन कर्मचारी प्रशान्त श्रेष्ठलाई अदालतले सात लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको छ। बैंकबाट करिब तीन करोड २० लाख रुपैयाँ अपचलन भएको दाबी गरिएको मुद्दामा आरोपित श्रेष्ठलाई उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलासले सात लाख रुपैयाँ धरौटी लिएर पुर्पक्ष गर्न आदेश दिएको हो।

उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलासको संयुक्त वाणिज्य इजलासले श्रेष्ठलाई थुनामा राखेर मुद्दाको पुर्पक्ष गर्नुपर्ने अवस्था तत्काल नदेखिएको ठहर गर्दै धरौटीमा रिहा गर्न आदेश दिएको हो। न्यायाधीशद्वय वामदेव ज्ञवाली र शुक्लता घिमिरेको इजलासले नगद वा सो बराबरको बैंक जमानत पेस गरेमा उनलाई तारिखमा राखेर मुद्दाको प्रक्रिया अघि बढाउन आदेश गरेको छ। कर्णाली डेभलपमेन्ट बैंक लिमिटेडका लागि नेपाल राष्ट्र बैंकबाट गठित व्यवस्थापन समितिका तर्फबाट अख्तियारप्राप्त समूह उपनिर्देशक जुगल किशोर कुसवाहले दिएको जाहेरीका आधारमा बैंकिङ कसुरसम्बन्धी मुद्दा अघि बढेको हो। उक्त मुद्दामा सरकार वादी र प्रशान्त श्रेष्ठ प्रतिवादी छन्।

मुद्दामा बैंकका विभिन्न खाताबाट रकम निकालिएको, बैंकिङ प्रणालीमा रकम दाखिला नभएको तथा बैंकको रकम अन्यत्र प्रयोग भएकोलगायतका विषय समेटिएका छन्। अनुसन्धानबाट बैंकलाई ठुलो आर्थिक क्षति पुगेको दाबी गरिएको छ। यही क्रममा बैंकको करिब तीन करोड २० लाख रुपैयाँ अपचलन भएको आरोप प्रतिवादीमाथि लगाइएको हो, तर अदालतले श्रेष्ठलाई आरोपित रकमबराबरको धरौटी माग गरेको छैन। करिब तीन करोड २० लाख रुपैयाँ अपचलनको आरोप लागेका उनलाई त्यसको तुलनामा निकै कम अर्थात् सात लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश भएको छ। अदालतको यो आदेशसँगै बैंकिङ कसुरको मुद्दामा आरोपको प्रकृति र प्रतिवादीको भूमिकाबारे थप न्यायिक परीक्षण हुने भएको छ।

# समाजलाई प्रविधिभन्दा नैतिकता चाहियो : राष्ट्रपति



काठमाडौं, भदौ ८ (नागरिक)- राष्ट्रपति रामचन्द्र पौडेलले समाजलाई प्रविधिभन्दा नैतिकता, आचरण र इमानदारीको बढी खाँचो भएको बताएका छन्। सोमबार नेपाल जनप्रशासन संघले सोमबार आयोजना गरेको कार्यक्रममा बोल्दै राष्ट्रपति पौडेलले प्रविधि र क्षमता अरूबाट लिएर उपयोग गर्न सकिने बताएका हुन्, तर आचरण, नैतिकता र इमानदारी आफ्नै अन्तस्करणबाट आउनुपर्ने जनाउँदै पौडेलले भने, ‘आधुनिक प्रविधिसँगै आधुनिक प्रशासन चाहिने भए पनि आधुनिक प्रशासनको आधार पनि नैतिक र जिम्मेवार नेतृत्व नै हो भन्ने भावलाई बिर्सन हुँदैन।’

राष्ट्रपति पौडेलले कृत्रिम बुद्धिमत्ता, डिजिटल शासन, विश्वव्यापीकरण र नयाँ आर्थिक संरचनाले प्रशासन र व्यवस्थापनका परम्परागत अभ्यासलाई समयसँगै बदलिदिएको बताए। तर प्रविधि परिवर्तन भए पनि केही मूल्य कहिल्यै पुराना नहुने उनले जनाए। ‘इमानदारी, अनुशासन, जिम्मेवारी, नैतिकता, मानवता र सार्वजनिक हितप्रतिको प्रतिबद्धता कहिल्यै पुराना हुँदैनन्।’

# पानीका मुहान जोगाउन पोखरी संरक्षण गर्दै फाकफोकथुम



**भीम चापागाईं**

**इलाम, भदौ ८**

फाकफोकथुम गाउँपालिका स्थानीय पानीका स्रोत बचाउन पोखरी र सिमसार संरक्षणमा जुटेको छ। खानेपानीको स्रोत दिगो बनाउन गाउँपालिकाले वडावडाका पोखरी संरक्षण गरिरहेको छ। सिमसार र पोखरीवरिपरि हरियालीसमेत हुने भएकाले यसैको सौन्दर्यमा पर्यटक लोभ्याउन पनि गाउँपालिकाले प्रयास गरिरहेको छ। अहिले वडा नं ६ को धापसिम र बागमती सिमसारसहित वडा १ को पञ्चमीस्थित पाण्डव धारा, पचेवा मुहान र वडा नं ५ लुम्देमा रहेको जलकन्या संरक्षण गरिएको छ। गाउँपालिका उपाध्यक्ष कल्पना राईले पोखरी संरक्षण गर्दा जैविक विविधता र वातावरण संरक्षण, पर्यटन प्रवर्द्धन, पानीका मुहान संरक्षणलगायत हुने बताइन्। गाउँपालिकाले बागमती सिमसार, उत्तरेपोखरी, दारिपाले पोखरीलगायत सिमसार क्षेत्र संरक्षण गर्न करोड रुपैयाँभन्दा बढी लगानी गरेको उनको भनाइ छ।

‘कतिपय पोखरी संरक्षण गाउँपालिका आफूले र कतिपयमा कोसी प्रदेश सरकारको समेत लगानी छ’, उनले भनिन्, ‘स्थानीयले पनि जमिन दान दिनेदेखि विभिन्न हिसाबले पोखरी संरक्षणमा सहयोग गर्नुभएको छ।’ फाकफोकथुमले ४ वर्षअघि १० लाख रुपैयाँ लगानी गरेर वडा ६ हाङमाचुलीमा धापसिम पोखरी संरक्षण सुरु गरेको थियो। यसका लागि कोसी प्रदेश सरकारले १५ लाख रुपैयाँ लगानी गरेको छ। पोखरी विस्तार हुने क्षेत्रको २७ रोपनी जग्गा स्थानीयले निःशुल्क प्रदान गरेका छन्। पानीका स्रोत संरक्षण, पर्यटक आकर्षणका लागि आफूहरूले जग्गा दान दिएको स्थानीय दाताको भनाइ छ।

अहिले पोखरी र सिमसार संरक्षणअन्तर्गत बाँध निर्माण गरिएको छ। पोखरीवरिपरिको सडक र विश्रामस्थल निर्माण भइसकेका छन्। पोखरी विस्तार गरी डुंगा सञ्चालन गर्ने र आन्तरिक पर्यटकलाई थप आकर्षित गर्न बगैंचा निर्माण, सुरक्षाका लागि रेलिङ निर्माण गर्ने योजना बनाइएको फाकफोकथुम- ६ का वडाध्यक्ष टंकनाथ खनालले बताए। ‘यही वडामा दुईवटा ठुला पोखरी संरक्षण गरिएका छन्’, उनले भने, ‘पर्यटक लोभ्याउन र पानीका मुहान बचाउन पोखरीको महत्त्व हुने रहेछ।’

वडा नं ५ को लुम्देमा पोखरी बनाउन ३३ रोपनी जग्गा खरिद गरिएको छ। दुई वर्षअघि पोखरीसम्म बाटो बनाउन गाउँपालिकाले ३० लाख रुपैयाँ खर्च गरेको थियो। अहिले पोखरीको मुहान संरक्षण गर्ने कार्य सकिएको छ। बाँकी काम गर्न प्रदेश सरकारसँग बजेट माग गरिएको छ। ‘यहाँको ठुलो सिमसारलाई संरक्षण गरी पोखरीको रूप दिन लागिएको छ। गाउँपालिका अध्यक्ष दीपेन्द्र खनालले नजिकै मुख्य सडकसमेत रहेकाले यहाँ पर्यटक आगमन धेरै हुन सक्ने बताए। फाकफोकथुम- १ र पाँचथर जिल्लाको फाल्गुनन्द गाउँपालिकाको सीमा क्षेत्रमा उत्तरेपोखरी संरक्षण गरिएको छ। वातावरण संरक्षण गर्दै पर्यटकीय गतिविधि बढाउने उद्देश्यले फाकफोकथुम गाउँपालिका सिमसार क्षेत्र संरक्षण गर्न जुटेको पालिकाले जनाएको छ।

# एभरेष्ट बैंक लिमिटेड लाजिम्पाट शाखाको धितोमा रहेको अचल सम्पत्तिहरु लिलाम बिक्रीको लागि गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८३/०५/०९)**

यस एभरेष्ट बैंक लि. **लाजिम्पाट** स्थित शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको विभिन्न ऋणकर्जा तथा बैकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित रुपमा सूचना गरी ताकेता गर्दा र ऋणकर्जा चुक्ता भुक्तानी गर्न विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणीलाई सूचित गर्दा समेत कर्जा भुक्तानीमा कुनै चासो नदेखाएकोले उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति (घर/जग्गा) तथा उक्त जग्गाहरुमा भएको निर्माणहरु समेत सम्पूर्ण जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्य प्रचलित कानुन बमोजिम तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्र आव्हान गरी लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो **गोप्य शिलबन्दी बोलपत्र** आव्हानको सूचना प्रकाशित गरिएकोछ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सक्नुहुनेछ।

**तपसिल**

**१. ऋणीको विवरण**

कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम मिति २०७१/०६/०२ मा नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १२६८०९/०७१/०७२ अन्तर्गत दर्ता कायम भएको **मीरा बायोटेक प्रा.लि.।**

**ठेगानाः** काठमाण्डौं जिल्ला, खड्का भद्रकाली गा.वि.स. वडा नं. ७

**हालको सञ्चालकहरुः**

१) श्री अशेश्वर राम साह सुडीको नाति, चन्द्रेश्वर साहको छोरा धनुषा जिल्ला, तारापट्टी सिर्सिया वडा नं. ३, स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. १ बालकुमारी बस्ने वर्ष ५३ को (ना.प्र.नं. ९३९४१५०६,जारी मिति २०४६/०३/१२, जि.प्र.का. धनुषा) **श्री विनोद कुमार साह।**

२) श्री कृष्ण बहादुर के.सी. को नाति, अर्जुन बहादुर के.सी. को छोरा काठमाण्डौं जिल्ला, खड्का भद्रकाली गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने बर्ष ४७ को (ना.प्र.नं. ९२२७-२७२-८६३-५४२६३, जारी मिति २०५१/०१/०४, जि.प्र.का. काठमाण्डौं) **श्री शसी के.सी. खत्री।**

३) श्री चन्द्रेश्वर साहकी बुहारी, विनोद कुमार साहकी पत्नी, मदन राईकी छोरी सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १८ स्थायी ठेगाना भै हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. १ बालकुमारी बस्ने वर्ष ४८ की (ना.प्र.नं. २३९८/२२५७ (झ), जि.प्र.का. सुनसरी, जारी मिति २०५२/०४/२२) **श्रीमती मनिसा राई।**

४) श्री अंग नाथ पौडेलको नाति, श्रीधर पौडेलको छोरा बाँके जिल्ला, बेलमार गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगंज उप.म.न.पा वडा नं. १०, बस्ने बर्ष ६९ को (ना.प्र.नं. ३३५०, जारी मिति २०३१/०८/१४, जि.प्र.का. बाँके) **श्री दामोदर पौडेल।**

५) श्री हिरा लाल अधिकारीकी नातिनी, विष्णु प्रसाद अधिकारीकी छोरी का.जि.का.म.न.पा वडा नं. ४ स्थायी ठेगाना भई हाल का.जि.का. म.न.पा. वडा नं. ४ बस्ने बर्ष ४४ की (ना.प्र.नं. १९०५९, जारी मिति २०५५/०३/२३, जि.प्र.का. काठमाण्डौ) **श्रीमती विजया अधिकारी।**

**१५% भन्दा बढी शेयर हुने ऋणी कम्पनीका मुख्य शेयरधनीहरुको विवरण**

१) अमर खड्काको नाति श्री सिन्धु बहादुर खड्काको छोरा, जिल्ला पर्सा, संखुवाप्रसौनी गा.वि.स. वडा नं. ०१, बस्ने बर्ष ४६ को (ना.प्र.नं **८११६२२३२**, जारी मिति **२०५५/०२/०४**, जि.प्र.का. पर्सा) **श्री श्याम सिंह खड्का।**

२) साउथ कोरीयामा रजिष्टर्ड भएको बिदेशी कम्पनी माइ बायो कम्पनी लिमिटेड (**MY Bio Co. Ltd. (South Korea)**)।

**व्यक्तिगत/धितो जमानी दिनेहरु र संस्थागत जमानी दिनेको विवरण**

१) श्री अशेश्वर राम साह सुडीको नाति, चन्द्रेश्वर साहको छोरा धनुषा जिल्ला, तारापट्टी सिर्सिया वडा नं. ३, स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा वडा नं. १ बालकुमारी बस्ने वर्ष ५३ को (ना.प्र.नं. ९३९४१५०६, जारी मिति २०४६/०३/१२, जि.प्र.का. धनुषा) **सञ्चालक श्री विनोद कुमार साह।**

२) श्री चन्द्रेश्वर साहकी बुहारी, विनोद कुमार साहकी पत्नी, मदन राईकी छोरी सुनसरी जिल्ला, धरान गा.वि.स./उ.म.न.पा. वडा नं. १८ स्थायी ठेगाना भै हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. १ बालकुमारी बस्ने वर्ष ४८ की (ना.प्र.नं. २३९८/२२५७ (झ), जि.प्र.का. सुनसरी, जारी मिति २०५२/०४/२२) **सञ्चालक श्रीमती मनिसा राई।**

३) श्री कृष्ण बहादुर के.सी. को नाति, अर्जुन बहादुर के.सी. को छोरा काठमाण्डौं जिल्ला, खड्का भद्रकाली गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने बर्ष ४७ को (ना.प्र.नं. ९२२७-२७२-८६३-५४२६३, जारी मिति २०५१/०१/०४, जि.प्र.का. काठमाण्डौं) **सञ्चालक श्री शसी के.सी. खत्री।**

४) श्री अंविका प्रसाद बुढाथोकीको नाति, हरि प्रसाद सिंह बुढाथोकीको छोरा बारा जिल्ला, कलैया न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल का.जि. का.म.न.पा वडा नं. ४ धुम्बाराही बस्ने वर्ष ४९ को (ना.प्र.नं. ७२०/२२१७/२५७५, जारी मिति २०४९/०८/०३, जि.प्र.का. बारा) **साविकका सञ्चालक श्री प्रकाश सिंह बुढाथोकी।**

५) श्री दिव्य राज सुवेदीको नाति, विष्णु राज कुसुम सुवेदीको छोरा काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३२, स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २९, बबरमहल बस्ने वर्ष ४६ को (ना.प्र.नं. ७८०६/०५१, जारी मिति २०५१/१२/०१, जि.प्र.का. काठमाण्डौं) **साविकका सञ्चालक श्री रोभस कुसुम सुवेदी।**

६) श्री लाल बहादुर सिंहको नाति, सुरेन्द्र बहादुर सिंहको छोरा कञ्चनपुर जिल्ला, कृष्णपुर गा.वि.स. वडा नं. ४, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, मण्डीकाटार बस्ने वर्ष ३२ को (ना.प्र.नं. १००३/९०८५, जारी मिति २०६७/०३/१३, जि.प्र.का. कञ्चनपुर) **साविकका सञ्चालक श्री जीवन बहादुर सिंह।**

७) कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा १० बमोजिम मिति २०७३/११/०२ मा नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १६३६५७/०७३/०७४ अन्तर्गत दर्ता भएको भक्तपुर जिल्ला, मध्यपुर ठिमी वडा नं. १५, गट्ठाघर स्थित **साविकका सञ्चालक स्टार्ट अप इन्भेष्टमेण्ट प्रा.लि.।**

८) श्री दिब्य राज उपाध्याय सुवेदीकी बुहारी, विष्णु राज कुसुम सुवेदीकी पत्नी, गौरी प्रसाद अधिकारीकी छोरी काठमाण्डौं जिल्ला, का.म.न.पा वडा नं. ३२, स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ७६ को (ना.प्र.नं. ५१०, जारी मिति २०५७/०२/१४, जि.प्र.का. काठमाण्डौं) **श्रीमती शान्ता कुसुम सुवेदी (अधिकारी)।**

९) श्री डम्बर बहादुर बुढाथोकीको नाति, अंविका प्रसाद बुढाथोकीको छोरा बारा जिल्ला, कलैया न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल का.जि.का.म.न.पा वडा नं. ४.धुम्बाराही, काठमाण्डौं बस्ने वर्ष ८२ को (ना.प्र.नं. ६३७, जारी मिति २०४५/०३/२३ (प्रथम प्रतिलिपि ना.प्र.नं. ११५८, जारी मिति २०७३/०६/०६), जि.प्र.का. बारा) **श्री हरि प्रसाद सिंह बुढाथोकी।**

**धितोमा रहेको सम्पत्तिहरुको विवरण**

१) कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम मिति २०७१/०६/०२ मा नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्टरको कार्यालयमा दर्ता नं.१२६८०९/०७१/०७२ अन्तर्गत दर्ता कायम भएको **श्री मीरा बायोटेक प्रा.लि.** को नाममा दर्ता कायम रहेको साविक नगरकोट ३, भक्तपुर, नक्सा सीट नं ३ ख भई हाल भक्तपुर जिल्ला, चांगुनारायण न.पा. वडा नं. ६ स्थित **कित्ता नं**. ४४१ को क्षेत्रफल **७-०-०-०** (**रो.आ.पै.दा**) को घरजग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२) श्री दिब्य राज उपाध्याय सुवेदीकी बुहारी, विष्णु राज कुसुम सुवेदीकी पत्नी, गौरी प्रसाद अधिकारीकी छोरी काठमाण्डौं जिल्ला, का.म.न.पा वडा नं. ३२, स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ७६ को (ना.प्र.नं. ५१०, जारी मिति २०५७/०२/१४, जि.प्र.का. काठमाण्डौं) **श्रीमती शान्ता कुसुम सुवेदी अधिकारी**को नाममा दर्ता कायम रहेको साविक मच्छेगाँउ-२ ङ, काठमाण्डौं, भई हाल काठमाण्डौ जिल्ला, कीर्तिपुर न.पा. वडा नं. ४ स्थित **कित्ता नं**. १३९ को क्षेत्रफल २-०-०-० (**रो.आ.पै.दा**) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३) श्री कृष्ण बहादुर के.सी.को नाति, अर्जुन बहादुर के.सी. को छोरा काठमाण्डौं जिल्ला, खड्का भद्रकाली गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने बर्ष ४७ को (ना.प्र.नं. ९२२७-२७२-८६३-५४२६३, जारी मिति २०५१/०१/०४, जि.प्र.का. काठमाण्डौं) **श्री शसी के.सी. खत्री**को नाममा दर्ता कायम रहेको साविक खड्का भद्रकाली-९, काठमाण्डौं, भई हाल काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ७ स्थित **कित्ता नं. ७१, ९८ र ९६** को क्षेत्रफल क्रमशः २१.१० (**ब.मी**), ११३.८५ (**ब.मी**) **र** २०.७६ (**ब.मी.**) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

४) श्री डम्बर बहादुर बुढाथोकीको नाति, अंविका प्रसाद बुढाथोकको छोरा बारा जिल्ला, कलैया न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल का.जि.का.म.न.पा वडा नं. ४.धुम्बाराही, काठमाण्डौं बस्ने वर्ष ८२ को (ना.प्र.नं. ६३७, जारी मिति २०४५/०३/२३ (प्रथम प्रतिलिपि ना.प्र.नं. ११५८, जारी मिति २०७३/०६/०६), जि.प्र.का. बारा) **श्री हरि प्रसाद सिंह बुढाथोकी**को नाममा दर्ता कायम रहेको साविक बारा जिल्ला वरेवा -५क, भई हाल बारा जिल्ला, कलैया न.पा. वडा नं. ५ स्थित **कित्ता नं**.२३२ को क्षेत्रफल **०-५-०-०** (**वि.क.धु.क**) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

५) श्री चन्द्रेश्वर साहकी बुहारी, विनोद कुमार साहकी पत्नी, मदन राईको छोरी सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १८ स्थायी ठेगाना भै हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं.१ बालकुमारी बस्ने वर्ष ४८ की (ना.प्र.नं. २३९८/२२५७ (झ), जि.प्र.का. सुनसरी, जारी मिति २०५२/०४/२२) **श्रीमती मनिसा राई**को नाममा दर्ता कायम रहेको साविक नगरकोट-३, भक्तपुर, नक्सा सीट नं ३ ख भई हाल भक्तपुर जिल्ला, चांगुनारायण न.पा. वडा नं. ६ स्थित **कित्ता नं**. ४४२ को क्षेत्रफल **३-०-०-०** (**रो.आ.पै.दा**) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**शर्त बन्देजहरुः**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितीले १५ (**पन्ध्रौं**) **दिन अर्थात मिति २०८३ साल भदौ महिना २३ गते** भित्र यस बैंकको **शाखा कार्यालय लाजिम्पाट** स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।

२) बोलपत्र निवेदनको ढाँचामा लेखी बोलपत्र वालाको हस्ताक्षर सहित खामबन्दी (लाह छाप) गरी बाहिर (**मिति २०८३ साल भदौ महिना ९ गतेको नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचनामा**) उल्लेख भए बमोजिमको घर/जग्गाको लागि इच्छुक बोलपत्र दाताले धितोमा रहेको सम्पत्तिहरु मध्ये जुन सम्पत्ति लिन चाहेको हो सो खुलाई अलग अलग बोलपत्र पेश गर्न सक्नुहुनेछ साथै बोलपत्रदाताले धितोमा रहेको घर/जग्गा लगायत अचल सम्पत्तिहरुको लागि एकमुष्ट बोलपत्र समेत पेश गर्न सक्नुहुनेछ।

३) बोलपत्रमा आफुले कुन चाहिँ धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत बैंक ड्राफ्ट/गुडफर पेमेन्ट चेक/मेनेजर्स चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनु पर्नेछ। बैंक ड्राफ्ट/गुडफर पेमेन्ट चेक/मेनेजर्स चेक वाहेक अन्य कुनै किसिमका धरौट स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै व्याज दिईने छैन।

४) यो सूचना प्रकाशित भएको मितिले १६ (**सोह्रौं**) **दिन अर्थात मिति २०८३ साल भदौ महिना २४ गते बुधबार अपरान्ह** ३:०० बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा **शाखा कार्यालय लाजिम्पाटमा** बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन।

५) बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत विदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।

६) म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

७) बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, प्यान दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ।

८) बोलपत्र स्विकृत भएमा सम्बन्धित बोलपत्र दाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिनभित्र बोलपत्रमा प्रस्ताव गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नु पर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।

९) स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमा नै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात् धितो नामसारी गरी हक हस्तान्तरण गरिनेछ।

१०) लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको **शाखा कार्यालय लाजिम्पाट स्थित** कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।

११) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंकले उक्त सम्पत्तिको स्वामित्व आफ्नो नाममा सकार गरिलिन सक्नेछ।

१२) गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।

१३) प्राप्त भएको गोप्य शिलबन्दी मार्फत सबैभन्दा बढी बोल अंक राखि गोप्य शिलबन्दी पेश गर्ने बोलपत्रदाताको प्रस्ताव आंशिक वा पूर्ण रुपमा स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकसँग नै सुरक्षित रहनेछ।

१४) बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्र बापत बुझाएको सम्पूर्ण रकम विना व्याज फिर्ता दिइनेछ।

१५) धितोबन्धक लेखिदिएको घरजग्गा लगायत चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित कानून तथा बैंकको ऋण असुली नीति बमोजिम असुल उपर गरिलिन थप कारवाही अघि बढाइनेछ।

१६) धितोदिने तथा व्यक्तिगत जमानीदिने माथि उल्लेखित महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

**पुनश्चः (धितो लेखिदिने तथा व्यक्तिगत धनजमानी दिनेहरुलाई सूचना)ः**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादै भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्तदिन स्वयं उपस्थित भै लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ। उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा वा हाल बैंकबाट भएको मुल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। साथै तपाईहरुबाट बैंकको कर्जा भुक्तानी नगरी धितो सम्पत्ति अन्य कोही कसैले सकार गरिलिएमा वा बैंक आफैले सकार गरेमा वा नगरेमा समेत यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र उक्त जग्गा तथा घर खाली गरी बैंकलाई हस्तान्तरण गर्नु हुन समेत सूचित गरिएको छ। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मूल्यांकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभई बाँकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य सम्पत्तिबाट असुलउपर गरिने व्यहोरा समेत यसै सूचनाबाट थप जानकारी गराइएको छ।

एभरेष्ट बैंक लिमिटेड
EBL EVEREST BANK LIMITED

शाखा कार्यालय
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४५४३३७७

# १२ करोडको लगानीमा ब्रान राइस ब्रान तेल उद्योग



किरणमान बज्राचार्य

*कपिलवस्त', भदौ ८*


कपिलवस्तुको मायादेवी गाउँपालिका-५ सिहोरवा गाउँमा नेपालमै पहिलो ब्रान राइस अर्थात् धानको भुसबाट खाने तेल उत्पादन गर्ने उद्योग सञ्चालनमा आएको छ। १२ करोड रुपैयाँभन्दा बढी लगानीमा 'भारतराज राइस ब्रान आयल' ब्रान्डको तेल उत्पादन सुरु गरिएको हो।

उद्योगका सञ्चालक ओमशंकर उपाध्यायका अनुसार नेपालमा खाने तेल उत्पादन गर्ने उद्योग धेरै भए पनि ब्रान राइस तेल उत्पादन गर्ने उद्योग भने पहिलो हो। स्थानीयस्तरमा रोजगारी सिर्जनासँगै स्वस्थकर खाने तेल उत्पादन गरी आर्थिक गतिविधिमा योगदान पुर्‍याउने उद्देश्यले उद्योग स्थापना गरिएको उनले बताए। उद्योगमा प्रत्यक्ष ८० र अप्रत्यक्ष रूपमा ७० जनाले रोजगारी पाएका छन्।

उद्योगको वार्षिक उत्पादन क्षमता चार हजार २०० देखि चार हजार ५०० मेट्रिक टन रहेको छ। दुई महिनाअघिदेखि उत्पादन सुरु गरेको उद्योगले पहिलो चरणमा कपिलवस्तुका विभिन्न स्थानमा बिक्री वितरण थालेको छ। पहिलो चरणमा एक र पाँच लिटरका प्याकेजमा तेल बजारमा ल्याइएको छ। अनलाइन अर्डरमार्फत निःशुल्क होम डेलिभरीको व्यवस्था पनि गरिएको उद्योगले जनाएको छ।

उपाध्यायका अनुसार अस्ट्रेलियामा रहँदा बजारमा ब्रान राइस तेल देखेपछि नेपालमा पनि उत्पादन गर्ने सोच बनेको हो। सन् २०२० मा अस्ट्रेलिया पुगेका उनले त्यहाँ ब्रान राइस तेलको प्रयोगबारे जानकारी पाएपछि सामाजिक सञ्जालमार्फत थप अध्ययन गरेका थिए। अमेरिकामा रहेका भाइ जटाशंकर उपाध्यायसँगको परामर्शपछि उद्योग स्थापना गर्ने निर्णय गरिएको उनले बताए। तीन वर्षअघि नेपाल फर्किएर करिब अढाई वर्षको तयारीपछि उद्योग सञ्चालनमा ल्याइएको हो। ब्रान राइस तेलमा भिटामिन ए, डी, ई तथा अन्य पोषक तत्त्व पाइने दाबी उद्योगको छ। बजारमा यसको माग रहे पनि स्वदेशमै उत्पादन नहुँदा भारतबाट आयात गर्नुपर्ने अवस्था रहेको सञ्चालक उपाध्यायले बताए।

# सामसङको होम अप्लायन्सेसमा २३ प्रतिशतसम्म क्यासब्याक




काठमाडौं, भदौ ८ (सोमबार)- सामसङ नेपालले टिभी तथा होम अप्लायन्सेसको खरिदमा २३ प्रतिशतसम्म क्यासब्याक र विभिन्न उपहारसहितको मनसुन अफर सार्वजनिक गरेको छ। अफरअन्तर्गत सामसङका टिभी, वासिङ मेसिन र रेफ्रिजेरेटर खरिदमा ग्राहकले क्यासब्याकका साथै निःशुल्क सेवा तथा उपहार प्राप्त गर्न सक्नेछन्।

कम्पनीका अनुसार चुनिएका टिभी मोडलमा २१ प्रतिशतसम्म क्यासब्याक उपलब्ध हुनेछ। नियो क्युएलईडी, मिनी एलइडी, क्युएलइडी, युएचडी, एफएचडी र एचडी टिभीमा मोडलअनुसार ६ देखि २१ प्रतिशतसम्म क्यासब्याकको व्यवस्था गरिएको छ। साथै, चुनिएका टिभी खरिदमा ६ देखि १२ महिनासम्मको निःशुल्क नेटटीभी सब्सक्रिप्सन उपलब्ध हुनेछ। ८५ इन्चको मिनी एलइडी तथा ७५ इन्चको युएचडी टिभी खरिदमा ४९ हजार ९९९ रुपैयाँ मूल्यको साउन्डबारसमेत निःशुल्क पाइने कम्पनीले जनाएको छ। वासिङ मेसिनतर्फ ९ देखि ११ केजी क्षमताका एआई इकोबबल वासर ड्रायरमा २३ प्रतिशतसम्म र ९ देखि १२ केजी क्षमताका एआई इकोबबल फ्रन्ट लोडमा २२ प्रतिशतसम्म क्यासब्याक दिइनेछ। फुल्ली अटोमेटिक तथा सेमी अटोमेटिक टप लोड मोडलमा १२ प्रतिशतसम्म क्यासब्याकको व्यवस्था छ। त्यसैगरी रेफ्रिजेरेटरमा मोडलअनुसार ११ देखि १७ प्रतिशतसम्म क्यासब्याक उपलब्ध हुनेछ।

# मुक्तिनाथ बैंक र सिप्रदी ट्रेडिङबिच सम्झौता




काठमाडौं, भदौ ८ (नागरिक)- मुक्तिनाथ विकास बैंक र सिप्रदी ट्रेडिङ प्रालिबिच टाटा पिकअप तथा साना व्यावसायिक सवारीसाधन खरिदका लागि कर्जा प्रवाह गर्ने सम्बन्धमा समझदारीपत्र (एमओयु) भएको छ।

सम्झौतामा बैंकका प्रमुख कार्यकारी अधिकृत तारा मानन्धर र सिप्रदी ट्रेडिङका भाइस प्रेसिडेन्ट सौरभ राज थपलियाले हस्ताक्षर गरेका छन्।

सम्झौताअनुसार सिप्रदी ट्रेडिङका अधिकृत डिलरमार्फत टाटा ब्रान्डका पिकअप तथा व्यावसायिक साना सवारी साधन खरिद गर्ने ग्राहकलाई मुक्तिनाथ विकास बैंकले आफ्ना १७६ वटै शाखा कार्यालयमार्फत सहुलियत ब्याजदरमा कर्जा सुविधा उपलब्ध गराउनेछ। बैंकका अनुसार विद्युतीय (इभी) सवारी साधन खरिदमा अधिकतम ६० प्रतिशतसम्म र आन्तरिक दहन इन्जिन (आइसिई) सवारी साधन खरिदमा अधिकतम ७० प्रतिशतसम्म कर्जा सुविधा उपलब्ध हुनेछ।

सम्झौताले व्यवसाय, कृषि तथा साना उद्यममा प्रयोग हुने व्यावसायिक सवारी साधन खरिद गर्न चाहने ग्राहकको वित्तीय पहुँच सहज बनाउने र व्यवसाय विस्तारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

यसैबीच बैंकले अटो कर्जा, कृषि कर्जा तथा एसएमई कर्जामा समेत न्यूनतम ब्याजदरमा कर्जा प्रवाह गर्ने विशेष योजना सञ्चालनमा ल्याएको जनाएको छ।

# ‘अटो मोबाइल्स उद्योगमा कम्तिमा १० वर्षको नीतिगत स्थिरता चाहिन्छ’

झन्डै तीन दशकदेखि देशको अटो मोबाइल्स तथा अटो स्पेयर पार्ट व्यवसायमा सक्रिय नाडा अटो मोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा) का अध्यक्ष सुरेन्द्रकुमार उप्रेती १२ वर्षअघि कार्यसमिति सदस्यका रूपमा नाडामा प्रवेश गरेका हुन्। उप्रेतीले दुई कार्यकाल कोषाध्यक्ष, दुई कार्यकाल महासचिवको जिम्मेवारी पूरा गर्दै २०८२ सालको मंसिरबाट ५० वर्ष लामो इतिहास बोकेको नाडाको अध्यक्ष भएर नेतृत्वदायी भूमिका निर्वाह गरिरहेका छन्। मुलुकभरका अटो व्यवसायीको छाता संस्था नाडा २०३२ सालमा स्थापना भएको हो। त्यसपछि २०३४ सालमा संस्था दर्ता ऐन बमोजिम दर्ता भई अहिलेको यो अवस्थासम्म आइपुगेको छ। नाडाले आफ्नो नियमित वार्षिक क्यालेन्डर बमोजिम ९ देखि १४ भदौसम्म १८ औं संस्करणको ‘नाडा अटो सो २०२६’ आयोजना गरेको छ। उनी एसटिसी ग्रुपका प्रबन्ध निर्देशक हुन्। उप्रेतीको एसटिसी ग्रुपअन्तर्गत सिएट ब्रान्डको टायर, एम्पायर ब्रान्डको स्कुटर, पिएलओ लुब्रिकेन्ट र राइड ब्रान्डको ब्याट्रीको कारोबार हुन्छ। यसैगरी उनको व्यापार अन्य अटो स्पेयर पार्ट्ससम्म फैलिएको छ। ‘नाडा अटो सो २०२६’ र वर्तमान अटोमोबाइल क्षेत्रको अवस्थाबारे नाडाका अध्यक्ष सुरेन्द्रकुमार उप्रेतीसँग नागरिककर्मी **मधुजंग पाण्डे**ले गरेको वार्ताको सारसंक्षेपः



सुरेन्द्रकुमार उप्रेती, अध्यक्ष, नाडा अटो मोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा)

**विगतका संस्करणभन्दा यस पटकको ‘नाडा अटो सो’ मा के फरक छ ?**

विगतका वर्षभन्दा यस वर्षको ‘नाडा अटो सो २०२६’ विशेष हुनेछ। किनभने नाडा स्थापनाको ५०औं वर्ष पुगेको अवसरमा ‘उद्योगदेखि रोजगारसम्म’ भन्ने मूल नाराका साथ हामीले यो अटो सो आयोजना गरेका हौं। त्यसैले नाडाका लागि यो प्रदर्शनी स्वर्णउत्सव विशेष संस्करण भएकाले अघिल्ला वर्षहरूको भन्दा धेरै राम्रो बनाउने प्रयास गरेका छौं। हामीले १८ औं संस्करणको यस अटो सोलाई गाडी प्रदर्शन गर्ने मेलाका रूपमा नभई नेपालको अटोमोबाइल क्षेत्र कहाँ पुगेको छ। आगामी दिनमा यसको भविष्य कहाँ जान सक्छ भन्ने देखाउने अवसरका रूपमा लिएका छौं।

यसपटक विद्युतीय सवारी साधनसँगै नेपालमै एसेम्बल भएका सवारी साधन, टायर, ब्याट्री, लुब्रिकेन्ट र स्पेयर पार्ट्सलाई पनि प्राथमिकता दिइएको छ। नेपाल अब सवारी साधन आयात गर्ने मुलुक होइन, विस्तारै उत्पादन र एसेम्बलतर्फ पनि अगाडि बढिरहेको छ भन्ने सन्देश दिन खोजेका छौं।

नाडाले यस अटो सोबाट सम्पूर्ण अटोमोटिभ इकोसिस्टमलाई एउटै मञ्चमा ल्याउन, आगन्तुकलाई बजारमा उपलब्ध नवीन उत्पादन प्रविधिबारे जानकारी गराउन र नवप्रवर्तनको प्रत्यक्ष अनुभव गर्ने अवसर प्रदान गर्न खोजेका छौं।

९ देखि १४ भदौसम्म ६ दिन सञ्चालन हुने यस वर्षको ‘नाडा अटो सो’ मा स्वदेशमै एसेम्बल भएका तथा उत्पादित सवारी र अटो क्षेत्रका उत्पादनलाई विशेष प्राथमिकता दिएको छ। यस अटो सोमा सहभागी हुने अवलोकनकर्ताले नेपालमा बोकेर ल्याइएका गाडीदेखि अहिलेसम्म बजारमा आएका हरेक नयाँ गाडीबारे सम्पूर्ण जानकारी पाउने छन्। यस अटो सोमा दुई सयभन्दा बढी स्टल रहने छ।

अर्थतन्त्रको महत्त्वपूर्ण हिस्सा ओगट्ने सवारी साधनको बृहत् अटो सोले नेपालको अर्थतन्त्रलाई समेत चलायमान बनाउने छ। अझ दसैं आउनुभन्दा केही समयअघि आयोजना भएको यस नाडा अटो सोले व्यवसायीलाई आफ्ना उत्पादन बिक्रीमा आत्मविश्वास बढाउँछ। उपभोक्तालाई छनोट तथा सहुलियत र सरकारलाई थप राजस्व बढाउन सहयोग गर्ने छ।

**अहिले बजारमा भित्रिएका नयाँ इभीको उपस्थितिलाई कसरी हेर्नुभएको छ ?**

नेपालमा मात्र होइन अहिले विश्वव्यापी रूपमै अटोमोबाइल क्षेत्र विद्युतीय सवारीतर्फ गइरहेको छ। हाल ग्राहकहरूमा पनि इभी गाडीप्रतिको आकर्षण बढ्दो क्रममा छ। बजारमा धमाधम भित्रिएका नयाँ इभीको मोडल, डिजाइन र फिचरले नेपाली उपभोक्ताको आकर्षण बढाएको छ। संसारभर इभी र हाइब्रेटगाडीमा आकर्षण बढिरहेको बेला नेपाल पनि त्यसबाट अलग रहन सक्दैन। नेपाली उपभोक्ताले पनि प्रविधि, सञ्चालन खर्च र वातावरणीय पक्ष हेरेर इभी गाडीलाई स्वीकार गरिरहेको अवस्था छ तर हामीले पेट्रोलियम सवारी साधनलाई एकै पटक विस्थापित हुन्छ भनेर पनि हेर्नु हुँदैन। बजारले आफैं आफ्नो दिशा तय गर्छ। हाम्रो मुख्य कुरा भनेको सरकारको नीति स्थिर हुनुपर्छ र उपभोक्ताले जुन प्रविधि रोज्छ। त्यसैका लागि आवश्यक पूर्वाधार र दीर्घकालीन नीति सरकारले सुनिश्चित गर्नुपर्छ।

**अहिले नेपालको अटोमोबाइल बजारको वास्तविक अवस्था कस्तो छ ?**

अहिले बजार पूर्ण रूपमा उत्साहित छ भन्न सकिने अवस्था छैन। केही समयदेखि अटोमोबाइल बजारमा शिथिलता देखिएको छ। उपभोक्ताको क्रयशक्ति, बैंकिङ प्रणालीबाट सवारी कर्जा लिने अवस्था, ब्याजदर तथा समग्र आर्थिक वातावरणले बजारलाई असर गरेको छ। तैपनि हामी निराश हुनुपर्ने अवस्था छैन। अहिले नेपाली बजारमा संसारभरका नयाँ प्रविधि र नयाँ मोडलका सवारी साधन आइरहेका छन्। नाडा अटो सोबाट पनि हामीले उपभोक्ताको नयाँ खोज्ने रूचिलाई ध्यान दिँदै अटो बजारलाई चलायमान बनाउन चाहेका छौं। निजी क्षेत्रको एकतर्फी प्रयासले मात्र हामीले चाहेको सबै प्राप्त नहुन सक्छ। यसमा सरकारको चाहना पनि अझै धेरै हुनुपर्छ। विभिन्न कारणले क्रयशक्ति घटेर आर्थिक अवस्था कमजोर भएको बेला उपभोक्तामा नयाँ उत्साह ल्याउन हामीले नाडा अटो सोमार्फत महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास गरेका छौं।

**छिमेकी देशहरूको भन्दा नेपालमा गाडी महँगो हुनुमा कर तथा भन्सार नीति कति जिम्मेवार हुन्छ ?**

हाम्रा छिमेकी देश भारत र चीनको तुलनामा अहिले नेपालमा सवारी साधनको मूल्य केही महँगो छ। चीन र भारतमा जस्तो ठुलो परिणाममा यहाँ गाडी एसेम्बल तथा उत्पादन गर्ने उद्योगहरू नै छैनन्। हाल भएका उद्योगले पनि त्यति धेरै गाडी एसेम्बल गरेका छैनन्। त्यसैले आयातित गाडीको मूल्य निर्धारणमा कर संरचनाको ठूलो भूमिका हुन्छ। हामी सरकारलाई कर घटाउनुपर्छ भनेर मात्र भनिरहेका छैनौं। कर नीति स्थिर, पूर्वानुमानयोग्य र दीर्घकालीन हुनुपर्छ भन्ने हाम्रो मुख्य माग हो। आज एउटा नीति ल्याउने र केही समयपछि परिवर्तन गर्ने हो भने व्यवसायीले पनि दीर्घकालीन लगानी गर्न सक्दैनन्। उपभोक्ता पनि अन्योलमा पर्छन्। त्यसैले सरकारले अटोमोबाइलको क्षेत्रलाई राजस्व उठाउने क्षेत्रका रूपमा मात्र नभई रोजगारी, यातायात, पर्यटन, उद्योग र समग्र अर्थतन्त्रसँग जोडिएको क्षेत्रका रूपमा हेर्नुपर्छ।

**इभी गाडीको चार्जिङ, ब्याट्री, सर्भिसिङ र रिसेलभ्यालुबारे तपाईंको के धारणा छ ?**

हामीले इभी गाडीको विस्तारसँगै आवश्यक सडक तथा चार्जिङ पूर्वाधार विस्तार पनि सँगसँगै हुनुपर्छ भनिरहेका छौं। चार्जिङ स्टेसन, सडक पूर्वाधार, दक्ष जनशक्ति, सर्भिसिङ तथा ब्याट्री व्यवस्थापनमा अझै थप काम गर्नुपर्ने अवस्था छ।

अर्को महत्त्वपूर्ण कुरा उपभोक्ताको विश्वास हो। नयाँ प्रविधि भएकाले उपभोक्तालाई सही सूचना दिनुपर्छ। कुन गाडीको ब्याट्री कस्तो छ? सर्भिसिङ कसरी हुन्छ? स्पेयर पार्ट्सको उपलब्धता कस्तो छ? भन्ने विषयबारे स्पष्टता आवश्यक छ। वातावरणमैत्री इभी र हाइब्रिड गाडीलाई प्रवर्धन गर्ने हो भने सरकारले पनि पूर्वाधार र नीतिगत सुधारमा निजी क्षेत्रसँग सहकार्य गर्नुपर्छ।

**अनधिकृत स्पेयर पार्ट्स तथा अवैध आयात रोक्न नाडाले कस्तो भूमिका खेलेको छ ?**

छिमेकी देशसँगको खुला सिमानाले पनि हामीलाई अनधिकृत स्पेयर पार्ट्स तथा अवैध आयात रोक्न निकै समस्या बनाइरहेको छ। यस समस्यामा नाडाले सरकारसँग लविङ गर्ने, सम्बन्धित सरोकारवालासँगको छलफल घनिभूत बनाएर जनचेतना फैलाउने काम गर्दै आएको छ। भन्सार नाकामा हुने कमजोर सुरक्षाका कारण बजारमा देखिएको अवैध आयात हाम्रा लागि गम्भीर विषय हो। अटोमोबाइल्स क्षेत्रको बजारमा जेनुइन सामानको व्यवसाय गर्ने व्यवसायीले मज्जाले कर तिर्छ। रोजगारी सिर्जना गर्छ र उपभोक्तालाई निश्चित गुणस्तरको सामान दिन्छ। भन्सार छलेर र सरकारलाई झुक्याएर स्पेयर पार्ट्स भित्रिँदा मुलुकको राजस्वमा पनि असर पर्छ। यसले सबै नियम पालना गर्दै आएका व्यवसायीलाई पनि प्रतिस्पर्धामा समस्या हुन्छ। त्यसैले सरकारले भन्सार तथा बजार अनुगमनलाई प्रभावकारी बनाउनुपर्छ। नाडा पनि सरकारसँग सहकार्य गरेर यो समस्या समाधान गर्न तयार छ। हाम्रो उद्देश्य व्यवसायीको मात्र संरक्षण गर्ने होइन । उपभोक्ताले गुणस्तरीय र सुरक्षित पार्ट्स पाउनुपर्छ भन्ने पनि हो।

**अटो कर्जाको जोखिम भार र डाउनपेमेन्ट सीमाका कारण उपभोक्ता अझै गाडी किन्न सक्ने अवस्थामा छैनन्। यतिधेरै सस्तो बैंक ब्याजदर हुँदा पनि बजार नबढ्नुको कारण के हो ?**

अहिले बैंकमा पर्याप्त तरलता छ। यतिधेरै सस्तो बैंक ब्याजदर हुँदा पनि अपेक्षाकृत रूपमा बजार बढ्न सकेको छैन। यसमा उच्च जोखिम भार समस्या छ। नेपाल राष्ट्र बैंकले व्यक्तिगत गाडी कर्जाको जोखिम भारलाई उच्च (१२५ देखि १५० प्रतिशतसम्म) कायम राखेको छ। जोखिम भार धेरै हुँदा बैंकहरूले अटो क्षेत्रमा कर्जा प्रवाह गर्दा बढी पुँजी छुट्याउनुपर्छ। जसले गर्दा बैंकहरू सजिलै अटो कर्जा दिन डराउँछन्। डाउन पेमेन्टको कडा सीमा पनि अटो बजार नबढ्नुको अर्को समस्या हो। पेट्रोल र डिजेललगायतका इन्धनबाट चल्ने निजी सवारी साधन किन्न ५० प्रतिशत डाउन पेमेन्ट अनिवार्य छ। विद्युतीय सवारी साधन (इभी) मा डाउन पेमेन्ट सीमा केही सहज ४० प्रतिशत भए पनि समग्र अटो क्षेत्र यसबाट प्रभावित छ। अहिले हामी अटो बजार चलायमान बनाउन हाल कायम रहेको ४० प्रतिशतको अनिवार्य डाउन पेमेन्टको सीमा घटाएर २० प्रतिशत भन्दा तल झार्नुपर्छ भनिरहेका छौं। गाडी किन्न खोज्ने उपभोक्ताले सुरूमै आधा रकम खल्तीबाट हाल्नुपर्ने बाध्यता छ। ६० लाखको गाडी किन्न ३० लाख नगद जुटाउनुपर्ने भएकाले पनि सामान्य उपभोक्ता चाहेर पनि अझै गाडी किन्न सक्ने अवस्थामा छैनन्। आम्दानीको स्रोत र कागजी प्रक्रिया पनि केही सहज हुनुपर्छ। अटो कर्जा स्वीकृतिका लागि बैंकहरूले आम्दानीको स्रोतको कडा मूल्यांकन गर्छन्। कर्जा चुक्ता गर्ने अनुपात निकै कसिलो बनाइएको छ। जसका कारण बैंक ब्याजदर यतिधेरै सस्तो भएर पनि कर चुक्ता प्रमाणपत्र र भ्याट बिलसहितको आम्दानी देखाउन नसक्दा ग्राहकको कर्जा फाइल बैंकबाट पास हुन मुस्किल पर्छ। अहिले बढ्दो आर्थिक मन्दीलगायत विविध कारणले उपभोक्ताको क्रयशक्ति पनि खुस्किएको छ। आत्मविश्वासमा कमी देखिएको छ। मुलुकले भोग्नुपरेको समग्र आर्थिक शिथिलताका कारण बजारमा रोजगारी र व्यापार व्यवसाय संकुचित भएको अवस्था छ। निजी क्षेत्र पनि त्रसित छ। त्यसैले सस्तो ब्याजदर हुँदा पनि गाडीमा लगानी गर्न उपभोक्ता डराइरहेका छन्।

यस अवस्थाबारे हामीले नाडाको तर्फबाट सरकार र नेपाल राष्ट्र बैंकको ध्यानाकर्षण गराएका छौं। हामीले राष्ट्र बैंकसँग अटो कर्जाको जोखिम भारलाई सय प्रतिशतमा झार्न र डाउन पेमेन्टको सीमालाई घटाएर अझै व्यवहारिक बनाउन लगातार माग गर्दै आएका छौं। निजी क्षेत्रले यी नीतिगत गाँठो फुकाएर कर्जा प्रवाहको अधिकार बैंकहरूलाई नै नछोडिएसम्म ब्याजदर घट्दैमा गाडीको बजार बढेर बुम भइहाल्ने अवस्था छैन। यसबारे पनि नाडाले सम्बन्धित निकाय तथा सरोकारवालाको ध्यानाकर्षण गराएको छ।

> **यसपाली हामीले ‘नाडा अटो सो’ मा विगतका वर्षहरूको भन्दा धेरै नयाँ प्रविधि, नयाँ–नयाँ मोबिलिटीका उत्पादन देखाउन खोजेका छौं।**
>
> **•••**
>
> **इन्धनबाट चल्ने निजी सवारीसाधन किन्न ५० प्रतिशत डाउन पेमेन्ट अनिवार्य छ। विद्युतीय सवारीसाधन (इभी) मा डाउन पेमेन्टको सीमा केही सहज ४० प्रतिशत भए पनि समग्रमा अझै अटोबजार चलायमान बनाउन यो सीमा कम हो।**

**देशको अटोमोबाइल क्षेत्रलाई थप चलायमान बनाउन के गर्नुपर्छ ?**

निजी क्षेत्रको तर्फबाट मुलुकको अटोमोबाइल क्षेत्रलाई चलायमान बनाउन धेरै प्रयास भएको छ। नाडाको तर्फबाट हामी नेपाललाई सवारी साधन आयात गर्ने बजारका रूपमा सीमित राख्न चाहँदैनौं। अहिले नै नेपालमा केही सवारी साधन एसेम्बल भइरहेका छन्। टायर, ब्याट्री, लुब्रिकेन्ट, स्पेयर पार्ट्सलगायत क्षेत्रमा पनि स्वदेशी उत्पादन र एसेम्बलको सम्भावना देखिएको छ। अहिले विस्तारै सवारी साधन एसेम्बल गर्ने कम्पनीहरू थपिँदैछन्। ग्राहकको चाहनाबमोजिम इभी गाडीको नयाँ नयाँ मोडल भित्रिँदै छन्। जसका लागि सरकारले दीर्घकालीन र स्थिर नीति बनाउनुपर्छ। लगानीको वातावरण बनाउनुपर्छ। निजी क्षेत्रले थप नयाँ प्रविधि तथा पुँजी भित्र्याउने हो भने आगामी दिनमा नेपालमा अटोमोबाइल उत्पादनको ठूलो सम्भावना छ। अब हाम्रो लक्ष्य क्रमशः आयातबाट स्वदेशमै उत्पादन र रोजगारी बढाउनेतर्फ केन्द्रित हुनुपर्छ। दुई पांग्रेदेखि चारपांग्रेसम्मका गाडी एसेम्बल गर्ने, एसेम्बलबाट उत्पादन र उत्पादनसँगै स्वदेशी अटो कम्पोनेन्ट उद्योगको विकास गर्नेतर्फ पनि हाम्रो ध्यान केन्द्रित हुनुपर्छ। नाडाले यही सन्देश दिन यस वर्षको नाडा अटो सो आयोजना गरेको हो।

**हाल नेपालमा गाडीको संख्या कति छ ?**

अहिले नेपालको सडकमा कतिवटा गाडी गुडी रहेका छन् भन्नेबारे एकिन तथ्यांक हामीसँग छैन। हाल नेपालमा ५० लाखभन्दा बढी गाडी भित्रिएर औपचारिक रूपमा दर्ताको प्रक्रियामा आएको छ। यातायात विभागको जानकारी अनुसार ५० लाख दुई पांग्रे साना-ठुला सम्पूर्ण सवारी साधन दर्ता भएको तथ्यांक हो। यसबाहेक भन्सार छलेर ल्याइएका तथा अन्य विभिन्न तरिका अपनाएर भित्र्याइएका गाडी पनि छन्। त्यसको तथ्यांक यसमा समावेश छैन। नेपालमा हालसम्म करिब ६३ हजार विद्युतीय सवारी साधन भित्रिएका छन्। नेपाल भित्रिने विद्युतीय सवारीमध्ये ८० प्रतिशतभन्दा बढी चीनबाट आउने गरेका छन्। बाँकी भारत र अन्य देशबाट आयात हुने गरेका छन्।

**इभी गाडी सञ्चालनका लागि चार्जिङ स्टेसन पर्याप्त छ ?**

अहिले इभी गाडी बिक्रीको तुलनामा चार्जिङ स्टेसनको कमी छ। हाल दुई हजारभन्दा बढी चार्जिङ स्टेसन सञ्चालनमा छन्। धमाधम निर्माण भई अझै थपिने क्रममा छ। अहिले गाडी बिक्री गर्ने आयातकर्ता र नेपाल विद्युत् प्राधिकरण मिलेर देशका विभिन्न लामो दूरीका गाडी चल्ने ठाउँमा थप चार्जिङ स्टेसन बनाउने काम हुँदै छ। पहिले पेट्रोल पम्पहरूमा सवारी साधनको लामो लाइन लाग्थ्यो। अहिले इभी गाडी चार्ज गर्ने चार्जिङ स्टेसनमा झन् बाक्लो चहलपहल देखिन थालेको छ। चार्जिङ स्टेसन वरिपरि ट्राफिक चाप नै देखिएको अवस्था छ।

अहिले पेट्रोलियम पदार्थको लागि विश्व बजार लडिरहेको छ। सबैभन्दा राम्रो पक्ष अहिले हामीले इभी गाडी भित्र्याएकै कारण त्यो पेट्रोलियम पदार्थको लडाइँमा धेरै संघर्ष गर्नुपरेको छैन। इभी तथा हाइब्रिड गाडी भित्रिएकाले पेट्रोलको लाइन सहज बनाएको छ।

**‘नाडा अटो सो’ १८ औं संस्करण तथा ५० औं स्वर्णजयन्ती विशेष चाहिं के हो ?**

यसपालिको ५० औं स्वर्णजयन्ती विशेष ‘नाडा अटो सो’ बाट हामीले नेपालमा अटोमोबाइल्स क्षेत्रको सम्भाव्यता छ भन्ने सन्देश दिँदै छौं। नेपालीले बनाएको नेपाली डिजाइन र इन्जिनियरिङबाट बनेको सवारी साधन हरेक नेपालीले चढ्न पाउनुपर्छ भन्ने सन्देश दिने हो। यसपालि हामीले ‘नाडा अटो सो’ मा विगतका वर्षभन्दा धेरै नयाँ प्रविधि, नयाँ-नयाँ मोबिलिटीका उत्पादन देखाउन खोजेका छौं। नेपाली कम्पनी सिप्रदी यात्रीले बनाएको स्कुटर पनि प्रदर्शनीमा राखेका छौं। अहिले दुई पांग्रे सवारी साधनदेखि नेपालमा बन्न थालिसकेको धेरै उत्पादनको प्रदर्शनी हुने छ। यसपाली सकेसम्म धेरै स्वदेशी उत्पादन राखिने छ। अब हामी आयातमा मात्र निर्भर हुने होइन, ‘मेड इन नेपाल’ मा जान ढिलो गर्नु हुँदैन भन्ने सन्देश दिँदै छौं। गाडी बोकाएर ल्याएको इतिहासदेखि नेपालमै बनेको र एसेम्बल भएको गाडी देखाउने छौं। अब अन्तर्राष्ट्रिय बहुराष्ट्रिय कम्पनीहरू पनि नेपाल आउन सक्नेछन् भन्ने देखाउनु नै यसवर्षको नाडा अटो सो को उद्देश्य हो। ‘उद्योगदेखि रोजगारसम्म’ भन्ने नाडा अटो सोको नारा नै त्यसैले बनाएका हौं।

**अटो बजारलाई थप लगानीमैत्री बनाउन सरकारको नीति कस्तो हुनुपर्छ ?**

सरकारको १० वर्ष अटो मोबाइल्स क्षेत्र हेर्ने दृष्टि परिवर्तन भयो भने नेपालमा अटोमोबाइल्स क्षेत्रमा क्रान्ति नै आउने छ। अटोमोबाइल्स क्षेत्र देशको अर्थतन्त्रको ठुलो हिस्सा हो भन्ने ठानेर सरकारले नीतिगत स्थिरता कायम गर्न सक्नुपर्छ। नेपालको अटो बजारलाई थप चलायमान र लगानीमैत्री बनाउन सरकारले दीर्घकालीन, स्थिर र व्यावहारिक नीतिहरू अवलम्बन गर्नुपर्छ। भन्सार र अन्तःशुल्कमा स्थिरता कायम गर्नुपर्छ।

हरेक वर्षको नीति तथा कार्यक्रम एवं बजेटपिच्छे परिवर्तन हुने करका दरहरूले लगानीकर्तामा अन्योलता सिर्जना गर्छ। कम्तिमा पाँच वर्षसम्म करका दरहरू परिवर्तन नहुने ग्यारेन्टी सरकारले निजी क्षेत्रलाई दिन सक्नुपर्छ। विद्युतीय सवारी-इभी) को कर भुक्तानी र प्रोत्साहन प्रणालीलाई दीर्घकालीन रूपमा स्पष्ट र पारदर्शी बनाइनुपर्छ। अब सरकारले स्वदेशमै सवारी साधन बनाउने लगानीको वातावरण बनाउन आन्तरिक एसेम्बल र उत्पादनमा प्रोत्साहन मूल्य अभिवृद्धि (भ्याल्यु एडिसन) मा सहुलियत दिनुपर्छ। नेपालमै गाडी वा मोटरसाइकल एसेम्बल गर्ने उद्योगहरूलाई पार्टपुर्जा आयातमा थप भन्सार छुट दिनुपर्छ। अब स्वदेशमै उद्योग स्थापना गर्नका लागि सहुलियत दिन सरकारले आकर्षक कार्यक्रम ल्याउनुपर्छ। गाडी एसेम्बल गर्ने उद्योगलाई सस्तो ब्याजदरमा ऋण, जग्गा प्राप्तिमा सहजता र आयकरमा निश्चित वर्षसम्म पूर्ण छुटको व्यवस्था हुनुपर्छ। व्यक्तिगत र व्यावसायिक सवारी साधन खरिदका लागि बैंक कर्जाको सीमा एलटिभी रेसियोलाई बजारको मागअनुसार थप लचिलो बनाउनुपर्छ।

ब्याजदरमा स्थायित्व दिन अटो लोनको ब्याजदरलाई स्थिर वा एकल अंकमा राख्न सके उपभोक्ता र व्यवसायी दुवैको मनोबल उच्च हुन्छ। इभीको बजार विस्तारका लागि देशव्यापी रूपमा तीव्र गति (फास्ट चार्जिङ) का चार्जिङ स्टेसन निर्माणमा निजी क्षेत्रलाई कर छुटसहित प्रोत्साहन गर्नुपर्छ। अहिलेको यातायात व्यवस्थापनमा थप सुधार गरी सडक पूर्वाधारको गुणस्तर सुधार र पार्किङस्थलको व्यवस्थापन राम्रो बनाउनुपर्छ। पुराना गाडी विस्थापित गर्न पत्रु (स्क्र्याप) नीति र वातावरणीय मापदण्ड बलियो बनाउनुपर्छ। सरकारको पुरानो गाडी विस्थापन योजनामा २० वर्ष पुराना र बढी प्रदूषण गर्ने गाडीहरूलाई बजारबाट हटाउन (स्क्र्याप नीति’ लागु गरी नयाँ गाडी खरिद गर्दा भन्सार अन्तःशुल्क तथा करमा विशेष छुट दिने व्यवस्था गर्नुपर्छ। हामीले नाडाको तर्फबाट यस्ता नीतिगत सुधारह गरेर अटो व्यवसायीको जोखिम न्यूनीकरण गर्नेतर्फ सरकारको ध्यानाकर्षण गराएका छौं। यसले बजारमा नयाँ लगानी भित्रिनुका साथै उपभोक्ताले पनि सस्तो मूल्यमा सुरक्षित सवारी साधन प्राप्त गर्न सक्नेछन्।

**यसपालिको बजेटमा नाडाको सुझाव कति समेटियो त ?**

चालु आर्थिक वर्षको बजेट सार्वजनिक हुनुभन्दा अघि हामीले नाडाकोतर्फबाट मुलुकको सवारी साधनको बजार, कर छुट र भन्सार महसुलदर घटाइनुपर्छ भन्ने सुझाव दिएका थियौं। सोही सुझावअनुसार अहिले सरकारले यो बजेटमा नाडाकातर्फबाट अघि सारिएको धेरै सुझाव समेटेको छ। निजी क्षेत्रले मागेका धेरै माग सम्बोधन भएको छ। त्यसैले यसपालिको बजेट स्वागतयोग्य छ। अब यो बजेट कसरी कार्यान्वयन हुन्छ भन्नेतर्फ निजी क्षेत्रको ध्यान गएको छ। अब हामी यो बजेट पूर्ण कार्यान्वयन गराउनेतर्फ सरकारलाई सहकार्य गर्दै अघि बढ्न खोजिरहेका छौं।

**नाडालाई समग्र ढुवानी,स्पेयर पार्ट्स र पर्यावरणमैत्री यातायातको साझा प्लेटफर्म बनाउन के कस्ता रणनीतिक योजनाहरू बनाउनु भएको छ ?**

नाडाले अहिलेको डिजिटल इकोसिस्टम र प्रविधिलाई एकीकृत डिजिटल प्लेटफर्ममा जोडेर अघि बढ्न विभिन्न रणनीतिक योजनाहरू बनाएको छ। जसले समग्र ढुवानी, स्पेयर पार्ट्स र पर्यावरणमैत्री यातायातको साझा प्लेटफर्म बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने छ। डिजिटल इकोसिस्टम र प्रविधिलाई एउटै एप वा वेभसाइटमार्फत ढुवानी व्यवसायी, स्पेयर पार्ट्स बिक्रेता र इभी चार्जिङ नेटवर्कलाई जोड्ने प्रयास भएको छ। भन्सारमा हुने स्मार्ट लजिस्टिक ट्र्याकिङ प्रणालीमा आधारित ढुवानीलाई व्यवस्थित बनाउन जिपिएस र एआई आधारित ट्र्याकिङ प्रणाली लागु गर्ने। डिजिटल पार्ट्स क्याटलग बनाएर नक्कली पार्ट-पुर्जाको प्रयोग रोक्न र आधिकारिक स्पेयर पार्ट सहजै खोज्न क्युआर कोडसहितको डिजिटल प्रणाली बनाउने प्रयास गरेका छौं। पर्यावरणमैत्री इभी गाडीका लागि आवश्यक पूर्वाधार र प्रवर्धनका लागि चार्जिङ हब स्थापना गरेर ढुवानीका मुख्य मार्ग र व्यापारिक केन्द्रहरूमा तीव्र गतिको (फास्ट) चार्जिङस्टेसन नेटवर्क विस्तार गर्ने।

हरियो ढुवानी (ग्रिन लजिस्टिक) तर्फ अघिबढेर सहरी क्षेत्रको ढुवानीमा विद्युतीय भ्यान र इ-थ्री-ह्विलरको प्रयोगलाई प्रोत्साहन गर्ने। ब्याट्री व्यवस्थापन र रिसाइक्लिङमा म्याद सकिएका इभी ब्याट्रीहरूको सुरक्षित विसर्जन र रिसाइक्लिङका लागि ठोस नीति र पूर्वाधार तय गर्ने, व्यावसायिक सञ्जाल र साझेदारीलाई थप बलियो बनाउन सार्वजनिक-निजी साझेदारी मोडलमा सरकारी निकाय, नाडा, र वैदेशिक लगानीकर्ताबिच साझा एजेन्डामा सहकार्य गर्नेतर्फ पनि हामीले सरकारलाई दबाब दिएका छौं। अन्तर्राष्ट्रिय आबद्धतामा जोडिएर ग्लोबल अटोमोबाइल महासंघहरूसँगको सहकार्यमा नेपालमा आधुनिक ढुवानी र पर्यावरणमैत्री प्रविधि भित्र्याउने, पर्यावरणमैत्री यातायात र पार्ट-पुर्जा व्यवसायमा लगानी गर्न बैंकहरूसँग सुलभ ‘हरियो कर्जा’ सम्झौता गर्ने र दक्षजनशक्ति उत्पादनका लागि क्षमता अभिवृद्धि र तालिमबाट इभी मेकानिकको बलियो पहुँच विस्तार गर्ने अभियानमा पनि नाडाले विशेष रणनीति बनाएको छ। अहिले भइरहेको परम्परागत मेकानिक्सलाई इभी र आधुनिक ढुवानीका साधन मर्मत गर्ने उच्चस्तरीय तालिम दिएर सुरक्षित र पर्यावरणमैत्री ड्राइभिङमा पनि जोड दिएका छौं। सवारी साधनमा प्रयोग हुने ऊर्जा तथा इन्धन जोगाउन र सुरक्षित ढुवानी गर्न चालकहरूका लागि पनि नियमित सचेतना कार्यक्रम चलाउने लक्ष्यका साथ नाडाले आफ्नो काम अघि बढाइरहेको छ।

# सहभागी संख्या बढेपछि चिन्ता


**खेलाडी र पदाधिकारीको संख्या प्रारम्भिक अनुमानभन्दा बढी भएपछि आयोजक समितिले यस विषयमा तत्काल सम्बोधन गर्न आग्रह गरेको छ। सहभागी देशबाट अपेक्षाभन्दा बढी खेलाडीको नाम दर्ता भएपछि सम्भावित संख्या बढ्ने देखिएको छ। आयोजक समितिले दुई हजारसम्म बढी हुने भएपछि आफ्नो खेलकुदको शासकीय निकायलाई ध्यान दिन आग्रह गरेको छ।**

टोकियो, भदौ ८ (एजेन्सी)- आगामी २०औं एसियाली खेलकुदमा सहभागी हुने खेलाडी र पदाधिकारीको संख्या प्रारम्भिक अनुमानभन्दा बढी हुने भएपछि एसियन गेम्सको आयोजक समितिले यस विषयमा तत्काल सम्बोधन गर्न आग्रह गरेको छ।

सहभागी देशबाट अपेक्षाभन्दा बढी खेलाडीको नाम दर्ता भएपछि सम्भावित संख्या बढ्ने देखिएको सञ्चारमाध्यमले उल्लेख गरेका छन्। आयोजक समितिले दुई हजारसम्म बढी हुने भएपछि आफ्नो खेलकुदको शासकीय निकायलाई ध्यान दिन आग्रह गरेको छ। ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए) तथा अन्तर्राष्ट्रिय खेल महासंघहरूले संकलन गरेका तथ्यांकका आधारमा यस्तो अवस्था देखिएको हो। खेलाडी तथा पदाधिकारीको संख्या बढ्दा आयोजक समितिले थप आवास र खानाको व्यवस्था गर्नुपर्ने हुन्छ। यसले प्रतियोगिता आयोजना गर्ने लागतसमेत बढाउनेछ।

आइची प्रान्तमा सेप्टेम्बरको मध्यदेखि आयोजना हुने एसियाली खेलकुद आयोजक समितिले ओसिएलाई सहभागीको संख्या प्रारम्भिक रूपमा तय गरिएको १५ हजारमै सीमित गर्न आग्रह गरेको छ। 'यो विषयलाई तीव्र गतिमा सम्बोधन गरिनुपर्छ,' आयोजकका एक स्रोतले भने। खेलाडीको संख्या घटाउन कठिन देखिन्छ। ओसिएले प्रशिक्षक र अन्य पदाधिकारीको संख्या घटाउने विषयमा विचार गर्ने सम्भावना रहेको स्रोतहरूले बताएका छन्। यसैबीच ओसिएले जुलाईको अन्त्यतिर पठाएको पत्रमार्फत प्रतियोगिता स्थलको तयारीलाई तीव्र बनाउन पनि आयोजक समितिलाई चेतावनी दिएको छ।

एसियाली खेलकुदको सर्वोच्च निकायले आयोजक समितिसँग विस्तृत प्रतिवेदन माग गरेको छ। साथै तयारीको अवस्थाबारे मूल्यांकन गर्न अगस्टको मध्यतिर आफ्ना अधिकारीहरूलाई जापान पठाएको थियो। यसबाट खेलकुद महोत्सवको तयारी अन्तिम चरणमा प्रवेश गरिरहेका बेला ओसिएको चिन्ता व्यक्त गरेको दाबी छ। एसियाली खेलकुद आइची प्रान्तको नागोया र आसपासका अन्य सहरमा अक्टोबर ४ तारिखसम्म सञ्चालन हुनेछन्। केही खेलहरू भने टोकियो, गिफु, शिजुओका र ओसाका प्रान्तमा पनि आयोजना हुने तयारी छ।




**नागोयामा तयारी तीव्र**

एसियाली खेलकुद सुरु हुन अब एक महिनाभन्दा कम समय बाँकी छ। विभिन्न देशबाट आउने दर्शकलाई स्वागत गर्न नागोयाका व्यवसायी तथा स्थानीय अधिकारीहरूले तयारी तीव्र पारेका छन्।

किनमेल क्षेत्रको सडकमा विशेष भेषभूषा प्रदर्शन (कोस्प्ले परेड) आयोजना गर्नेदेखि होटलका कर्मचारीलाई विदेशी पाहुनालाई अझ राम्रो सेवा दिन प्रशिक्षण दिनेसम्मका तयारी भइरहेका छन्। नागोयाको मध्य भागमा रहेको ओसु किनमेल क्षेत्र सेप्टेम्बर १९ देखि अक्टोबर ४ सम्म हुने एसियाली खेलकुदलाई लक्षित गर्दै पाहुनालाई न्यानो स्वागत गर्ने योजनाका कारण निकै व्यस्त बनेको छ। जापानी परम्परागत चामलको परिकार मोची बनाउने तथा कुट्ने अनुभव पर्यटकलाई गराउने कार्यक्रम र कोस्प्ले परेड आयोजना गर्ने तयारी भइरहेको आयोजकको भनाइ छ। अन्तर्राष्ट्रिय परिकार पाइने रेस्टुरेन्ट, 'मेड क्याफे' तथा पुराना शैलीका कपडा पसलका लागि परिचित उक्त क्षेत्रमा १ हजारभन्दा बढी व्यवसाय छन्।

सप्ताहन्त तथा सार्वजनिक बिदाका दिन यहाँ दैनिक अनुमानित ७० हजारदेखि ८० हजारसम्म मानिस आउने गर्छन्। 'पाहुनालाई स्वागत गर्न हामी आफ्ना प्रयासलाई अझ तीव्र बनाउन चाहन्छौं,' ओसु किनमेल क्षेत्रको संघका अध्यक्ष ६७ वर्षीय

20th Asian Games
Aichi-Nagoya 2026

सोजी होत्ताले भने। उक्त संघले सहभागी देश तथा क्षेत्रका झन्डाले आफ्नो ढाकिएको बजार क्षेत्र सजाउने योजना बनाएको छ। साथै, पदक वितरण गर्ने मञ्चको नमुनामा आधारित फोटो खिच्ने स्थान पनि निर्माण गरिनेछ। एसियाली खेलकुदका समयमा उक्त क्षेत्रमा दैनिक आगन्तुकको संख्या १ लाख २० हजारदेखि १ लाख ४० हजारसम्म पुग्ने अपेक्षा गरिएको छ। नागोया सहरले वातावरण सुधार गर्ने कामलाई पनि अघि बढाइरहेको छ। सहरको मध्यभागबाट बग्ने होरिकावा नदीको पानीको गुणस्तर सुधार गर्ने परियोजना जुलाईमा सुरु गरिएको थियो।

यस सहरले पर्यटकीय जानकारी तथा अन्य सहयोग उपलब्ध गराउन करिब १ हजार दुई सय स्वयंसेवक पनि परिचालन गर्ने तयारी गरेको छ। एसियाली खेलकुदप्रति अझ व्यापक दर्शक आकर्षित गर्न आइची प्रान्तीय सरकारले केही विद्यार्थीलाई एसियाली खेलकुदसँगै अक्टोबर १८ देखि २४ सम्म आयोजना हुने एसियाली पारा खेलकुद हेर्न पनि अनुमति दिने भएको छ। विद्यार्थीहरूले यी प्रतियोगितामा सहभागी हुन वा हेर्न जाँदा बढीमा दुई दिनसम्म विद्यालयमा अनुपस्थित भए पनि गणना नगरिने व्यवस्था गरिएको छ।

## 'इन्फान्टिनोलाई प्रतिस्थापन गर्ने दौडमा छैन'

ज्युरिच, भदौ ८ (एजेन्सी)- युरोपेली फुटबल महासंघ (युइएफए) का अध्यक्ष अलेक्जेन्डर सेफेरिनले विश्व फुटबल महासंघ (फिफा) अध्यक्ष जियानी इन्फान्टिनोलाई प्रतिस्थापन गर्ने दौडमा आफू नरहेको स्पष्ट पारेका छन्। तर, आगामी मार्चमा इन्फान्टिनोको नेतृत्वलाई चुनौती दिने उम्मेदवार आउने उनको अपेक्षा छ।

फिफाका प्रतियोगिताहरूमा निजि लगानीकर्तालाई हिस्सेदारी बिक्री गर्ने इन्फान्टिनोको विवादास्पद योजना रद्द भएपछि उनी पदबाट हट्नुपर्ने माग उठ्दै आएको छ। व्यापक विरोधपछि उनले उक्त योजना अघि नबढाउने निर्णय पनि गरे। तर पनि इन्फान्टिनोमाथि आलोचना रोकिएको छैन। युरोपेली फुटबल महासंघले उक्त योजनाको सबैभन्दा कडा विरोध गरेको थियो। योजना रद्द नभए विश्वकप बहिष्कार गर्ने चेतावनी दिँदै उनका सदस्य राष्ट्रहरूले पनि मतदान गरे। इन्फान्टिनोमाथि विश्वाससमेत गुमेको युरोपेली फुटबलको भनाइ छ। त्यसैले इन्फान्टिनोको सम्भावित चुनौतीका रूपमा ५७ वर्षे सेफेरिनलाई लामो समयदेखि हेरिँदै आएको थियो। तर उनले सन् २०२७ मार्चमा हुने फिफा कंग्रेसमा अध्यक्ष पदका लागि उम्मेदवारी दिने आफ्नो कुनै योजना नरहेको स्पष्ट पारेका छन्।

'दुई कारणले म अध्यक्षमा लड्न इच्छुक छैन। पहिलो मलाई युरोपेली फुटबल महासंघ मन पर्छ र यहाँ काम गर्न आनन्द लाग्छ। कुनै समयमा जीवनलाई पनि केही हदसम्म आनन्द लिनुपर्छ भन्ने मलाई लाग्छ,' सेफेरिनले भने,'दोस्रो यदि म यो पदमा इच्छुक छैन भने मेरो विश्वसनीयता धेरै धेरै बढी हुन्छ।' ५६ वर्षे स्विस नागरिक इन्फान्टिनो समर्थनको अभावका कारण आफैं पदबाट हट्ने वा अर्को उम्मेदवारको चुनौती सामना गर्ने सेफेरिनको अपेक्षा छ। 'मलाई पर्याप्त समर्थन छैन भन्ने महसुस हुनुपर्छ। त्यो मतदान गर्नेहरूको राजनीतिक समर्थन मात्र होइन। फुटबल समुदायको समर्थन, समर्थकहरूको समर्थन, खेलाडीहरूको समर्थन, पूर्वखेलाडी र प्रशिक्षकहरूको समर्थन पनि हो,'इन्फान्टिनाबारे इंकित गर्दै उनले भने। साथै उनले इन्फान्टिनोको अर्को विकल्प पनि उल्लेख गरे।

'दोस्रो विकल्प उनी मार्चमा निर्वाचनमा जानु हो। तर त्यस अवस्थामा उनीविरुद्ध एउटा उम्मेदवार हुनेछ। त्यो उम्मेदवार को हुनेछ भन्ने अहिले भन्न सक्दिनँ,'सेफरिनले भने। इन्फान्टिनोले रद्द गरेको प्रस्तावमा फिफा फरवार्ड इन्टरप्राइज नामक नयाँ कम्पनी स्थापना गर्ने योजना थियो। उक्त कम्पनीले फिफाका सबै प्रतियोगिताका व्यावसायिक तथा टिकट बिक्रीसम्बन्धी अधिकार व्यवस्थापन गर्ने थियो। कम्पनीको २१ प्रतिशत हिस्सा निजी लगानी कम्पनीलाई बिक्री गर्ने प्रस्ताव पनि उल्लेख थिए। धेरै फुटबल संघहरूले इन्फान्टिनोलाई दिएको समर्थन फिर्ता लिएका छन्। युरोपेली फुटबल महासंघ, उत्तर तथा मध्य अमेरिकी तथा क्यारेबियन फुटबल महासंघ र एसियाली फुटबल महासंघले जारी गरेको खुला पत्रमा इन्फान्टिनोले 'विश्वास तोडेको' आरोप लगाएका थिए।

इङ्ल्यान्ड, स्कटल्यान्ड, वेल्स र उत्तरी आयरल्यान्डका फुटबल संघहरूले पनि इन्फान्टिनोलाई दिएको समर्थन फिर्ता लिए। यद्यपि दक्षिण अमेरिकी फुटबल महासंघ र अफ्रिकी फुटबल महासंघको समर्थन भने इन्फान्टिनोले अझै कायम राखेका छन्। युरोपेली फुटबल महासंघमा १६ वर्ष काम गरेका र त्यसमध्ये ९ वर्ष महासचिव रहेका इन्फान्टिनोले यस महिना विश्वभर भ्रमण गर्दै सार्वजनिक समर्थन जुटाउने प्रयास गरिरहेका छन्। शनिबार उनले डोमिनिकन रिपब्लिकमा क्यारिबियन फुटबल युनियनका सदस्यहरूसँग भेट गरेका थिए। आइतबार उनी फ्रान्सको राजधानी पेरिसमा आयोजित ईस्पोर्ट्स विश्वकपमा सहभागी भए।



उक्त कार्यक्रममा फ्रान्सेली राष्ट्रपति इम्यानुएल म्याक्रो, साउदी युवराज मोहम्मद बिन सलमान र पोर्चुगलका फरवार्ड क्रिस्टियानो रोनाल्डो पनि उपस्थित थिए। कसैले इन्फान्टिनोलाई उनी युरोपेली हुन् भनेर सम्झाउनुपर्ने भन्दै सेफेरिनले व्यङ्ग्य गरेका छन्। युरोपेली सुपर लिगका २० शीर्ष क्लबले युरोपेली फुटबल महासंघको च्याम्पियन्स लिगको विकल्पका रूपमा छुट्टै प्रतियोगिता सञ्चालन गर्ने प्रस्ताव थियो। तर सन् २०२१ अप्रिलमा घोषणा भएको केही दिनमै व्यापक आलोचनाका कारण उक्त परियोजना सफल भएन। सेफेरिनका अनुसार फिफाले प्रतियोगिताहरूमा हिस्सेदारी बेच्ने योजना अघि बढाएकोबारे युरोपेली फुटबल महासंघलाई कुनै पूर्वजानकारी थिएन।

परिवारसँग बिदामा रहेका बेला सञ्चारमाध्यमबाट योजनाबारे थाहा पाएको सेफेरिनले बताए। इन्फान्टिनोको रद्द गरिएको योजना सार्वजनिक हुनुअघि नै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग उनको सम्बन्धलाई लिएर उनीमाथि दबाब बढ्दै गएको थियो। यसै महिनाको सुरुआतमा ट्रम्पले इन्फान्टिनोलाई फिफा अध्यक्ष पदबाट हटाउनु 'भयानक गल्ती' हुने बताएका थिए।

## नेपाली टोलीको सुधारिएको प्रदर्शन




काठमाडौं, भदौ ८ (नागरिक)- लगातार दुई हारपछि नेपाल 'ए' ले अस्ट्रेलियामा जारी टप एन्ड टी ट्वान्टी सिरिजमा पहिलो जित निकालेको छ।

डार्विनमा सोमबार भएको खेलमा नेपाल 'ए' ले होबर्ट हुरिकेन्समाथि ३९ रनको जित निकाल्दै तीन खेलबाट पहिलो सफलता पाएको हो। मरारा क्रिकेट मैदानमा उत्कृष्ट बलिङका साथ पाएपछि नेपाली टोली जित निकाल्न सफल भयो। अघिल्ला दुई खेलमा ब्याटिङ र बलिङ दुवैमा खराब प्रदर्शन गर्दा नेपाल 'ए' ले खराब नतिजा सामना गर्नुपरेको थियो। कुल ९ टोली सहभागी प्रतियोगितामा पहिलो जितसँगै नेपाल सातौं स्थानमा उक्लिएको छ। गत संस्करणमा पनि नेपाली टोलीले हुरिकेन्सलाई हराएको थियो। यसपल्ट पनि त्यो नतिजा जारी रह्यो। होबार्टको भने तेस्रो हार हो। नेपालले एक सय ५५ रनको लक्ष्य दिएको थियो। तर, होबार्ट १८.३ ओभरमा मात्र ११५ रनमा अलआउट हुन पुग्यो।

नेपाली बलर कसिलो बलिङ गरे र होबार्टको जित रोके। होबार्टका ओपनर नितेश साम्युवेलले ३२ बलमा ३७ रन बनाए। उनको इनिङमा एक चौका र दुई छक्का थियो। होबार्टले पहिलो १० ओभरभित्र दुई विकेट मात्र गुमाएको थियो। तर, अर्को १० ओभरमा लगातार विकेट गुमाएपछि घरेलु टोली तेस्रो हारको संघारमा पुग्यो। कप्तान निभेथन राधाकृष्णन् र टिम वार्ड मात्र लामो समयसम्म क्रिजमा रहे। पाँचौं नम्बरका वार्डले २३ र कप्तान निभेथनले २० रन बनाए। अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेन। नेपालको बलिङमा नारायण जोशीले तीन तथा शाहब आलम र पवन शराफले समान दुई विकेट लिए। एक विकेट विपिन खत्रीको नाममा रह्यो।

विपिनले राम्रो प्रदर्शन गरे। चार ओभर फ्याकेका उनले १५ रन मात्र दिँदै किफायती बलिङ गरे। दुई वटा रनआउटमा पनि विपिनको भूमिका रह्यो। नारायण म्यान अफ दी म्याच पनि भए। 'गत वर्ष पनि होबार्ट हरिकेन्सलाई हराएका थियौं। त्यसैले खेलअघि निकै आत्मविश्वासी थियौं। लामो बाउन्ड्रीलाई ध्यान दिएर योजनाअनुसार खेल्यौं। सफल पनि भयौं,'नारायणले भने,'आजको खेलबाट धेरै सकारात्मक कुरा लिएका छौं। यही आत्मविश्वासका साथ अर्को खेलमा जानेछौं।' त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको नेपालको सुरुआत राम्रो हुन सकेन। दोस्रो ओभरमै ओपनर तृतराज दासलाई १० रनमै गुमाउन पुग्यो। तर, पूरै ओभर समाप्तीमा नेपालले आठ विकेट गुमाउँदै १५४ रनको योगफल बनायो। तेस्रो नम्बरमा आएका कुशल भुर्तेलले ३४ बलमा ३९ रन जोड्दै समालिएको इनिङ खेले। उनको इनिङमा ६ चौका रह्यो। ओपनर मयन यादवले ३१ र कप्तान अनिल साहले २८ रन बनाए। होबार्टको बलिङमा राफ म्याकमिलनले सर्वाधिक तीन विकेट लिए। मार्कस बेनले दुई तथा ब्राड्ली होप र राधाकृष्णनको नाममा समान एक विकेट रह्यो।

नेपालले सुरुआती दुई खेलमा हारको सामना गरेको थियो। नेपाल 'ए' पहिलो खेलमा एनटी स्ट्राइकर्ससँग आठ विकेटले पराजित भएको थियो। दोस्रो खेलमा नेपाली टोली बंगलादेश हाइ पर्फर्मेन्स टिमसँग ९ विकेटले पराजित हुन पुग्यो। अब नेपालले बुधबार आफ्नो चौथो खेलमा अस्ट्रेलियन क्यापिटल टेरिटोरीसँग प्रतिस्पर्धा गर्नेछ।

## थन्डरबोल्ट्स पौडीमा जेम्सका कल्किन उत्कृष्ट

काठमाडौं, भदौ ८ (नागरिक)- जेम्स स्कुल धापाखेलद्धारा आयोजित दुईदिने थन्डरबोल्ट्स कप पौडी प्रतियोगिता सम्पन्न भएको छ।

प्रतियोगितामा ८१ विद्यालयका ३ सय ४५ खेलाडीहरूले भाग लिएका थिए। उनीहरूले विभिन्न १० क्याटेगोरीको ७९ इभेन्ट्समा प्रतिस्पर्धा गरे। प्रतियोगितामा यु-१८ पुरुषतर्फ जेन्स स्कुलका कल्किन श्रेष्ठ र महिलामा द बृटिस स्कुलकी रोयल प्रजापति उत्कृष्ट खेलाडी घोषित भए। यु-१४ को पुरुषतर्फ जेम्स स्कुलका मायोन श्रेष्ठ र महिलामा सेन्ट म्यारिज सेकेन्डरी स्कुलकी देभान्सी जोशी उत्कृष्ट भइन्।

यु-१२ तर्फ निसर्गवाटिका स्कुलका साहश शाक्य र महिलामा प्राइम इन्टरनेसनल आइबी स्कुलका इभाना श्रेष्ठ उत्कृष्ट घोषित भए। यु १० ब्वाइजतर्फ जेम्सका चिराग महर्जन र गर्ल्समा युरो स्कुलका बेट्टी श्रेष्ठ उत्कृष्ट खेलाडी भए। यु-८ मा ब्वाइजमा बृहस्पती विद्यासदनका केवत सिंह र कौतिक शर्मा संयुक्त रुपमा उत्कृष्ट भए। गल्सतर्फ युनिग्लोब सेकेन्डरी स्कुलकी भिदी गोयल उत्कृष्ट खेलाडी बनिन्।




**NIC ASIA**
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

### ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा नियम बमोजिम ऋणी तथा जमानतकर्तालाई समेत कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्ने र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताको चल अचल श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने ब्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | जमानीकर्ताहरुको विवरण |
|---|---|---|
| १ | **कर्जाको किसिम: व्यक्तिगत कर्जा**<br>**ऋणी : निता तामाङ्ग कार्की**<br>स्थायी ठेगाना : उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ५<br>हालको ठेगाना : मोरङ जिल्ला, बेलबारी न.पा. वडा नं. ३<br>बाबु : बल बहादुर तामाङ्ग<br>ससुरा : तेज बहादुर कार्की<br>पति : सज्जन कुमार कार्की | **१) सज्जन कुमार कार्की**<br>ठेगाना : मोरङ जिल्ला, बेलबारी न.पा. वडा नं. ३<br>बाबु : तेज बहादुर कार्की<br>बाजे : पदम बहादुर कार्की<br>**२) जेसिका कार्की**<br>स्थायी ठेगाना : उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. २<br>हालको ठेगाना : मोरङ जिल्ला, बेलबारी न.पा. वडा नं. ३<br>बाबु : सज्जन कुमार कार्की<br>बाजे : तेज बहादुर कार्की |
| २ | **कर्जाको किसिम: व्यक्तिगत कर्जा**<br>**ऋणी : लक्ष्मी श्रेष्ठ**<br>**स्थायी ठेगाना :** मोरङ जिल्ला, बबियाविर्ता गा.वि.स. वडा नं. ३<br>**हालको ठेगाना :** मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १०<br>**बाबु :** मिन बहादुर श्रेष्ठ<br>**ससुरा:** सह बहादुर श्रेष्ठ<br>**पति :** लाल बहादुर श्रेष्ठ | **लाल बहादुर श्रेष्ठ**<br>स्थायी ठेगाना : मोरङ जिल्ला, बबियाविर्ता गा.वि.स. वडा नं. ३<br>हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १०<br>बाबु : सह बहादुर श्रेष्ठ<br>बाजे : भिमसेन श्रेष्ठ |
| ३ | **कर्जाको किसिम: व्यक्तिगत कर्जा**<br>**ऋणी :** डम्बरु नेपाल<br>ठेगाना : झापा जिल्ला, मेचिनगर न.पा. वडा नं. १०<br>बाबु : राधा कृष्ण नेपाल<br>बाजे : काशी नाथ नेपाल | **टंक कुमारी कट्टेल**<br>ठेगाना : झापा जिल्ला, मेचिनगर न.पा. वडा नं. १०<br>बाबु : अम्बिका प्रसाद कट्टेल<br>ससुरा : राधा कृष्ण नेपाल<br>पति : डम्बरु नेपाल |
| ४ | **कर्जाको किसिम : व्यक्तिगत कर्जा**<br>**ऋणी: दिपक पासवान**<br>ठेगाना : मोरङ्ग जिल्ला, जहदा गा.पा. वडा नं. २<br>बाबु : रामदेव पासवान<br>बाजे : किसन लाल पासवान | |
| ५ | **कर्जाको किसिम : व्यक्तिगत कर्जा**<br>**ऋणी: राजेश कुमार शाह**<br>स्थायी ठेगाना : बाजुरा जिल्ला, कुनदेवमाण्डौ गा.वि.स. वडा नं. २<br>हालको ठेगाना : काठमाडौं जिल्ला, टोखा न.पा. वडा. नं. ५<br>बाबु : लोक बहादुर शाह<br>बाजे : कर्ण बहादुर शाह | |
| ६ | **कर्जाको किसिम : व्यक्तिगत कर्जा**<br>**ऋणी: जिना प्रजापति गिरी**<br>ठेगाना : चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. ४<br>बाबु : जीवन प्रजापति<br>ससुरा : कमल गिरी<br>पति : असिम गिरी | **राधा गिरी**<br>स्थायी ठेगाना : चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १<br>हालको ठेगाना : चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. ४<br>बाबु : दुण्डीराज गिरी<br>ससुरा : जगनाथ गिरी<br>पति : कमल गिरी |

नोटः ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

**नेपाल रिपब्लिक मिडिया**द्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, सम्पादक : बालकृष्ण अधिकारी